पोखरा दर्पण त्रैमासिक बुलेटिन

वर्ष १३, । अंक २२ । २०७६ असार

- संरक्षक
  **मानबहादुर जिसी**
  प्रमुख
  **मञ्जुदेवी गुरुङ**
  उपप्रमुख
  **शेषनारायण पौडेल**
  प्रमुख प्रशासकीय अधिकृत

- सम्पादक मण्डल
  संयोजक
  **माधवप्रसाद बराल**

- सदस्य
  **नवराज सापकोटा**
  **एकराज गिरी**
  **सोमनाथ लम्साल**
  **मन क्षेत्री**

- प्रकाशक
  **पोखरा महानगरपालिका**
  **नगरकार्यपालिकाको कार्यालय**
  न्यूरोड, पोखरा


**सम्पर्क नं.**
**+९७७ ६१ ५२५३४०, ५२११०४, ५२११०५**
**फ्याक्स नं. +९७७ ६१ ५२०६००**
Email: info@pokharamun.gov.np
website : www.pkharamun.gov.np
www.facebook.com/pokharamun


## सम्पादकीय

# बजेटको अर्जुनदृष्टि

पोखरा महानगरपालिकाको पाँचौ नगर सभाले आर्थिक वर्ष २०७६/०७७ को नीति, कार्यक्रम र वार्षिक बजेट पारित गरेको छ । बजेट ७ अर्ब ५४ लाखको छ । नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा संविधानको मर्म समेटेका छौं । स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई पालना गरेका छौं । नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम, चालु आवधिक योजना, दीगो विकासका लक्ष्य, पोखरा महानगरको बस्तुगत अवस्था, विकासको हालको अवस्था र आवश्यकतालाई ख्याल गरेका छौं ।

पोखरा महानगरका आफ्नै विशिष्टता र विविधता छन् । नगरको मुख्य बजार क्षेत्रमा सहरी विकासले गति लिएको छ । धेरै भूभाग भने ग्रामीण पहाडी क्षेत्र छ । त्यसैलाई ध्यान दिएर पूर्वाधार विकास बजेटको केन्द्रमा छ । ग्रामीण भेगलाई महानगरपालिको अनुभूति दिलाउने र मुख्य बजार क्षेत्रसँग जोड्ने योजना प्राथमिकतामा छ । त्यसैले खुद्रा मसिना योजना र कार्यक्रमभन्दा बेसी ठूला पूर्वाधारमा बजेट धेरै राखिएको छ । जसले महानगरपालिकाभित्र पूर्वाधार विकासले फड्को मार्ने हाम्रो विश्वास छ । पूर्वाधारको पनि पूर्वाधार सडक भएको हुँदा पहाडी ग्रामीण भेगलाई सडक सञ्जालले मुख्य बजार क्षेत्र जोड्ने हाम्रो प्राथमिक योजना बनेको छ । महालेखा परीक्षकको प्रतिवेदनले पनि हामीलाई त्यस्तै निर्देश गरेको छ । निर्देशअनुसारै उपभोक्ता समितिमार्फत् सञ्चालन हुने योजना कम बनाइएको छ । टेन्डर मार्फत् विकास योजना कार्यान्वयन गर्ने कुरा प्राथमिकतामा छ ।

विकास जनताका लागि हो । राज्यले ध्यान दिनुपर्ने जनता भनेका जो फरक क्षमताका छन्, जो अपांगता भएका छन्, जो ज्येष्ठ नागरिक छन् र विविध पक्षबाट पछाडि परेका छन्, तिनै हुन् । पोखरामहानगर यस मामलामा संवेदनशील छ । कला, भाषा र संस्कृतिको मौलिकलाई जोगाइराख्ने मामलामा सचेत छ । बजेटले ती मामला र मुद्दालाई सम्बोधन गरेको छ ।

पोखरालाई अन्तर्राष्ट्रिय स्तरको स्मार्टसिटी बनाउने हाम्रो अर्जुनदृष्टि छ । बजेटको अर्जुनदृष्टि पनि त्यसैमा छ । बजेटमा पूर्वाधार विकास र दीर्घकालीन विषयसँग केन्द्रमा रहनु त्यसैको द्योतक हो । सूचना प्रविधिमैत्री सेवा त्यसैको उपज हो । सुशासनयुक्त र भ्रष्टाचारमुक्त महानगरपालिका पोखराको सत्यप्रयासमा हामी कुनै सम्झौता गर्न चाहदैनौं । गर्दैनौं । नगरबासीप्रति सधैं उत्तरदायी रहने बाचा फेरि पनि दोहोर्‍याउँछौं ।

# पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## गण्डकी प्रदेश, नेपाल

## पोखरा महानगरपालिकामा दाखिला गर्नुपर्ने कर, दस्तुरहरुको विवरण

| क्र.स | सेवाग्राहिको प्रकार | कर, दस्तुर, शुल्कको प्रकार |
|---|---|---|
| १. | घरजग्गा हुनेले | सम्पत्तिकर, मालपोत भूमिकर |
| २ | उद्योग, पेशा तथा सेवा व्यवसायले | व्यवसाय कर |
| ३. | घरजग्गा बहालमा लगाउनेले | बहाल कर |
| ४. | विभिन्न किसिमका सेवालिए वापत | सेवा शुल्क, दस्तुर |
| ५. | घर निर्माण गर्नेले | नक्सापास दस्तुर |
| ६ | सिनेमाहल, फनपार्क, नाट्यशाला मेला महोत्सव आदि | मनोरञ्जन कर |
| ७ | पर्यटन सम्बन्धी कार्य गर्नेले | पर्यटन कर |
| ८ | प्रचार प्रसार गर्ने सबैले | विज्ञापन कर |
| ९ | सरसफाइ सेवाशुल्क | व्यवसायी, घरधनी |
| १० | महानगरको नियम उल्लंघन गर्नेले | दण्ड जरिवाना |

१) पोखरा महानगरपालिका कार्यालयमा तपसिल बमोजिमका कर, दस्तुर र सेवाशुल्कहरु समयमै दाखिला गरी दण्ड जरिवाना बाट बचौं । तपाईले तिरेको कर तपाईको नगर निर्माणको लागि प्रयो ग हुने भएकोले कर तिरेर नगर विकासमा सहभागी बनौं । समयमै कर तिरेर सभ्य नागरिकको परिचय दिऔं । विस्तृत जानकारी पोखरा महानगरपालिकाको वेबसाइट **www.pokharamun.gov.np,** राजश्व प्रशासन शाखा फोन ५२०३९२ वा सम्बन्धित वडा कार्यालयहरु बाट लिन सकिनेछ ।

२) माथि उल्लेखित कर, दस्तुरहरु महानगरपालिकाको राजश्व प्रशासन शाखा र सम्बन्धित वडा कार्यालयमा दाखिला गर्न सकिने छ ।

**पोखरा महानगरपालिका**

नगर कार्यपालिकाको कार्यालय




# पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीद्वारा महानगरको पाँचौ नगरसभामा प्रस्तुत

# आर्थिक वर्ष २०७६/०७७ को

# नीति तथा कार्यक्रम

**माननीय मुख्यमन्त्रीज्यू,**
**संघ र प्रदेशका माननीय सांसदज्यूहरु,**
**नगर सभासदज्यूहरु, पत्रकार मित्र तथा**
**उपस्थित सम्पूर्ण महानुभावहरु।**

- नेपालको संविधानले व्यवस्था गरे बमोजिम विकास र सम्वृद्धिका लागि स्थानीय सरकारहरु सञ्चालनमा आई संघीय लोकतान्त्रिक गणतन्त्र पूर्ण संस्थागत हुनेतर्फ उन्मुख भएको छ। संघ, प्रदेश र स्थानीय सरकारबीचको समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्त र मर्म अनुसार संघीय सरकार र गण्डकी प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम समेतलाई आत्मसाथ गर्दै स्थानीय सरकार सञ्चालनको दुई वर्ष सिकाइ र भो गाइमार्फत् थप उर्जा संगाल्दै पोखरा महानगरपालिकाको पाँचौ नगरसभामा आ.व.२०७६/२०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरव महशुस गरेको छु ।
- राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र, र जनजीविका प्राप्तिको आन्दोलनका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । सहिदको सपना र मार्गदर्शन अनुरुपको विकासलाई सार्थक तुल्याउने यात्रामा हामी सबैलाई प्रेरणा मिल्ने अपेक्षा यस घडीमा गर्न चाहान्छु ।
- पोखरा नगरका आफ्नै खाले विशिष्टता र विविधताहरु रहेका छन् । त्यस्तो विशिष्टता र विविधतालाई सन्तुलित ढंगले व्यवस्थापन गर्नु पर्दछ भन्ने हाम्रो मान्यता रहेको

छ । एकातिर नगरको मुख्य बजार क्षेत्रमा सघन सहरी विकासले गति लिएको छ भने अर्कोतिर धेरै वडाको भूगोल पहाडी रहेकाले पहाडी क्षेत्र विशेष पूर्वाधार र विकास कार्यक्रमलाई अगाडि बढाइएको छ । समथर र पहाडी दुबै भौगोलिक परिवेशलाई मध्य नजर गर्दै तदनुकुलको नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

- आ.व. २०७६/२०७७ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम,चालू आवधिक योजना, दीगो विकासका लक्ष्य, पोखरा महानगरको वस्तुगत अवस्था,विभिन्न राजनीतिक दल, संघ संस्था,प्रवुद्ध वर्ग तथा नागरिक समाजका प्रतिनिधिहरुको सुझावहरुका साथै कार्य अनुभवहरुलाई महत्वपूर्ण आधारको रुपमा लिएको छ ।

**नगर सभासद्ज्यूहरू**

पोखरा महानगरपालिकामा चालू आर्थिक वर्षमा सम्पादन भएका महत्वपूर्ण क्रियालाप र उपलब्धिहरूलाई बुँदागत रूपमा पेश गर्ने अनुमति चाहन्छु ।

**१. पूर्वाधारतर्फ**

पूर्वाधार निर्माण कार्यक्रममा चालू आर्थिक वर्षमा २ अर्ब ४३ करोड लागतमा १ सय ४७ वटा योजनाहरुको टेन्डर प्रक्रिया पूरा गरी काम अगाडि बढाइएको छ । मेयर नमुना पूर्वाधार योजना अन्तर्गत मुख्य सहरी सडक अस्फाल्ट कंक्रिट गर्ने प्रक्रिया सुरु भएको छ । भौतिक पूर्वाधारमा थप गुणस्तरीयता कायम गर्न सडक विज्ञको रुपमा छुट्टै प्राविधिक व्यवस्था गर्नुका साथै निर्माण सामग्रीको गुणस्तर कायम गर्नका लागि गुणस्तर मापन प्रयोगशाला सञ्चालनको लागि पूर्वाधार तयार गरिएको छ । चालू आर्थिक वर्षमा १५ किमी बाटो ढलान, १० किमी सडक कालोपत्रे, २४ किमी सडक मर्मत, ३७ किमी सडक स्तरोन्नति, साढे ४ किमी ढल तथा नाली निर्माण र ५६ किमी खानेपानी पाइपलाइन विस्तार गरिएको छ ।

**२. कनेक्टिङ सडक**

सडक सबै पूर्वाधारको पनि पूर्वाधार हो । क्षेत्रफलको हिसाबले सबैभन्दा ठूलो महानगर पोखराले सडक पूर्वाधारको विकासलाई प्राथमिकतामा राखेको छ । महानगरका सबै ३३ वटै वडाहरुलाई एक आपसमा स्तरीय सडक सञ्जालबाट जोडी विकटलाई निकटमा ल्याउने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइएको छ । चालू आर्थिक वर्षमा महानगरपालिकाको कार्यालयबाट सबै वडाको केन्द्रसम्म जोड्ने २७ वटा पहुँच मार्ग अर्थात कनेक्टिङ सडक आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने गरी १ अर्ब १६ करोड बराबरको टेन्डर भई काम अगाडि बढेको छ ।

**३. समपुरक सडक**

केन्द्र सरकारको ४० प्रतिशत र स्थानीय सरकारको ६० प्रतिशत लागत सहभागितामा ५ वटा सडक योजनाहरुको बहुवर्षीय ठेक्का सम्झौता भइसकेको छ । आर्थिक वर्ष ०७६/०७७ मा २९ किमी सडक स्तरोन्नति गरिने छ । १५ किमी. पक्की नाली निर्माण, १० किमी सडक ग्राभेलिङ तथा ८ किमी सडक कालोपत्रे गर्ने लक्ष्य लिइएको छ । गण्डकी प्रदेश सरकारसँगको सहकार्यमा नमुना सडक अन्तर्गत पोखरा चक्रपथ निर्माणको लागि पहल गरिने छ ।

**४. भवन निर्माणतर्फ**

वडा समितिका कार्यालयहरुको भवनको पूर्वाधार विकास गरी सुविधा सम्पन्न तुल्याई सेवा प्रवाहलाई थप प्रभावकारी तुल्याउन चालू आ.व.०७५/७६ मा ८ वटा वडा कार्यालयको निर्माण कार्य सम्पन्न भएको छ । चालू आ.व.मा बहुवर्षीय ठेक्का सम्झौता भई निमार्णाधीन ७ वडा कार्यालय यस आ.व. ०७६र७७ मा सम्पन्न गने लक्ष्य लिइएको छ । बाँकी वडा कार्यालय भवनहरुको जग्गाको उपलब्धता एवं आवश्यकताको आधारमा नयाँ भवन निर्माण तथा पुराना भवनहरुको मर्मत संभार गरिनेछ । पोखरा सभागृह भवनको डिजाइन कार्य अन्तिम चरणमा पुगेकोले उक्त डिजाइनलाइ अन्तिम रुप दिइ ठेक्का व्यवस्थापन गरी आ.व. ०७७/०७८ मा सम्पन्न गर्ने लक्ष्य लिएको छ ।

**५. खानेपानी तर्फ**

साविक लेखनाथबासीलाई शुद्ध खानेपानी उपलब्ध गराउने उद्देश्यका लागि चालू आर्थिक वर्षमा लेखनाथ साना सहरी खानेपानी आयोजनामा पानी शुद्धीकरण प्लान्ट जडान गने कार्य सम्पन्न भएको छ । बेगनास, भरतपोखरी, कृष्ती, निर्मलपोखरी, माझठाना, लगायतका आयोजनामा साझेदारी तथा अन्य साना खानेपानी आयोजनामा १२ करोड लगानी गरी कार्य अगाडि बढाइएको छ ।

**६. ताल संरक्षण**

फेवाताल संरक्षणका लागि प्रदेश सरकारसँगको सहकार्यमा सिल्टेसन ड्याम निर्माण कार्यका लागि चालू आर्थिक वर्षमा ठेक्का प्रक्रिया अगाडि बढेको र यो आर्थिक वर्षमा काम सुरु भई आर्थिक वर्ष ०७७/७८ मा सम्पन्न गर्ने लक्ष्य लिइएको छ । पोखरामा रहेका अन्य तालहरुको संरक्षण र प्रवर्द्धनका कार्यहरुलाई पनि निरन्तरता दिइएको छ ।

**७. स्थानीय कानुन निर्माण**

चालू आर्थिक वर्षमा आठ वटा ऐन तथा जनप्रतिनिधि र कर्मचारीसँग सम्बन्धित दुई वटा आचारसंहिता निर्माण गरिएको छ । नेपालको संविधान एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्देश गरे बमोजिम हालसम्म ६ वटा नीति, ८ वटा ऐन, १२ वटा नियमावली, १५ वटा निर्देशिका, १७ वटा कार्यविधि गरी ५८ वटा कानुन निर्माण गरी स्थानीय राजपत्रमा प्रकाशित गरिएको छ ।

**८. सार्वजनिक सेवा प्रवाह र सुशासन**

नागरिकलाई अधिकांश सेवाहरु वडा स्तरमै उपलब्ध गराउने र महानगरलाई नीति, कार्यक्रम, समन्वय, अनुगमन र सहजीकरणका काममा केन्द्रित गर्ने नीति लिइएको छ । महानगर र वडा कार्यालयहरुको आन्तरिक प्रशासन र व्यवस्थापनमा सुधार गरिएको छ । कर्मचारीको आचरण, व्यवहारमा अपेक्षित रुपमा सुधारल्याई नागरिकलाई सुशासनको प्रत्याभूति दिलाउन र भ्रष्टाचार विरुद्ध शून्य सहनशिलताको नीति लिई गैरकानुनी काम गर्ने जो कोहीलाई कारबाहीको दायरामा ल्याउन पहल गरिएको छ । कर्मचारी सुविधाको लागि स्टाफ बस सञ्चालन गरिएको छ । आर्थिक सुशासन र मितव्ययिता प्रवर्द्धन गरिएको छ । अधिकांश वडाका सचिवमा अधिकृत स्तरका कर्मचारीहरु खटाएको छ ।

**९. स्मार्ट सिटी**

स्मार्ट सिटी पूर्वाधार अन्तर्गत सबै वडा कार्यालयमा इन्टरनेट इन्ट्रानेट प्रणाली जडान गरी महानगर र वडाको सेवा प्रवाहलाई प्रविधि मैत्री बनाउँदै लगिएको र महाशाखा/शाखाहरुमा नेटवर्किङ गरी ई–गभर्नेस मा जोड दिइएको छ । पोखराका मुख्य चोकहरुमा सिसिटिभी क्यामरा जडान गरिनुका साथै मुख्य बजार क्षेत्रमा सिसिटिभी जडानको लागि सर्भे सम्पन्न गरिएको छ । चालू आर्थिक वर्षमा १० हजार पुराना घर नक्साका कागजातलाई विद्युतीकरण गरी अभिलेख राखिएको छ । पोखराको महत्वपूर्ण सूचना समेटिएको म्याप बुक तयार गरी प्रकाशन गरिएको छ । भण्डारढिकमा आरएफआइडीमा आधारित पुस्तकालय स्थापनाको काम भइरहेको छ ।

**१०. न्याय सम्पादन**

न्यायिक समितिमा परेका २७ वटा उजुरी मध्ये ५ वटाको फैसला भइसकेको र ३ वटा दरपिट गरिएको छ । बाँकी १९ वटा उजुरीहरुको निरुपण गर्ने कार्य भइरहेको छ । अहिलेसम्म नागरिकहरुबाट ३ सय ५७ वटा ठाडो उजुरी परेकोमा ३ सय २ वटा उजुरीको फछ्र्यौट भई ५५ वटा उजुरी कारबाही प्रक्रियामा रहेको छ । स्थानीय तहका लागि न्यायिक समितिको अवधारण नयाँ अभ्यास समेत भएकाले सो बारे नागरिकलाई सुसूचित गर्न प्रचार सामग्री प्रकाशित गरी वितरण गरिएको छ । महानगरपालिकामा ८८ मेलमिलाप कर्ताहरु सूचिकृत भएका छन् । महानगरपालिकाको १० वटा वडाहरुमा मेलमिलाप केन्द्र स्थापना भएको छ । बाँकी २३ वटा वडामा मेलमिलाप केन्द्र स्थापनाको लागि ८९ जना मेलमिलाप कर्तालाई आठ दिवसीय आधारभूत तालिम प्रदान गरिएको छ । न्याय सम्पादनलाई सहज बनाउन इजलासको स्थापना गरिएको छ । महिलाहरुको लागि निशुल्क कानुनी परामर्श कक्ष स्थापना गरेर आवश्यक परार्मश र सहयोग भइरहेको छ ।

**११. हामी बनाउँछौ हाम्रो महानगर**

हामी बनाउँछौं हाम्रो महानगर कार्यक्रम सञ्चालन गरी भित्री तथा साना सडक तथा खानेपानी आयोजना निर्माणको काम अगाडि बढाइएको छ । सहरी सडक सञ्जालमा धुले सडक लगभग २५ प्रतिशतमा सीमित गरिएको छ । महानगरबासीहरूलाई आफ्नो टोल बस्तीमा सञ्चालन हुने विकास निर्माणका कार्यहरूमा महानगरको ५० प्रतिशत र टोलबासीको ५० प्रतिशत लागत साझेदारीमा हामी बनाउँछौं हाम्रो महानगर कार्यक्रम सञ्चालन गरी चालू आर्थिक वर्षमा ७० योजनाबाट १९ करोडको पूर्वाधार निर्माण भएको छ ।

**१२. हाम्रो प्रयास, अन्तर्राष्ट्रिय सहर निर्माणको अभ्यास**

सडकको मापदण्ड कायम गरी सडक, फुटपाथ र चोकहरुलाई फराकिलो बनाई सौन्दर्यीकरण गर्ने कार्य अगाडि बढाइएको छ । महानगरपालिका क्षेत्र भित्र निर्माण गरिएका मुख्य तथा कनेक्टिङ सडकको मापदण्ड निर्धारण गरी कार्यान्वयनमा ल्याइएको छ । भवन तथा पूर्वाधार निर्माणको मापदण्डलाई समयानुकल परिर्वतन गरी व्यवहारिक र कार्यान्वयन योग्य बनाइएको छ । सडक समस्याको रुपमा रहेका छाडा चौपायालाई वडा नम्बर १४ बाच्छीबुडुवास्थित खाली जग्गामा अस्थायी संरचना निर्माण गरी व्यवस्थापन गरिएको छ ।

**१३. उपप्रमुखसँग महिला**

महिलाहरुलाई आर्थिक रुपमा सवल र सक्षम बनाई सामाजिक रुपमा स्थापित गर्न उपप्रमुखसँग महिला कार्यक्रम मार्फत् लक्षित वर्गको सशक्तीकरण एवं क्षमता विकासका कार्यक्रमहरु सञ्चालित गरिएको छ । सहकारीसँग सहकार्य अन्तर्गत ९ वटा सहकारी, ५ महिला समूह र १४ वटा संस्थालाई ऋण उपलब्ध गराइएको छ । ५० महिला उद्यमी, ५ सय महिला रोजगार अन्तर्गत नयाँ उद्योग सञ्चालन र पुरानो उद्योगको स्तरोन्नति गर्ने गरी ९ वटा उद्योग सञ्चालनमा सहयोग गरिएको छ । कृषि, पशु, व्यापार र व्यवसाय प्रवर्द्धनको लागि ४४ जना महिलालाई ऋण लगानी गरिएको छ । वडा वडामा शैक्षिक सहजता ल्याउनका लागि पहिलो चरणमा ३ वडामा शैक्षिक सहजता कार्यक्रम, ४ स्थानमा कानुनी सचेतना कार्यक्रम सञ्चालन गरिएको छ ।

**१४. सामाजिक सुरक्षा**

ज्येष्ठ नागरिक, एकल महिला र दलित नागरिकहरुलाई परिचयपत्र वितरण गरी सामाजिक सुरक्षा सम्बन्धी कार्यलाई सरलीकरण गरिएको छ । महिलाहरुको क्षमता विकासको लागि महिलासँग उपप्रमुख कार्यक्रम, बालमैत्री कार्यक्रम, आय आर्जनका कार्यक्रमसहित कार्यक्रमहरु सञ्चालन गरिएको छ । जीविकोपार्जनमा सहयोगी बन्ने आयमूलक तथा सीपमूलक कार्यक्रम वडा वडामा सञ्चालन गरिएको छ । प्रदेश सरकारसँगको समन्वयमा महानगरपालिकाले महिला सुरक्षित आवासगृह सञ्चालनको तयारी गरिएको छ । महानगरपालिका भित्रका ८९ जना सडक

बालबालिकाको पहिचान गरी उनीहरुको पुनर्स्थापनाको लागि गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालयसँगको सहकार्यमा अन्नपूर्ण गाउँपालिकाको ल्याडेमा रहेको बालगृह सञ्चालन प्रक्रिया अगाडि बढाइएको छ ।

**१५. शिक्षा**

महानगर शिक्षा नियमावली निर्माण गरी महानगरपालिकाबाटै माध्यामिक तहसम्मको शिक्षाको व्यवस्थापन गरिएको छ । बालमैत्री शिक्षाको अवधारणा अनुरुप धुलोमुक्त कक्षा सञ्चालनका लागि विद्यालयहरुमा ह्वाइटबोर्ड वितरण र बालमैत्री शिक्षण पद्धतिको अवलम्बन गरिएको छ। महानगर भित्र रहेको सामुदायिक विद्यालयका कक्षाकोठालाई धुलो मुक्त बनाइएको छ । सबै विद्यालयहरुलाई क्रमशः सूचना र प्रविधिमा आधारित स्मार्ट विद्यालयको रुपमा विकास गर्ने गरी हाल कालिका मावि र त्रिभुवन शान्ति माविको विस्तृत गुरुयोजना निर्माण गरिएको छ । महानगर बहु प्राविधिक शिक्षालयको सञ्चालनको निम्ति पश्चिमाञ्चल क्याम्पससँग सहकार्य गर्ने गरी आवश्यक प्रक्रिया सुरु गरिएको छ । शिक्षा परिषद्‌बाट गठित कार्यदलले गरेको सुझाव अनुसार तयार गरिएको वर्तमान बस्तुगत शैक्षिक अवस्थाका आधारमा शिक्षा सम्बन्धी नीति तय गरिने छ ।

**१६. कृषितर्फ**

पोखरा महानगरपालिका वडा नम्बर २७ तालचोकमा कृषि बजार तथा कस्टम हायरिङ केन्द्र स्थापना र बिरौटामा कृषक बजार स्थापना गरी बिचौलियाको न्यूनीकरण गरी किसानहरुलाई सहज बजार पहुँच विस्तारको कार्य थालनी भएको छ । मेयर प्रविधि मैत्री कृषि परियोजना सञ्चालन गरी किसानलाई आर्थिक सहयोग गरिएको छ । १ सय स्थानमा थोपा सिँचाइ र १ सय वटा साना सिँचाइ योजना सञ्चालन गरी कृषियोग्य क्षेत्र एवं सिञ्चित क्षेत्रको विस्तार गरिएको छ । हाल सम्म ६ सय वटा कम्पोस्ट बिन वितरण गरी घरमै कम्पोस्ट मलको उत्पादनसहित कौसी खेतीको प्रवर्द्धन गरी वातावरण संरक्षण, फोहोरको व्यवस्थापन र सहरी हरियाली प्रवर्द्धन गरिएको छ । कृषिमा यान्त्रिकीकरण गर्ने एवं नयाँ प्रविधि भित्र्याउने कार्यलाई प्राथमिकता दिइएको छ । ६० वटा स्थायी प्लास्टिक घर निर्माण र ४ सय ५० वटा अस्थायी प्लास्टिक घर निर्माण गरेर बेमौसमी तरकारी खेती प्रवर्द्धन गरी तरकारी आयातलाई न्यूनीकरण गने र्कार्य गरिएको छ । ४० हजार फलफूल बिरुवा वितरण तथा सुन्तला बगैंचा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी नेपाललाई फलफूल बगैंचा बनाउने सम्माननीय प्रधानमन्त्री ज्यूको अभियानलाई मूर्तरुप दिन पहल गरिएको छ ।

**१७. वातावरणतर्फ**

घाटगद्दीहरुको वातावरणीय प्रभाव मूल्यांकन अध्ययन, चौतारी एवं पोखरी संरक्षण, पार्क व्यवस्थापन र भूक्षय नियन्त्रण सम्बन्धी कार्य गरिएको छ । एभरेस्ट बैंकको सहकार्यमा सेतीनदी किनारमा इलेक्ट्रिक शवदाह निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

**१८. स्वास्थ्य तर्फ**

महानगका २८ वटा वडामा आधारभूत स्वास्थ्य केन्द्र स्थापना एवं व्यवस्थापन गरी वडास्तरमा नागरिकहरुलाई निशुल्क आधारभूत स्वास्थ्य सेवाको सुनिश्चित गरिएको छ । ज्येष्ठ नागरिकहरुलाई घुम्ती स्वास्थ्य शिविर मार्फत् वडास्तरमै निशुल्क स्वास्थ्य जाँच एवं उपचारको विशेष व्यवस्था गरिएको छ । समुदायस्तरमै महिलाहरुको विशेष स्वास्थ्य समस्या जस्तैः पाठेघरको समस्या, स्तन क्यान्सर जस्ता जटिल स्वास्थ्य समस्याको स्क्रिनिंग तथा उपचारको लागि रिफर गर्ने गरिएको छ । निशुल्क औषधी तथा स्वास्थ्य सामग्रीको नियमित आपूर्तिको सुनिश्चितता गरिएको छ । गर्भवती एवं सुत्केरी महिला तथा शिशुहरुको पोषण प्रर्द्धन एवं खोप सेवालाई थप प्रभावकारी बनाइएको छ । स्वास्थ्य संस्थामा प्रसूति हुने आमा तथा जन्मिने बच्चाको स्वास्थ्य रक्षाको लागि न्यानो कपडा एवं यातायात खर्चको व्यवस्था गरिएको छ । वडा नम्बर ८ को पुरानो दमकल भएको ठाउँमा सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना गरी चिकित्सकसहित २६ प्रकारका सेवा निशुल्क उपलब्ध गराइएको छ । वडा नम्बर ४ गणेशटोल, वडा न ९ को पूरानो वडा कार्यालय, वडा न १० को साविक वडा कार्यालय, वडा न २९ को भण्डार ढिक र वडा न ३३ को लामगादीमा सहरी स्वास्थ्य केन्द्र स्थापना गरी १७ प्रकारका स्वास्थ्य सेवा निशुल्क प्रदान गरिँदै आएको छ । आगामि आ.व.मा थप ५ वटा वडामा सहरी स्वास्थ्य केन्द्र विस्तार गर्ने योजना रहेको छ । गर्भवती महिला तथा नवजात शिशुको स्वास्थ्यलाई विशेष प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरिने छ । वडा नम्बर ३० स्थित शिशुवा अस्पतालमा विशेषज्ञसहित प्रसूति सेवा सञ्चालन चालू आर्थिक आ.व. मा सुरु गरिने छ । डेंगु लगायतका किटजन्य रोग नियन्त्रणका लागि यस आर्थिक वर्षदेखि सहर भित्र रहेका कवाडी संकलन केन्द्रलाई मुख्य सहर बाहिर व्यवस्थापन गर्दै जाने नीति लिइनेछ ।

**१९. पशु सेवातर्फ**

पोखरा महानगरपालिकाले नेपालमै पहिलो पटक १० स्थानमा पशुसेवा केन्द्र स्थापना एवं व्यवस्थापन गरी ९२ प्रकारका पशु सम्बन्धी औषधी निशुल्क वितरण गने र्कार्य सुरु गरेको छ । व्यवसायिक रुपमा दर्ता भएका सबै पशु फर्महरुलाई निश्चित अनुदानको व्यवस्था गरिएको छ । १८ वटा व्यावसायिक दुग्ध संकलन केन्द्रमा मिल्क एनालाइजर मेसिन उपलब्ध गराइएको एवं १० स्थानमा चिलिङ भ्याट उपलब्ध गराई स्वस्थ दुध उत्पादन र उपभोगमा जोड दिइएको छ । बाँझो जग्गालाई उपयोग गर्न १ हजार ७ सय ५३ रोपनी बाँझो जग्गामा उन्नतघाँस

लगाए वापतप्रति रोपनी रु. ३ हजार अनुदान वितरण गर्ने व्यवस्था मिलाइएको छ । पोखरा उद्योग वाणिज्य संघसँगको सहकार्यमा ग्यारेज र कवाडी संकलन के न्द्रहरुमा छानो राखी व्यवस्थित गर्ने प्रक्रियामा अगाडि बढाइएको छ ।

**अतिथिगण तथा नगर सभासद् मित्रहरू**

अब म पोखरा महानगरपालिकाको आ.व. २०७६/२०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु

१. नागरिकलाई अझ बढी सहज, सरल, सुविधाजनक, पार दर्शी र प्रविधि मैत्री ढंगबाट सेवा प्रवाहको प्रत्याभूत गदै ' स्थानीय लोकतन्त्रलाई सुदृढ गर्न तथा चुस्त व्यवस्थापन र भ्रष्टाचारमुक्त प्रशासन सञ्चालन गरी सुशासन सहितको समृद्ध, लोकतान्त्रिक, समतामूलक पोखरा महानगर निर्माणको नीति अवलम्बन गरिनेछ ।

२. आर्थिक समृद्धि र विकासकालागि अघिल्लो आ.व.मा सञ्चालित 'हामी बनाउँछौ हाम्रो महानगर' अभियानलाई निरन्तरता प्रदान गरिनेछ । नागरिकको सिप र क्षमताको कदर गर्दै सरकारी निजी साझेदारी मार्फत् रोजगारमूलक तथा आयमूलक क्रियाकलाप सञ्चालनमा विशेष जोड दिइनेछ ।

**महानगरको विकास नीतिहरू**

महानगरपालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालन गने ' विकास आयोजना तथा कार्यक्रमहरुलाई व्यवस्थित गर्न निम्नानुसारको नीति अवलम्बन गरिनेछ ।

- विकासका पूर्वाधार नपुगेका वडाहरुमा महानगरस्तर ीय विशेष योजनाहरु सञ्चालनलाई निरन्तरता दिई वडाबासीहरुलाई विकासमा पहुँच मार्फत् सबै वडाहरुलाई समान स्तरमा पुर्‍याउँदै सबै महानगरबासीहरुलाई समृद्ध महानगरका गौरवशाली नागरिक भएको अनुभूति दिलाउन कार्यक्रम सञ्चालन गरिने छ ।
- महानगरका वडा तथा कास्की जिल्ला भित्र पर्ने गाउँपालिकाहरुमा भरपर्दो यातायातको पहुँच विस्तार गर्न पहल गरिनेछ । महानगरीय यातायात सेवालाई प्रभावकारी र सुरक्षित बनाउनुका साथै सार्वजनिक यातायातमा ई–टिकेटिङको आवश्यक प्रबन्ध मिलाइनेछ ।
- पोखरालाई नेपालको प्रमुख व्यापारिक तथा पर्यटकीय के न्द्रको रुपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माणमा समन्वय गर्नुका साथै आवश्यकता अनुसार ट्राफिक लाइट, पार्किङ तथा सर्भिस स्टेसन, यात्रु सुरक्षाका लागि पैदल मार्ग तथा सरसफाइमा विषेश ध्यान दिइने छ ।
- सहकार्य, सहभावना र सहअस्तित्वको मान्यतामा विकास निर्माणको कार्य अगाडि बढाउँदै लगानी मैत्री वातावरण सिर्जना गरिने छ । पर्यटकीय सहर पोखरा र अन्य सहर बीचको सम्बन्ध थप प्रगाढ बनाउन र लगानी मैत्री वातावरण सिर्जना गर्न पोखरासँग भगिनी सम्बन्ध विस्तार गरिएका सहरहरु बीच दुई पक्षीय तथा बहुपक्षीय सम्मेलनको आयोजना गरिनेछ ।
- नदी, खोला, ताल लगायतका जलाधार क्षेत्र संरक्षण गर्नुका साथै जल उत्पन्न प्रकोप नियन्त्रणका लागि विशेष योजना सञ्चालन गर्दै **'ग्रिन पोखरा, क्लिन पोखरा'** अभियानलाई सार्थक बनाउने गरी प्रदुषणरहित सहरको रुपमा विकास गरिनेछ ।
- डिजिटल सहर गुरु योजना अनुसार सूचना प्रविधिको अधिकतम उपयोग गरी सूचना प्रविधि मैत्री कक्षा शिक्षण सिकाइ अवलम्बन गरिनेछ । आवश्यक प्राविधिक उत्पादन तथा सबैका लागि शिक्षा अभियानलाई सार्थक बनाउन पहल गर्दै प्राविधिक शिक्षालय सञ्चालनमा जोड दिइनेछ । प्राविधिक कलेजहरुसँग सहकार्य गर्ने नीति लिइने छ ।
- भाषा, संस्कृति, कला र साहित्यको संरक्षण गर्दै महानगर ीय प्रज्ञा प्रतिष्ठान स्थापनाको कार्य थालनी गरिने छ । साथै पोखरा महानगरलाई पर्यटन, शिक्षा, स्वास्थ्य र मनोरञ्जनको प्रमुख केन्द्रको रुपमा विकास गरिनेछ ।
- यस आर्थिक वर्षबाट तालिम सञ्चालनको लागि स्रोत के न्द्र स्थापना गरी तालिमको माध्यमबाट नागरिकको सीप र क्षमताको विकास गरी रोजगारको अवसर सिर्जना गरिनेछ । छिटो छरितो र प्रविधियुक्त सेवा प्रवाह गर्दै भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।
- **'हाम्रो चाहना, पर्यटन मैत्री निर्माण संरचना'** लाई अभियानकै रुपमा अगाडि बढाइ नेपाल भ्रमण वर्ष २०२० र प्रदेश भ्रमण वर्ष २०१९ लाई सफल बनाउन आन्तरिक भ्रमणमा विशेष प्राथमिकता दिएर **'पहिले देश ,अनि विदे श'** अभियानलाई विशेष जोड दिइनेछ ।
- अनुसन्धान र विकासको वातावरण सिर्जना गर्न महानगर अनुसन्धान केन्द्र निर्माणको नीति लिई वैज्ञानिक आविष्कार अनुसन्धान र प्राज्ञिक कार्यमा संलग्न युवा वैज्ञानिकहरु, अनुसन्धाता र प्राज्ञहरुका रचनात्मक कार्यहरुमा आवश्यक सहयोग पुर्‍याइनेछ ।
- श्रमिकहरुको तथ्यांक संकलन गरी पञ्जीकरण तथा सीप विकाससहित योगदानमा आधारित उत्पादन कार्यक्रम लागू गर्न पहल गरिनेछ । साथै विभिन्न संघसंस्थासँग सहकार्य गरी समृद्ध महानगर निर्माणको नीति लिइनेछ ।

**स्मार्ट पूर्वाधार, समृद्ध सहर**

- वडा कार्यालयहरुलाई अत्यावश्यक सेवा सञ्चालन गर्न सहज हुने गरी पूर्वाधारयुक्त कार्यालय भवन निर्माणको अभियानलाई निरन्तरता दिँदै यस आर्थिक वर्षमा महानगर भवन निर्माणको कार्य अगाडि बढाइनेछ । साथै यस आर्थिक वर्षमा ९ वटा वडा कार्यालय भवन निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।
- गाउँ र सहर जोड्न तथा वडा–महानगर केन्द्र जोड्नका लागि कनेक्टिङ सडक निर्माण कार्यलाई प्राथमिकता निर्धारण गरी बहुवर्षीय आयोजना अगाडि बढाई सहज यातायात आगमनको प्रबन्ध मिलाइनेछ ।

- सडक सुरक्षालाई उच्च प्राथमिकतामा राख्दै सिर्जनाचोकमा आकाशे पुल निर्माण सम्पन्न गरिने छ । साथै ओभरहेड र सबवे संरचना निर्माणको लागि अध्ययन, डिजाइनको कार्य अगाडि बढाइने छ । सार्वजनिक निजी साझेदारी अवधारणमा सहरी क्षेत्रका मुख्य बजारमा बहुतला पार्किङ निर्माण गर्न पहल गरिने छ ।।
- महानगर क्षेत्रमा पार्किङ व्यवस्थापनलाई थप प्रभावकारी बनाइने छ । यातायातमा सहजता ल्याई तथा पैदल यात्रुहरुको सुविधालाई समेत मध्यनजर गरी हाल सडक छेउमा पार्किङ गर्ने कार्यलाई निरुत्साहित गरिनेछ। व्यक्तिगत तथा संस्थागत खाली जग्गाहरुको पहिचान गरी त्यस्ता जग्गाहरुलाई सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार कमर्सियल पार्किङको रुपमा प्रयोगमा ल्याइने छ।
- उपयुक्त स्थान पहिचान गरी अटो भिलेज निर्माण गरिने छ।
- दिनानुदिन सवारी चाप बद्दै गइरहेको अवस्थामा सहरका तपसिलमा उल्लेखित सडकहरुमा भवन नक्शापास गर्दा अनिवार्य रुपमा अन्डरग्राउन्ड पार्किङ बनाएर मात्र नक्शापास स्वीकृति प्रदान गर्ने नीति लिइने छ ।

**सडकहरु**

क. तालचोक–विजयपुर-अमरसिंहचोक-पृथ्वीचोक-जिरोकिमीहुँदै हल्लनचोक सडक

ख. पृथ्वीचोक - मुस्ताङचोक - बिरौटा हुँदै छोरेपाटन ।

ग. पृथ्वीचोक–नयाँबजार-महेन्द्रपूल–पालिखेचोक–नदीपुर–केआइसिंहपुल–लामाचौर–बाटुलेचोर–महेन्द्रगुफा–चमेरेगुफा ।

घ. न्युरोड सडक ।

ङ. लेकसाइड–खहरे–हल्लनचोक–बाराहीचोक–सहिदचोकहुँदै मुस्ताङचोक सम्म ।

च. बिरौटाचोक–राष्ट्र बैंकचोक–रत्नचोक-सिर्जनाचोक–सिद्धार्थचोक–बगर–ट्याक्सीचोक

छ. जिरो किमीदेखि हरिचोकहुँदै हेम्जा सुइखेतसम्म ।

ज. महेन्द्रपुल-रानीपौवा-हस्पिटलचोकहुँदै अमरसिंहचोक ।

झ. गौरीमार्ग–हस्पिटलचोक- बुद्धचोकहुँदै रामबजार सम्म)

ञ. घलेचोकबाट वन क्याम्पससम्मको सडक ।

ट. रानीपौवादेखि भद्रकालीहुँदै आर्बा साझाचोक सम्म

ठ. तालचोक–बेगनास सडक सम्म ।

- कुनै व्यक्ति/संघ संस्थाहरुले आफ्नै लगानीमा पार्किङ भवन वा पार्किङस्थल निर्माण गर्न चाहेमा त्यस्ता भवनहरुको नक्शापास दस्तुर मिनाहा गरिने छ ।
- उज्यालो पोखरा कार्यक्रम अन्तर्गत नेपाल विद्युत प्राधिकरणसँगको समन्वयमा स्मार्ट ग्रिड सडक बत्ती राख्न आवश्यक प्रबन्ध मिलाइनुका साथै मुख्य स्थानमा पिउने पानी सहितको सर्भिस स्टेसन, जग्गाको उपलब्धता हेरी आवश्यक स्थानमा सार्वजनिक शौंचालय निर्माण गरिनेछ।
- सार्वजनिक यातायातमा वैज्ञानिक भाडा दर कायम गरेर ई–टिकेटिङ लागू गरी मेट्रो कार्ड मार्फत् भाडा बुझाउन मिल्ने गरी आवश्यक प्रबन्ध मिलाइने छ । सहरका मुख्य चोकहरु महेन्द्रपुल, पृथ्वीचोक र सिर्जनाचोकमा ट्राफिक लाइट राखिने छ ।
- महानगर क्षेत्रको व्यवस्थित, दीर्घकालीन एव वातावरणमैत्री एवं दीगो विकासको लागि भू–उपयोग गुरु योजना तर्जुमा गरी आवास क्षेत्र, सार्वजनिक क्षेत्र, खुल्ला एवं हरियाली क्षेत्र, सार्वजनिक पार्क, वन, कृषि तथा सुरक्षित क्षेत्रको पहिचान गरी कार्यान्वयनमा ल्याइनेछ ।
- मुख्य सहरी सडक अस्फाल्ट कंक्रिट गर्ने कार्य अगाडि बढाइएको छ । पोखरा १७ को आरटिओ सडक नमुना सडकको रुपमा अगाडि बढाइने छ । कृषि सडक स्तरोन्नति गरिनेछ। घारीपाटन दोबिल्लाहुँदै पुँडीटार सडकलाई नमुना सडकको रुपमा विकास गरिने छ ।
- **'लेक टु लेक, केभ टु केभ'** जोड्ने सडकको प्राविधिक सर्वेक्षण गरी नमुना मार्गको रुपमा अगाडि बढाइने छ ।
- पोखरा सभागृहको मर्मत सम्भार कार्यलाई तत्काल अगाडि बढाइने छ । अन्तर्राष्ट्रिय स्तरको सभाहल निर्माणको लागि सम्भाव्यता अध्ययन गरी काम अगाडि बढाइनेछ । पोखरा सभागृहको पश्चिमपट्टी करिब २ सय ५० सिट क्षमताको मिनी सेमिनार हलको निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइने छ ।
- मुख्य सहरी क्षेत्र तथा बजार क्षेत्रमा पहिलो चरणमा सिसी क्यामेरा जडान गरिनेछ। सडकका बीचमा रहेका बिजुलीका पोल, खानेपानी पाइप तथा तारबार व्यवस्थापनको कार्य सम्बन्धित निकायसँगको समन्वयमा अगाडि बढाइनेछ ।
- सेती गर्जलाई साहासिक पर्यटन पूर्वाधारको रुपमा विकास गरिने छ । पातलो छाँगोमा सिसापुल निर्माण गर्ने र सरङकोटमा पर्यटन पूर्वाधार निर्माण आयोजना सार्वजनिक निजी साझेदारी अन्तर्गत अगाडि बढिरहेको र यस आर्थिक वर्षमा निर्माण कार्य सुरु गरिनेछ ।
- यस अघि नै घर, भवन र भौतिक संरचनाहरु निर्माण गरेका तर विभिन्न कारणले नक्सापास प्रमाणपत्र नलिएका संरचनालाई विशेष व्यवस्थासहित कानुनी दायरामा ल्याई नियमित गरिने छ । मापदण्ड विपरीत संरचना निर्माण गर्ने कार्यलाई निरुत्साहित गरिने छ । २० लाख रूपैयाँ भन्दा बढी लागतमा निर्माण भएका भौतिक संरचना तथा विकास आयोजनाको अनुगमन तथा सुपरीवेक्षण गर्न तेस्रो पक्ष मार्फत् विकास निर्माणलाई थप प्रभावकारी र गुणस्तरीय बनाइने छ। साथै निर्माण सामग्रीको गुणस्तर जाँच गर्ने कार्यलाई अनिवार्य गरिने छ ।
- महानगरपालिका भित्र विगतदेखि सञ्चालित क्रमागत योजनाहरूलाई आगामी आवमा पनि निरन्तरता दिइनेछ भने मर्मत सम्भार कोषलाई थप व्यवस्थित बनाउँदै लगिने छ। ढलको उचित व्यवस्थापनका लागि यस आर्थिक वर्षमा गुरु योजना बनाई अगाडि बढाइने छ । मर्मत इकाइको व्यवस्था गरी मर्मत कार्य थप प्रभावकारी बनाइने छ ।

- मेयर नमुना पूर्वाधार योजना कार्यक्रम सञ्चालन गरी महानगरभित्रका सडकलाई २ वर्ष भित्रमा नमुना सडकको रुपमा विकास गरिने छ ।
- महानगरभित्र निर्माणाधीन पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण तथा महानगर क्षेत्रमा पर्ने मध्य पहाडी सडक खण्डको निर्माण कार्यलाई समयमा नै सम्पन्न गर्न आवश्यक सहयोग र सहजीकरण गरिने छ ।
- लामे आहालमा निर्माण गरिने आधुनिक बसपार्कको डिपिआर तयार भइसकेकाले गण्डकी प्रदेश सरकारसँग सहकार्य गरी यस आर्थिक वर्षमा निर्माण कार्य सुरु गरिने छ । साथै पृथ्वीचोक बसपार्क निर्माणका लागि समितिबाट प्राप्त प्रतिवेदनका आधारमा प्रक्रिया अगाडि वढाइने छ ।
- पोखरा महानगरपालिका वडा नम्बर ३३ स्थित तल्लो पुँडीमा औद्योगिक क्षेत्र स्थापना गर्नका लागि आवश्यक पहल गरिने छ ।

**स्थानीय तहको जिम्मेवारी,जवाफदेही कर्मचारी**

- प्रशासन र सेवा प्रवाह सुधारको कार्यलाई निरन्तरता दिइने छ । यसै आ.व. देखि कर्मचारी र पदाधिकारीको बिमा गने ' कार्य अगाडि बढाइनेछ ।
- श्रमको सम्मान तथा सामाजिक सुरक्षालाई ध्यानमा र ाखेर कम्तीमा एक वर्ष अवधि सेवा गरेका कर्मचारीको संचयकोष कट्टा गर्ने व्यवस्था मिलाइने छ ।
- नगर प्रमुखले वडाध्यक्षसँग र प्रमुख प्रशासकीय अधिकृतले महाशाखा प्रमुखसँग मापन योग्य सूचकसहित कार्यसम्पादन करार गरी सम्बन्धित पदाधिकारीलाई नतिजाप्रति जवाफदेही तुल्याइने छ ।
- कर्मचारीको क्षमता विकासमा प्राथमिकता दिदैं बौद्धिक श्रमको मूल्यांकन गर्ने परिपाटीको विकास गरिनेछ ।
- कर्मचारीलाई वार्षिक एक पटक सात दिन कार्यालयले तोकेको समयमा खर्च सुविधा सहितको अनिवार्य भ्रमण बिदाको सुरुवात गरी आन्तरिक पर्यटनलाई प्रोत्साहन गरिनेछ ।

**एक सहकारी, एक उत्पादन**

- नेपाल सरकारले अवलम्बन गरेको सहकारी, सार्वजनिक र निजी तीन खम्बे अर्थ नीति अनुसार महानगरबासीहरुको आर्थिक विकासको निम्ति एक वडा एक नमुना सहकारी, एक सहकारी एक उत्पादन कार्यक्रम अगाडि बढाइनेछ ।
- दैनिक उपभोग्य बस्तु, कृषि, वन, मत्स्य तथा पशुजन्य पदार्थ उत्पादन र बिक्री वितरण गर्ने सहकारी संस्थाहरुलाई छुट तथा अनुदानको व्यवस्था गरिनुका साथै सुपथ सहकारी पसल सञ्चालन गर्ने वातावरण मिलाइनेछ ।
- सहकारी उद्दमशीलता, वित्तीय साक्षरता, सहकारी एकीकरण अभियान तथा अनुगमन निरीक्षण कार्यलाई अगाडि बढाउनुका साथै सीप विकास प्रशिक्षण केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

**हाम्रो महानगर हाम्रो कर, समृद्ध बनाउने हाम्रै रहर**

- करको दर होइन दायरा फराकिलो बनाई महानगरबाट लिइने कर, राजस्व र शुल्कलाई प्रगतिशील करको आधारमा थप व्यवस्थित र वैज्ञानिक बनाइने छ ।
- अन्डर ग्राउन्ड पार्किङसहित भवन निर्माण गर्नेहरुको हकमा एक तल्लासम्मको राजस्व मिनाहा गर्ने व्यवस्था मिलाइनेछ ।
- तोकिएको समयमा कर तिर्ने करदातालाई विशेष छुटको व्यवस्था गरिनेछ ।
- खानी तथा नदीजन्य पदार्थ उत्खनन गर्नुपूर्व वातावरणीय प्रभाव मूल्यांकन गर्ने प्रावधानलाई अनिवार्य गरिनेछ ।
- संघीय कानुन अनुरुप स्थानीय कानुन निर्माण गरी मदिराजन्य पदार्थको बिक्रीलाई व्यवस्थित गरिने छ ।

**स्थानीय तथ्यांक र अभिलेख व्यवस्थापन**

- महानगरपालिकाको वडाहरुको गरिबी नक्सांकन तथा पारिवारिक विवरण संकलनको काम अगाडि बढाइनेछ ।
- सार्वजनिक सरकारी सम्पत्ति, राजस्व, घरनक्सा, पञ्जिकरण लगायतका विवरणको डिजिटल अभिलेख र ाख्ने कामलाई निरन्तरता दिइने छ ।
- सार्वजनिक जग्गाको लगत अधावधिक गर्दै २०७५–०७८ लाई सार्वजनिक जग्गा संरक्षणको वर्ष घोषणा गरे अनुरुप सार्वजनिक जग्गाको संरक्षणको लागि विशेष कार्यक्रम अगाडि बढाइनेछ ।

**हाम्रो इच्छा, समतामूलक शिक्षा**

- सबैका लागि शिक्षा कार्यक्रमलाई विशेष प्राथमिकता दिई साक्षर महानगर अभियानलाई अगाडि बढाइने छ ।
- अनुसन्धान र खोजमूलक शिक्षामा जोड दिँदैं एक प्रादेशिक निर्वाचन क्षेत्र एक प्रविधिमैत्री विद्यालय संचालन गरिनेछ । साथै पोखरा प्राविधिक शिक्षालय संचालनको प्रक्रिया अगाडि बढाइनेछ । महानगर अनुसन्धान तथा विकास केन्द्र स्थापना गरी विविध विषयवस्तुको अध्ययन अनुसन्धान गराइनेछ ।
- सार्वजनिक विद्यालयमा अध्ययनरत विधार्थीको प्रोत्साहनको लागि महानगर छात्रवृति कार्यक्रम लागू गरी प्राविधिक शिक्षा अध्ययन अध्यापनमा जोड दिइनेछ ।
- सिटिभिटीसँगको सहकार्यमा अल्पकालीन तथा दीर्घकालीन तालिम सञ्चालन गरिने छ ।
- महानगरपालिका भित्र रहेका प्राविधिक धारका शिक्षालयबाट उत्पादित जनशक्तिलाई महानगरको समन्वयमा विभिन्न स्थानहरुमा अभ्यास शिक्षणको प्रबन्ध मिलाइने छ ।

**हाम्रो अभिभारा, स्वच्छ सुन्दर पोखरा**

- आधुनिक र व्यवस्थित पशु बधशाला निर्माणको लागि प्रदेश सरकारसँगको सहकार्यमा काम अगाडि बढाइनेछ ।
- महानगर क्षेत्रभित्र वैकल्पिक ल्यान्डफिल साइट छनोट गर्ने कार्य अगाडि बढाइनेछ । फोहोरलाई मोहोरमा परिणत गर्न महानगरमा संकलित फोहोरबाट ऊर्जा तथा कम्पोस्ट मल बनाउने कार्य सार्वजनिक निजी साझेदारी अवधारणामा

अगाडि बढाइनेछ ।

- अस्पताल तथा स्वास्थ्य संस्थाजन्य फोहोर तथा विषादीयुक्त फोहोर व्यवस्थापनको लागि एकीकृत फोहोर व्यवस्थापन केन्द्र स्थापना गरिनेछ ।
- आवश्यक सेवासहितको थप सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना गर्नुका साथै आधारभूत स्वास्थ्य सेवा, भ्याक्सिन र खोपहरु निशुल्क गरिने छ । एक वडा एक स्वास्थ्य संस्थाको नीति अनुरुप काम अगाडि बढाइनेछ ।
- सबैको लागि स्वास्थ्य सेवा कार्यक्रम वडा वडामा सञ्चालन गरिनेछ । स्वास्थ्य बिमाको कार्यक्रमलाई अनिवार्य गर्दै बिमा अन्तर्गतको सेवा चुस्त दुरुस्त पार्न आवश्यक समन्वय गरिनेछ ।
- महानगरभित्र सञ्चालित अस्पताल, फार्मेसी लगायत निजीस्तरमा सञ्चालित स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन तथा नियमन गरिने छ ।

**अर्गानिक उत्पादन, स्थानीय बजार व्यवस्थापन**

- महानगरका ग्रामीण बस्तीहरुमा स्थानीय अर्गानिक उत्पादनमा जोड दिँदैं स्थानीय उत्पादन विक्रीको बजार व्यवस्थापनको लागि कृषि उपज बजार केन्द्र स्थापनामा जोड दिइनेछ ।
- महानगर भित्रका साना तथा ठूला व्यवसायलाई अनिवार्य दर्ता एंव नवीकरणको व्यवस्था गरिनेछ । फुटपाथ व्यवसायलाई निरुत्साहित गर्दै एकीकृत बजार व्यवस्थापनमा जोड दिइनेछ ।

**हराभरा वन, हरियाली प्रवर्द्धन**

- महानगर भित्रका ९ वटै तालहरुमा भएको अतिक्रमण रोकी तालहरुको संरक्षण, प्रवर्द्धन र विकास गर्नुका साथै ताल वरपर पैदल मार्ग निर्माण कार्यलाई निरन्तरता दिइने छ ।
- फेवाताल जलाधार क्षेत्र संरक्षणका लागि सिल्ट्रेसन ड्याम निर्माण कार्य यसै आ.व. मा सम्पन्न गरिनेछ । पोखरामा व्यवस्थित ढल निर्माण तथा ढल डाइभर्सनको विस्तृत योजना तयार पारी कार्यान्वयनमा ल्याइने छ ।
- वातावरण संरक्षणको लागि वातावरण संरक्षण कोषको व्यवस्था गरिनेछ । हरियाली प्रवर्द्धन तथा उत्पादनमा प्रोत्साहन दिनको लागि एक विद्यालय दश फलफूलका बिरुवा, एक वडा एक बगैंचा कार्यक्रम सञ्चालन गर्नुका साथै सडक छेउछाउको हरियाली प्रवर्द्धन गर्दै **'क्लिन पोखरा, ग्रिन पोखरा अभियान'** सञ्चालन गरिने छ ।
- शान्तिवन बाटिकालाई बोटानिकल गार्डेनमा रुपमा विकास गर्नुका साथै सुन्दरीडाँडास्थित पचभैंया सामुदायिक वनक्षेत्रलाई जैविक विविधता संरक्षण केन्द्रको रुपमा विकास गरी सुनाखरी संरक्षण क्षेत्र पञ्चासेको विकास एंव प्रवर्द्धनमा जोड दिइनेछ ।
- पुम्दीकोट, ठूलाकोट कालभैरव, तालबाराही (बेगनासताल), भद्रकाली र सराङकोट क्षेत्रहरुमा आवश्यक पूर्वाधार निर्माण एवं संरक्षण गरि धार्मिक पर्यटन प्रवर्द्धन गरिनेछ ।

**पोखराको समृद्धि, उत्पादनमा वृद्धि**

- कृषि क्लब गठन गरी **'एक हप्ता एक दिन खेतबारीमा केही छिन'** अभियान मार्फत् श्रमको वातावरण तयार गरिनेछ । बाँझो जमिनमा सिँचाइको व्यवस्था गर्नुका साथै सामूहिक खेतीलाई प्रोत्साहन गरिनेछ ।
- मेयर प्रविधिमैत्री कृषि परियोजना मार्फत् उत्पादन वृद्धि गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । कृषि तथा पशुपालनलाई व्यावसायिकरण,यान्त्रीकरण तथा आधुनिकीकरण गर्नुका साथै विभिन्न ठाउँमा कृषि पकेट क्षेत्र निर्माण गरिनेछ ।

**न्यायिक समिति**

- न्यायिक समिति मार्फत् प्रदान गरिने सेवालाई मेलमिलाप तथा मध्यस्तताको माध्यमबाट थप प्रभावकारी र सर्वसुलभ बनाइने छ ।
- लैंगिक समानता तथा हिंसामा परेका महिलाको सहायता लागि कानुनी परामर्श तथा सहायता कक्षलाई थप व्यवस्थित र सुलभ बनाइने छ ।

**सामाजिक सुरक्षा**

- एकल महिला, ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति, टुहुरा, सिमान्तकृत र लोपोन्मुख समुदायका लागि यातायात, स्वास्थ्य र शिक्षा क्षेत्रमा सहुलियत प्रदान गर्न आवश्यक पहल गरिने छ ।
- हरेक वर्ष विश्व ज्येष्ठ नागरिक दिवस (अक्टुबर १) मा महानगरका सबै भन्दा ज्येष्ठ महिला र पुरूषलाई **महानगर माता** र **महानगर पिता** को सम्मान प्रदान गरिने छ ।
- पत्रकार सामाजिक सुरक्षाका लागि पत्रकार उपचार कोष सञ्चालनलाई निरन्तरता दिइने छ ।

**घर जग्गा धनीपूर्जा वितरण तथा भू–उपयोग नीति**

- विगतमा गठन भएका सुकुम्बासी आयोगबाट वितरित सेतो पूर्जालाई रातोपूर्जामा परिणत गर्न संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ ।
- महानगरपालिका क्षेत्रमा जग्गा खण्डीकरण गरी बिना स्विकृति प्लटिङ गर्ने कार्यलाई निरुत्साहित गरिनेछ । एकीकृत जग्गा विकास योजना तयार पारी स्विकृति नलिएसम्म कित्ताकाट र नक्सापास तथा अन्य भौतिक संरचनाको निर्माणको सिफारिस तथा स्विकृति रोक्का राख्ने नीति लिइनेछ ।

**डिजिटल तथा कलर क्लस्टर निर्माण**

- महानगरको केही वडामा रंगिन क्लस्टर निर्माण गरी नमुना बनाउने कार्यको थालनी गरिने छ ।
- सार्वजनिक यातायातको वैज्ञानिक भाडा दर कायम गरी ई–टिकटिङ लागू गर्नुका साथै डिजिटल विज्ञापन प्रणालीको अवलम्बन गरिने छ ।

- वडा कार्यालय तथा विद्यालयमा सिसिक्यामेरा जडान गर्नुका साथै मुख्य सहरी क्षेत्रमा समेत सिसि क्यामरा विस्तार गरिँदै लगिनेछ ।

**उपप्रमुखसँग महिला कार्यक्रम**

- **'समृद्धि र विकास निर्माणको आधार, सम्पूर्ण क्षेत्रमा महिलालाई समान व्यवहार'** को नारालाई आत्मसाथ गदै ' महानगर क्षेत्रभित्र महिला सशक्तीकरण र उद्यमशीलता विकासको लागि उपप्रमुखसँग महिला कार्यक्रमलाई निर न्तरता दिइने छ ।
- महिला उद्यमशीलता विकास तथा रोजगारी प्रवर्द्धनका लागि ५० महिला ५ सय रोजगार कार्यक्रमलाई निरन्तरता दिइ सञ्चालन गरिने छ ।
- क्षमता तथा सीप विकास अभिवृद्धि गर्न महानगरीय सिप विकास केन्द्र स्थापना तथा सञ्चालन गर्ने प्रक्रिया थालनी गरिनेछ ।
- सीप विकासबाट उत्पादन गरिएका सामानहरुलाई बजार ीकरण गर्नका लागि उपहार केन्द्र स्थापना गरिनेछ ।

**युवा तथा खेलकुद**

- महानगर क्षेत्र भित्र रहेका युवा क्लब र सामाजिक संघसंस्थालाई सूचिकृत गरी युवालाई व्यवसाय तथा उद्यममा प्रेरित गर्दै वेरोजगारी समस्या समाधान गर्न युवा उद्यम कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत् युवालाई स्वदेशमै काम गर्ने वातावरण सिर्जना गर्दै कृषि तथा पशुपालनमा युवालाई प्रोत्साहन अनुदानको व्यवस्था गरिनेछ ।
- महानगर युवा परिषद् तथा खेलकुद विकास समिति गठन गरिनेछ । गोस्तेघाट, भण्डारढिक, आर्बा र विजयपुरमा आधुनिक खेल मैदान निर्माण गर्नुका साथै वडा नम्बर २० मा हाइअल्टिच्युट खेल मैदान निर्माण गरिने छ। एक वडा एक खेल मैदान निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- **'स्वास्थ्यका लागि व्यायाम'** मा जोड दिँदै टोल तथा पार्कहरुमा खुल्ला व्यायामशाला निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**स्वच्छ खानेपानी, स्वस्थ समाज**

- महानगरपालिकाका जनतालाई सफा र स्वच्छ पिउनेपानी उपलब्ध गराउन जनतासंगको सहलगानीमा खानेपानी मूलको संरक्षण गर्दै लिफ्टिङ पद्धत्तिलाई प्राथमिकतामा र ाखि **'एक घर एक धारा'** अभियानलाई जोड दिइनेछ ।
- जापानी सहयोग संस्था जाइकाको सहयोगमा संचालित खानेपानी आयोजनालाई सहज र सरल ढंगबाट अगाडि बढाउन आवश्यक पहल एवं समन्वय गरिनेछ ।

**विपद् व्यवस्थापन**

- विपद् व्यवस्थापनका लागि सबै वडामा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरी उद्धार एंव राहतका कार्य अगाडि बढाउँदै महानगर र वडा स्तरमा विपद् पूर्व तयारी योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
- महानगर विपद् कोष सञ्चालन एंव व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ । विपद् उद्धार तथा राहत कार्यमा युवा परिचालनका लागि महानगर प्रमुखसँग युवा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**भाषा, कला, साहित्य, संस्कृतिको संरक्षण र विकास**

- विद्यालयमा स्थानीय भाषामा कक्षा सञ्चालनको लागि आवश्यक पाठ्यक्रम तर्जुमा गरी सम्बन्धित भाषाभाषीहरुको बाहुल्यता रहेका क्षेत्रका विद्यालयमा लागू गर्न सुरुवात गरिनेछ ।
- परम्परागत तथा मौलिक पेशा, व्यावसाय र लोपोन्मुख कला, ज्ञान र सीपको पहिचान गरी सोको संरक्षण र सम्वर्द्धनका कार्यक्रम बनाई लागू गरिनेछ ।
- होमस्टेहरुमा स्थानीय नृत्य तथा मौलिक भेषभुषा तथा संस्कृति झल्कने कार्यक्रम सञ्चालनमा जोड दिँदैं सांस्कृतिक ग्राम निर्माण गर्न पहल गरिनेछ । एतिहासिक र पुरातात्विक मठ मन्दिरहरुको मर्मत तथा संरक्षणमा जोड दिइनेछ ।
- शिक्षा, स्वास्थ्य, भाषा, संस्कृति, कला साहित्य आदिको विकासमा योगदान पुर्‍याउने व्यक्तिहरुलाई महानगर स्थापना दिवसमा नवरत्न सम्मानद्धारा सम्मानित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- पोखरा महानगरपालिका वडा नम्बर २७ अर्चेलस्थित कवि शिरोमणि लेखनाथ पौड्यालको जन्मस्थललाई साहित्य अनुसन्धान केन्द्रको रुपमा विकास गर्ने आवश्यक तयारी गरिनेछ ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुर्‍याउनुहुने सम्पूर्ण कार्यपालिका सदस्यज्यूहरु, सभासदज्युहरु, नगरस्थित क्रियाशील राजनीतिक दलहरु, नगरबासी दाजुभाइ तथा दिदीबहिनीहरु, कर्मचारी मित्रहरुलाई पुनः धन्यवाद दिन चाहन्छु । पोखराको विकास प्रक्रियामा सहयोग उपलब्ध गराउने नेपाल सरकार, दातृ निकाय, सहयोगी संघ संस्था तथा निकायहरु, निजी क्षेत्र प्रति म, पोखरा महानगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि सहयोग निरन्तर रुपमा प्राप्त हुने नै छ भन्ने विश्वास गर्दछु ।

*धन्यवाद ।*

*जय नगरबासी ।*

*जय पोखरा महानगरपालिका ॥*

# पोखरा महानगरपालिकाको अपील

- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुषणको न्यूनीकरणमा सबै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्री वितरण र प्रयोग नगरौं ।
- पशु चौंपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुने गरी निर्माण लगायत कुनैपनि सामग्री नराखौं ।
- छतको पानीलाई सार्वजनिक बाटोमा नखसालौं । स्वयं घरधनीले उचित व्यवस्थापन गरौं ।
- १८ वर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- पोलिथिनझोला (४० माइक्रोन भन्दाकम ) र गिलास प्रयोग नगरौं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहर पानी प्रयोग गरिएका, झिंगाभन्केका माछा मासु खरिद बिक्री नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका घटनादर्ताहरु समयमै गरौं ।

**पोखरा महानगरपालिका कार्यालय**
**पोखरा**
**फोन- ०६१, ५२११०५**




## पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जुदेवी गुरुङद्वारा महानगरको पाँचौ नगरसभामा प्रस्तुत

# आर्थिक वर्ष २०७६/०७७ को
# वार्षिक बजेट तथा कार्यक्रम

सभाध्यक्ष ज्यू,
गण्डकी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङज्यू
नगर सभासदज्यूहरु
पत्रकार मित्र तथा उपस्थित महानुभावहरु ।

नेपाली जनताको लामो समय देखिको संघर्ष र चाहना अनुरुप नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना भइ संघ, प्रदेश र स्थानीय तह मार्फत संघीयताको कार्यान्वयन भइरहेको छ । यस अवसरमा नेपालको राष्ट्रियता, राष्ट्रिय स्वाधीनता, गणतन्त्र एवं लोकतन्त्र तथा सामाजिक न्याय र समानता सहितको समृद्ध नेपाल निर्माणको खातिर आफ्नो जीवन उत्सर्ग गर्नु भएका ज्ञात अज्ञात महान सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । त्यसैगरी, नगर निर्माणमा तल्लीन पोखरा महानगरक्षेत्रका विशिष्ट महानुभावहरु, नगर निर्माणका अभियन्ताहरु तथा आम महानगरबासीहरुप्रति गहिरो सम्मान प्रकट गर्दछु ।

पोखरा महानगरपालिकाको उपप्रमुख एवं बजेट तथा योजना तर्जुमा समितिको संयोजकको हैसियतले यस गरिमामाय पाँचौ नगरसभामा आर्थिक वर्ष २०७६/७७ को बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु । आर्थिक वर्ष २०७६/७७ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, नेपाल सरकार र गण्डकी प्रदेश सरकारका नीति तथा कार्यक्रम, चालू आवधिक योजना, चालू आ.व.को बजेट, दीगो विकासका लक्ष्य, पोखरा महानगरको बस्तुगत अवस्था, विज्ञहरुबाट प्राप्त राय सुझाव तथा आफ्नो करिब २ वर्षको सिकाइ र अनुभवलाई समेत महत्वपूर्ण आधारको रुपमा लिने प्रयत्न गरेको छु ।

पोखरा महानगरका आफ्नै खाले विशिष्टता तथा विविधताहरु छन् । त्यस्तो विशिष्टता तथा विविधतालाई सन्तुलित ढंगले व्यवस्थापन गर्नु पर्दछ भन्ने हाम्रो मूल मान्यता रहेको छ । एकातिर नगरको खास क्षेत्रमा सघन सहरी विकासले गति लिइरहेको छ भने अर्कोतर्फ महानगरका कतिपय वडाहरु अझैसम्म पनि कठिन भौगोलिक परिवेशमा रहिरहेको अवस्था छ । उक्त अवस्थालाई मध्यनजर गरी आर्थिक वर्ष २०७६/७७ को बजेट तथा कार्यक्रमको तर्जुमा गर्नुपर्ने हाम्रो अवस्थाप्रति म, संवेदनशील र गम्भीर रहेको व्यहोरा निवेदन गर्न चाहन्छु ।

**सभाध्यक्षज्यू तथा नगर सभासदज्यूहरु**

अब म, चालू आर्थिक वर्षको जेठ मसान्तसम्मको आर्थिक स्थितिको समीक्षा पेश गर्ने अनुमति चाहन्छु ।

**चालू आर्थिक वर्षको आम्दानी तर्फ**

- संघीय सरकारबाट प्राप्त अनुदानर्फ : २ अर्ब ८९ करोड ७६ लाख ८० हजार अनुमान गरिएकोमा जेठ मसान्तसम्म २ अर्ब २७ करोड १८ लाख २६ हजार बराबरको अनुदान प्राप्त भएको छ ।
- आन्तरिक आम्दानी : २ अर्ब ९१ करोड ६३ लाख ७८ हजार अनुमान गरिएकोमा जेठ मसान्तसम्म १ अर्ब ३५ करोड राजश्व संकलन भएको छ ।
- माथि उल्लेखित आम्दानी विवरण अनुसार राजश्व र अनुदान समेत गरी ६५ प्रतिशत लक्ष्य प्राप्त भएको छ । चालू आवको असार मसान्तसम्म ८० प्रतिशत लक्ष्य प्राप्त हुने संशोधित अनुमान पेश गरेको छु ।

**चालू आर्थिक वर्षको जेठ मसान्तसम्म खर्चको अवस्था**

- चालू आ.व मा ६ अर्ब १७ करोड ५९ लाख ६२ हजार ८ सय २३ रुपैयाँ बजेट विनियोजित गरिएकोमा जेठ मसान्तसम्म ३ अर्ब ५४ करोड २४ लाख ७८ हजार ७ सय ६ खर्च भई ५९ दशमलव शून्य आठ प्रतिशत खर्च भएको छ ।
- चालु आर्थिक वर्षमा पुँजीगततर्फ २ अर्ब ९८ करोड ४८ लाख ३ हजार ८ सय ७२ विनियोजन भएकोमा १ अर्ब ४३ करोड १५ लाख ७१ हजार ३ सय ५९ रुपैंया जेठ मसान्तसम्म खर्च भएको छ । जुन लक्ष्यको तुलनामा ५२ प्रतिशत हो । सम्पन्न योजनाहरुको भुक्तानी असरा महिनामा हुने भएकाले चालू आर्थिक वर्षको अन्तिम सम्ममा ८० प्रतिशत भन्दा बढी खर्चहुने अनुमान गरिएको छ ।
- चालू आर्थिक वर्षमा चालू खर्च ३ अर्ब २२ करोड ११ लाख ५८ हजार ९ सय ५१ रुपैंयाँ विनियोजन भएकोमा जेठ मसान्तसम्म २ अर्ब ११ करोड २९ लाख २३ हजार २ सय ३७ खर्च भएको छ । जुन लक्ष्यको तुलनामा ६५ दशमलव ६ प्रतिशत हो ।

**नगर सभासद्ज्यूहरु,**

अब म, आगामी आ.व. ०७६।०७७ को बजेटका उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु । आ.व. ०७६।०७७ को बजेट देहायका उद्देश्य प्राप्तितर्फ केन्द्रित रहनेछ ।

- संस्थागत क्षमता विकास गरी सुशासन प्रवर्द्धन ।
- आन्तरिक स्रोतको अधिकतम परिचालन र व्यवस्थापन गर्न ।
- आर्थिक, भौतिक र सामाजिक पूर्वाधार विकास गर्न ।
- कृषि क्षेत्रको आधुनिकीकरण
- पर्यटन क्षेत्रको विकास
- स्वास्थ्य, शिक्षा पूर्वाधार विकास गर्ने

**आदरणीय सभाध्यक्षज्यू,**

अब म, पोखरा महानगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ का लागि सार्वजनिक गरेका नीति तथा कार्यक्रम कार्यान्वयनको लागि विनियोजन र स्रोत व्यवस्थापनको अनुमान पेश गर्न चाहन्छु ।

- आव २०७६/७७ का नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु. ७ अर्ब ५४ लाख रुपैंयाँ अनुमानित बजेट प्रस्ताव गरेको छु । जसमध्ये संघीय सरकारबाट ३ अर्ब ३३ करोड ७८ लाख ८० हजार रुपैयाँ, गण्डकी प्रदेश सरकार बाट ४७ करोड ९६ लाख ८३ हजार रुपैयाँ र आन्तरिक आयबाट २ अर्ब ५० करोड २९ लाख १७ हजार रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ । यसरी नपुग हुन जाने ६८ करोड ५० लाख रुपैयाँ मध्ये वैदेशिक ऋण तथा अनुदानबाट १० करोड, जनसहभागिताबाट ३६ करोड ५० लाख र चालू आर्थिक वर्षमा रहन जाने मौज्दातबाट २२ करोड रुपैंया व्यहोरिने छ ।
- नेपाल सरकारबाट प्राप्त हुने रकम मध्येबाट वित्तीय समानीकरण अनुदानतर्फ ६० करोड २ लाख रुपैयाँ, सशर्त अनुदानतर्फ १ अर्ब १७ करोड २७ लाख रुपैयाँ, विशेष अनुदान १५ करोड, समपुरक अनुदानतर्फ १७ करोड ५० लाख, राजस्व बाँडफाँड बापत ४१ करोड ९९ लाख, सामाजिक सुरक्षामा ६० करोड, सडक बोर्डमा ३ करोड, सहरी स्वास्थ्य पूर्वाधारमा ५ करोड, सांसद विकास कोषबाट १२ करोड र प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा २ करोड रुपैंया प्राप्त हुने अनुमान गरिएको छ ।

- प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदानतर्फ २ करोड १४ लाख ४४ हजार, सर्शत अनुदान२ करोड, विशेष अनुदान १२ करोड, समपुरक अनुदान २० करोड र राजस्व बाँडफाँडतर्फ ३ करोड ८२ लाख ३९ हजार रुपैंया अनुदान प्राप्त हुने अनुमान गरिएको छ ।

**सभाध्यक्षज्यू**

अब म, आगामी आर्थिक वर्ष २०७६/०७७ को राजश्व परिचालन नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

चालू वर्षको स्विकृत आर्थिक ऐनमा देखिएका समस्या र पोखरा महानगरको कर प्रणालीलाई वैज्ञानिक बनाउन सरोकारवाला संस्थाहरु, राजनीतिक दल, उद्योग वाणिज्य संघ, नागरिक समाज तथा अन्य सरोकारवालाहरुको सुझाव समेतलाई ध्यान दिई आर्थिक विधयेकका अनुसूचीहरुमा आवश्यक परिवर्तन गरिएकोछ । आगामी दिनमा करका दर र दायरा फराकिलो बनाई महानगरपालिकाको कर प्रशासन चुस्त दुरुस्त र करदातामैत्री बनाउन आवश्यक कदम चालिने छ ।

कर प्रशासनलाई व्यवस्थित गर्न निम्नानुसार नीतिहरु अवलम्बन गरिनेछ ।

१. महानगरपालिकाले उठाउने आन्तरिक राजश्व स्रोत तर्फ कर सम्बन्धी दररेटलाई सामान्यतया यथावत राखी करको दायरा बढाउने नीति अवलम्बन गरिएको छ ।
२. करदातालाई कर तिर्न प्रोत्साहित गर्न महानगरपालिकामा विविध कार्यक्रमसहित प्रत्येक वर्ष कर सप्ताह/कर जागरण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
३. राजश्व परिचालनमा वडा समितिलाई जिम्मेवार बनाई कर संकलनलाई थप प्रभावकारी बनाइनेछ ।
४. अस्थायी प्रकृतिका हाटबजार तथा मुख्य बजार भित्रको पार्किङ शुल्कलाई समेतलाई उचित व्यवस्थापन गर्न स्थानीय क्लब, टोल विकास संस्था लगायतका संघसंस्थासँग सहकार्य गरिनेछ ।
५. स्रोत व्यवस्थापनलाई वैज्ञानिक, यथार्थपरक र व्यवस्थित गर्न कम्प्युटर सफ्टवयरको प्रयोगबाट डाटाबेसका आधारमा कर शुल्क संकलन कार्यलाई थप प्रभावकारी बनाई सबै करदाताहरुको सहभागितामा राजश्व अभिवृद्धि गरी कुल बजेटमा आन्तरिक आम्दानीको अंश वृद्धि गरिँदै लगिनेछ ।
६. महानगरपालिकाको स्वामित्व, भोगाधिकार, संरक्षणमा रहेको र संरक्षणमा लिनुपर्ने भवन जग्गा जमिन, हाटबजार तथा अन्य भौतिक सम्पत्तिको अभिलेख अध्यावधिक गरी राजश्व आम्दानी गर्ने माध्यमको रुपमा परिचालन गरिनेछ । साथै निजी क्षेत्रको सहभागितालाई प्रवर्द्धन गर्न सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार प्रतिस्पर्धाका आधार काम अगाडि बढाइने छ ।
७. तीन खम्बे अर्थ नीति बमोजिम स्थानीय तहमा गठन भएका सहकारी संस्थाहरुको क्षमता विकास गर्नुको साथै विकासमा सहकारीसँगको साझेदारीमा जोड दिइनेछ । महानगरक्षेत्र भित्र सञ्चालनमा रहेका सबै सहकारीहरुलाई करको दायरामा ल्याइनेछ ।
८. उपभोक्ता अधिकार, गुणस्तर सम्बन्धी जनचेतना अभिवृद्धि गराउने र कालोबजारी नियन्त्रण, नियमित बजार अनुगमन गर्ने र आवश्यक मापदण्ड बनाई त्यस्तो कार्यलाई दण्डित गर्ने नीति लिइनेछ ।
९. पोखरा महानगरपालिकाको कर सम्बन्धी प्रावधानहरु बारे करदातालाई सुसूचित गर्न मोबाइल एप्सलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने छ ।
१०. कर, दस्तुर, शुल्क, वडागत कर अशुली प्रक्रिया र कर प्रशासनलाई व्यवस्थित गर्न कार्यविधि एवं कर प्रशासन कर्मचारी आचारसंहिता तयार गरी लागू गरिनेछ ।
११. सम्पत्तिकर, व्यवसाय कर, वहालकर तथा अन्य कर र शुल्क संकलनका लागि विभिन्न ५ स्थानमा कर संकलन केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याइनेछ । सिफारिस शुल्क सम्बन्धित वडा कार्यालयबाट नै लिइने व्यवस्था मिलाइने छ ।
१२. कर नतिर्ने तथा झूठो विवरण पेश गरी कर छली गर्नेलाई जरिवानासहित कारबाही गरिनेछ ।
१३. विना नक्सा निर्माण भएका घरहरुको कर निर्धारण गर्दा धरौटी राख्ने व्यवस्था गरिनेछ । उक्त धरौटीरकम ६ महिना भित्र नियमित नभएमा जफत गर्ने नीति लिइनेछ ।
१४. प्रक्षेपण गरिएको राजस्व समयमै संकलन गर्न राजश्व परामर्श समितिलाई थप क्रियाशील बनाइनेछ ।
१५. बैंक तथा वित्तीय संस्थाहरुमा खाता खोल्दा, धारा बिजुली जडान गर्दा, मालपोत कार्यालयमा घर जग्गा पास गर्दा अनिवार्य कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्ने व्यवस्थाका लागि सम्बन्धित निकायहरुसँग समन्वय गरिनेछ ।
१६. उपभोक्ता समितिमा बस्ने पदाधिकारीहरु,सामाजिक संघ संस्थाको दर्ता/ नवीकरणको (अध्यक्ष, सचिव र कोषाध्यक्ष) एवंम विभिन्न सिफारिस उपलब्ध गराउनु अघि महानगरपालिकामा सम्पत्ति कर तिरेको सुनिश्चितता गर्ने व्यवस्था मिलाइनेछ ।
१७. हालसम्म करको दायरामा नआएका करदाताहरुले यस भन्दा अगाडि आफूले तिर्नुपर्ने कर स्वयंकर घोषणा गरी कर तिर्न सक्ने व्यवस्था मिलाइने छ ।
१८. राजश्व प्रशासन सम्बन्धी सम्पादन गरिने काम कारबाहीलाई पारदर्शी, छिटो छरितो तथा गुणस्तरयुक्त ढंगबाट सम्पादन गर्न सूचना प्रविधिको प्रयोगलाई बढवा दिँदै अनलाइन सिस्टम लागू गरिनेछ ।
१९. राजश्व प्रशासनको नियमित रुपमा परीक्षण, नियमन र अनुगमन गरिनेछ ।
२०. राजश्व संकलन र उपयोगमा निजी क्षेत्रको भूमिकाको खोजी गरी आवश्यक समन्वय र सहकार्य गर्ने नीति लिईनेछ ।
२१. घुम्ती टोली बनाई वहाल कर संकलनलाइ थप प्रभावकारी

बनाइनेछ ।

२२. करको प्रभावकारी संकलन र व्यवस्थापनको लागि कर असुली रणनीति तय गरी वडा तथा नगरस्तरीय कार्यक्रम सञ्चालन गरिनेछ ।

२३. आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण कार्यलाई थप प्रभावकारी बनाइने छ ।

२४. गैरकर आम्दानीको क्षेत्रको थप पहिचान तथा पहिचान भएका स्रोतहरुलाई सुदृढ गरी आन्तरिक आयमा वृद्धि गरिनेछ ।

२५. महानगरपालिकाको आन्तरिक स्रोतसाधनको प्रभावकारी परिचालन गर्न प्रगतिशील कर प्रणालीको विकास, सक्षम कर प्रशासनको निर्माण, करको दायरा विस्तार र राजस्व चुहावट नियन्त्रणमा जोड दिईनेछ ।

२६. महानगरपालिकाले प्रवाह गर्ने सेवासँग सम्पत्ति कर, बहाल कर, व्यवसाय कर र विज्ञापन करलाई एकीकृत रुपमा आवद्ध गरिनेछ । करको दायरालाई विस्तार गने नीति अनुरुप आ.व. २०७६/०७७ लाई 'महानगर कर अभियान वर्ष'का रुपमा मनाइनेछ ।

२७. महानगरपालिकाका सम्पूर्ण करदाताहरुको तथ्यांक संकलन गरी अभिलेख अध्यावधिक गरिनेछ । राजस्व असुली कार्यमा विभिन्न निकायहरुसँग समन्वय तथा सहकार्य गरी राजस्व परिचालनमा अभिवृद्धि गरिनेछ । राजस्व असुलीलाई नागरिकलाई प्रदान गरिने सेवा सुविधासँग आवद्ध गरिनेछ ।

२८. महानगरपालिका क्षेत्रभित्र सञ्चालन हुने गरी अनुमति लिएका संघसंस्था एवं व्यापार व्यवसाय दर्ता/नवीकरण र खारेजी हुनुपूर्व पोखरा महानगरपालिकाको सिफारिस अनिवार्य लिनुपर्ने व्यवस्थाका लागि सम्वद्ध निकायहरुसँग सहकार्य गरिनेछ ।

२९. वहाल करलाई प्रभावकारी बनाउन बहालमा दिने र लिने बीच सम्झौता अनिवार्य गर्नुपर्ने व्यवस्था मिलाइनेछ । वहालकर असुलीलाई थप प्रभावकारी बनाउनका लागि आन्तरिक राजस्व विभाग, संघीय राजस्व कार्यालयहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

३०. सबै करदाताको विवरण डिजिटल प्रणालीमा आवद्ध गरी प्रत्येक करदाताले अनलाइन प्रविधि मार्फत् कर बुझाउन सकिने प्रणालीको विकास गरिनेछ। करदातालाई तत्काल कर सम्बन्धी सूचना उपलब्ध गराउन कर हटलाइन सेवा सुरुवात गरिनेछ ।

३१. करको दायरा अभिवृद्धि गर्न विदेशी पर्यटकले पोखरा महानगरपालिका क्षेत्रभित्रको होटल खर्चमा पर्यटन उपभोग कर र पर्यटकीय सम्पदाहरुमा पर्यटन शुल्क लगाउनका लागि आवश्यक तयारी गरिनेछ ।

३२. आन्तरिक स्रोतको परिचालनबाट महानगरको वित्तीय सवलीकरण र आर्थिक स्थायित्व कायम गरिनुका साथै महानगरको वित्तीय पक्षलाई समग्र आर्थिक समृद्धिको मूल आधार बनाइनेछ ।

३३. आन्तरिक आय वृद्धिका लागि थप सम्भाव्य स्रोतको पहिचान गरी कार्यान्वयन गरिनेछ ।

३४. आर्थिक वर्ष ०७२।०७३ भन्दा अघिल्ला वर्षहरुमा व्यवसाय सञ्चालन गरेका तर कर नतिरेका व्यवसायीहरुको हकमा सहुलियत दिई एक पटकका लागि दर्ता तथा नवीकरण गर्ने व्यवस्था मिलाइनेछ ।

३५. 'नागरिकले तिरेको कर विकास र सेवाप्रवाह मार्फत फर्केर पुग्दछ घर घर'भन्ने मान्यताका साथ सुशासन, पारदर्शीता र विकास प्रशासनलाई थप सुदृढ तुल्याइनेछ । उद्योग, व्यापारीको हितको लागि उद्योग व्यापार संरक्षणकोष स्थापना गरी लागू गरिने छ ।

**कर छुट सम्बन्धी व्यवस्था**

- महानगरमा अन्डरग्राउन्डमा पार्किङसहित नक्सापास गर्दा दस्तुरमा एक तलाको राजश्व छुटको व्यवस्था र भूकम्प पीडित लाभग्राहीमा परेका परिवारले नक्सापास गर्दा दस्तुरमा एक हजार स्क्वायर फिटको ग्राउन्ड लेवलसम्म नक्सापास दस्तुरमा सतप्रतिशत छुटको व्यवस्था गरि एको छ । पोखरा महानगरपालिका क्षेत्र भित्र पुरातात्विक महत्वका पुराना घरहरु भत्केको स्थानमा साविककै शैली झल्कने गरी भवन निर्माण गरेमा ५० प्रतिशत छुट दिइनेछ । पूर्ण रुपमा पार्किङ भवन बनाएमा सतप्रतिशत राजश्व छुट दिइनेछ ।
- महानगरका ग्रामीण पर्यटकीय क्षेत्रमा भवन निर्माण गर्दा नक्सापास दस्तुरमा ५० प्रतिशत छुट दिइने छ ।
- अपांगता भएकाहरु, पिछडिएका वर्ग तथा महिलाले व्यवसाय दर्ता गर्दा ३० प्रतिशत छुट, कृषि सम्बन्धी व्यवसायको लागि ३० प्रतिशत छुट, सम्पत्ति, भूमिकर (मालपोत) कर पुस मसान्तसम्म भुक्तानी गरेमा १० प्रतिशत छुट र कम्तिमा ३ रोपनी भन्दा बढी जग्गा कृषि प्रयोजनमा रहेको छ भने ३० प्रतिशत भूमिकरमा छुटको व्यवस्था गरिनेछ ।
- २० माइक्रोन भन्दा कम पातलो प्लास्टिक र फुटेका सिसाहरुको निकासीमा सत प्रतिशत कर छुट दिइने छ ।

अब म, आ.व. २०७६/०७७ को लागि क्षेत्रगत विनियोजन तर्फको बजेट प्रस्तुत गर्न चाहन्छु,

कुल बजेट मध्ये प्रशासनिक खर्चमा २ अर्ब १५ करोड ५४ लाख ४० हजार, विभिन्न कोषहरुमा ४० करोड, संसद विकासका कोष कार्यक्रम १४ करोड तथा विभिन्न विषयगत समितिहरुको पुँजीगत खर्च ४ अर्ब ७० करोड ९९ लाख ६० हजार विनियोजन गरेको छु ।

पूर्वाधार तर्फ

१) आगामी आवको लागि महानगरका सहरी र पहाडी क्षेत्रमा सडक कनेक्टिभिटी सहज बनाउने कार्यलाई उच्च प्राथमिकतामा राख्दै सडकको वर्गीकरण गरी

प्राथमिकताका आधारमा अगाडि बढाइएका कनेक्टिङ सडकको आगामी आवमा सम्पन्न गर्ने गरी ७२ करोड ४० लाख ३८ हजार बजेट विनियोजन गरेको छु ।

२) चालु आवमा काम सुरु गरिएका भोटीखोला मोटरेबल पुल,घोरकुना मोटरेबल पुल, फिर्के खोला मोटरेबल पुल निर्माणलाई निरन्तरता दिँदै अन्य चार स्थानमा पक्की पुल निर्माणको लागि २३ करोड २८ लाख ३५ हजार रुपैं याँ विनियोजन गरेको छु ।

३) वडा कार्यालयलाई अत्यावश्यक सेवा सञ्चालन गर्न सहज हुने गरी यस आवमा निर्माण सुरु गरिएका वडा नम्बर २, ११, १२, ३०, ३२, १९ र २२ का कार्यालय भवन निर्माण सम्पन्न गर्नुको साथै अन्य भवन निर्माण गर्न क्रमागत योजनालाई निरन्तरता दिँदै आगामी आवमा ९ वटा वडाको कार्यालय भवन निर्माणको लागि २४ करोड ९७ लाख ५३ हजार रुपैंयाँ विनियोजन गरेको छु र साथै यस आवमा जग्गा व्यवस्थापन गरी महानगर पालिका भवन निर्माणको कार्यलाई अगाडि बढाउन ६ करोड रुपैंयाँ विनियोजन गरेको छु ।

४) सडक सुरक्षालाई उच्च प्राथमिकतामा राख्दै सिर्जनाचो कमा सुरु गरिएको आकाशे पुल निर्माणलाई आगामी आव भित्र सम्पन्न गरिनेछ । महानगरका व्यस्त चोकहरुमा ओ भरहेड र सबवे संरचना निर्माण, अध्ययन डिजाइनको कार्यलाइ अगाडि बढाउन आवश्यक बजेट विनियोजन गरेको छु । पोखरामा सडक पार्किङलाई निरुत्साहित गदै सार्वजनिक निजी साझेदारीमा पार्किङस्थल निर्माणको लागि आवश्यक व्यवस्था मिलाएको छु ।

५) महानगरपालिका क्षेत्र भित्र अटो भिलेज निर्माणको लागि अध्ययन तथा सर्वेक्षणका लागि आवश्यक बजेट प्रस्ताव गरेको छु ।

६) उज्यालो पोखरा कार्यक्रम अन्तर्गत सडक छेउछाउमा रहे का सोलार बत्तीलाई मर्मत गर्दै आगामी वर्षमा नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा स्मार्ट सडक बत्तीको व्यवस्थापन गर्ने गरी १ करोड रुपैयाँ विनियोजन गरेको छु ।

७) सार्वजनिक यातायातमा वैज्ञानिक भाडादर कायम गर्न ई–टिकेटिङ लागू गर्न पोखरामा संचालनमा रहेका बस व्यवसायीहरुसँग समन्वय गरिने छ । साथै महेन्द्रपुल, पृथ्वीचोक, सभागृहचोक लगायतका स्थानमा ट्राफिक लाइट व्यवस्थापनको लागि आवश्यक सर्भे डिजाइन सम्पन्न भइसकेकाले निर्माण कार्य अगाडी बढाउनको लागि तिन करोड रुपैया बिनियोजन गरेको छु ।

८) मुख्य सहरी सडक अस्फाल्ट कंक्रिट गर्ने कार्य निरन्तर ताका लागि ८ करोड उन्नानपचास लाख बिस हजार विनियोजन गरेको छु । पोखरा वडा न १७ को आरटिओं सडक स्तरोन्नतिको लागि ९ करोड ४१ लाख ५९ हजार विनियोजन गरेको छु । घारीपाटन दोबिल्लाहुँदै पुँडीटार सडकलाई नमुना सडकका रुपमा विकास गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

९) लेक टु लेक केभ टु केभ जोड्ने सडकको प्राविधिक सवे क्षणको लागि आवश्यक बजेट व्यवस्था गरेको छु । पो खरा सभागृह मर्मत सम्भार कार्यलाई अगाडि बढाउनुका साथै २ सय ५० सिट क्षमताको सेमी हल निर्माण सम्पन्न गरिने छ । अन्तर्राष्ट्रिय स्तरको सभाहल निर्माणका समे तका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन ३ करोड बजेट व्यवस्था गरेको छु ।

१०) मुख्य सहरी क्षेत्र तथा बजार क्षेत्रमा सिसी क्यामेरा जडानको आवश्यक व्यवस्थाको लागि २ करोड रकम व्यवस्था गरेको छु । सडकका बीचमा रहेका बिजुलीको पोल स्थानान्तरण गर्न आवश्यक प्रबन्ध मिलाएको छु ।

११) सेती गर्जलाई साहसिक पर्यटन पूर्वाधार निर्माण, सर ङ्कोट पर्यटन पूर्वाधार निर्माण, पातलो छाँगोमा सिसाको पुल निर्माण लगायतका आयोजना अगाडि बढाउन सार्वजनिक निजी साझेदारी कोष स्थापना गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

१२) महानगरपालिका क्षेत्र भित्र निर्माण गरिएका २० लाख भन्दा बढी लागत भएका आयोजनाको तेस्रो पक्ष मूल्यांकनको लागि आवश्यक व्यवस्था गरेको छु ।

१३) महानगरस्तरीय क्रमागत योजनाहरुलाई आगामी आ.व. मा निरन्तरता दिनुको साथै सडक मर्मत सम्भार कोष सञ्चालनको व्यवस्था मिलाएको छु ।

१४) महानगर डिजिटल सिटी गुरुयोजना निर्माण गर्नका लागि ४ करोड रुपैंया विनियोजन गरेको छु । पोखराको भू–उपयोग नीति अध्यावधिक गरी नक्साकन गर्न ४ करोड रुपैंया विनियोजन गरेको छु ।

१५) एक वडा एक विशेष कार्यक्रम अन्तर्गत मझौला सडक निर्माण, नदी नियन्त्रण, पुल निर्माण, खेल मैदान निर्माण लगायतका आयोजना सञ्चालन गर्न ४५ करोड रुपैया बिनियोजन गरेको छु ।

१६) पोखरा बसपार्क व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु । गण्डकी प्रदेश सरकारसँगको सहकार्यमा लामे आहालमा बसपार्क निर्माणको लागि समपुरक कोषको व्यवस्था गरेको छु ।

१७) महानगर भित्र सञ्चालित आयोजनाको गुणस्तर कायम राख्न गुणस्तर मापन प्रयोगशाला यसै वर्षदेखि सञ्चालनको व्यवस्था मिलाएको छु ।

१८) पोखरा महानगरपालिका वडा न ३३ स्थित तल्लो पुँडीमा औद्योगिक क्षेत्र स्थापना गर्न समपुरक कोष अन्तर्गत बजेट व्यवस्था गरेको छु ।

१९) महानगर क्षेत्रका सडकमा रहेका विद्युत, टेलिफोन तथा इन्टरनेट तार अन्डर ग्राउन्डको लागि विशेष योजना सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२०) ग्रामीण कृषि सडक स्तरोन्नति तथा अन्य सहरी सडक मर्मत सम्भार तथा विस्तार गर्न ३ करोड बजेट विनियोजन गरेको छु ।

२१) ३३ वटै वडाहरुमा वडास्तरीय विकास निर्माणका कार्यक्रमलाई वडागत जनसंख्या क्षेत्रफल, मानव विकास सूचकांकलाई आधार लिई सूत्रवद्ध रुपमा ३६ करोड ४० लाख बजेट विनियोजनको व्यवस्था मिलाएको छु ।

**स्थानीय सेवाको व्यवस्थापन**

- प्रशासन र सेवा प्रवाह सुधारको कार्यलाई निरन्तरता दिइने छ । यसै आ.व.देखि कर्मचारी र जनप्रतिनिधिको विमा गर्ने कार्य अगाडि बढाउन आवश्यक वजेट विनियोजन गरेको छु ।
- श्रमको सम्मान तथा सामाजिक सुरक्षालाई ध्यानमा राखेर कम्तीमा एक वर्ष निरन्तर अवधि सेवा गरेका कर्मचारीले पाउने प्रत्येक महिनाको तलब स्केलबाट १० प्रतिशत कोष कट्टी गरी सो रकममा कार्यालयबाट सत प्रतिशत थप गरी सञ्चयकोष जम्मा गर्ने व्यवस्था मिलाउनका लागि बजेट विनियोजन गरेको छु ।
- कर्मचारीलाई वार्षिक एक पटक बढिमा ७ दिन कार्यालयले तोकेको समयमा नियमानुसार भ्रमण भत्ता पाउने गरी आन्तरिक पर्यटनलाई प्रोत्साहन गर्न बजेट व्यवस्था गरेको छु ।
- पाँच वर्ष भन्दा बढी समय काम गरेका कर्मचारीको लागि सामाजिक सुरक्षाकोषको व्यवस्था गरेको छु । जसका लागि महानगरपालिकामा पाँच वर्ष भन्दा लामो समयदेखि अस्थायी/करारमा कार्यरत कर्मचारीको मासिक तलबबाट ५ प्रतिशत कट्टा गरी महानगरले त्यसमा सतप्रतिशत थप गर्ने गरी कोष सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु । सामाजिक सुरक्षा कोषबाट प्राप्त गरिने सेवा सुविधा तोकिए बमोजिम हुने छ ।
- साविकमा स्थानिय तहले प्रदान गरेको स्थानिय भत्तालाइ निरन्तरता दिँदै पहाडी क्षेत्र तथा महानगर केन्द्रबाट टाढा रहेका वडा कार्यालयहरु वडा न १६,१८,१९,२०,२१,२२,२३,२४,२८,३२ र ३३ मा कार्यरत कर्मचारीहरुलाइ विशेष प्रोत्साहन भत्ता जनही रु. पन्ध्र सय रुपैंयाँ थप प्रदान गरिनेछ । उपरोक्त अनुसारको सुविधा न्युनतम ७० प्रतिशत कार्यालयमा रुजु हाजिर भई कार्य गरेको आधारमा प्रदान गरिनेछ ।
- स्थायी कर्मचारीहरुको हकमा नेपाल सरकारले तलबमानमा गरेको वृद्धि बमोजिम साथै अस्थायी/करार/सेवा करारमा कार्यरत कर्मचारीहरुको हकमा करार सम्झौता बमोजिम तलबमान समायोजन गर्ने गरी आवश्यक बजेट व्यवस्था गरेको छु ।

**सहकारी**

- नेपाल सरकारले अवलम्बन गरेको सहकारी, सार्वजनिक र निजी तीन खम्बे अर्थ नीति अनुसार महानगरबासीहरुको आर्थिक विकासको निम्ति एक वडा एक नमुना सहकारी, एक सहकारी एक उत्पादन कार्यक्रम अगाडि बढाउनका लागि आवश्यक बजेट ब्यवस्था गरेको छु ।
- दैनिक उपभोग्य बस्तु, कृषि, वन, मत्स्य तथा पशुजन्य पदार्थ उत्पादन र बिक्री वितरण गर्ने सहकारी संस्थाहरुलाई छुट तथा अनुदानको व्यवस्था गरिनुका साथै सुपथ सहकारी पसल सञ्चालनको लागि समवन्य गरिनेछ ।
- सहकारी उद्दमशीलता, वित्तीय साक्षरता, सहकारी एकीकरण अभियान तथा अनुगमन निरीक्षण कार्यलाई अगाडि बढाउनुका साथै सीप विकास प्रशिक्षण केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउनका लागि आवश्यक बजेट बिनीयोजन गरेको छु ।

**स्थानीय तथ्यांक र अभिलेख व्यवस्थापन**

- महानगरपालिकाको वडाहरुको गरिबी नक्सांकन तथा पारिवारिक विवरण संकलन कार्यलाई निरन्तरता दिँदै १ करोड बजेट विनियोजन गरेको छु ।
- सार्वजनिक सरकारी सम्पत्ति, राजस्व, घरनक्सा, पञ्जीकरण लगायतका विवरणको डिजिटल अभिलेखको कामलाई निरन्तरता दिन बजेट व्यवस्था गरेको छु ।
- सार्वजनिक जग्गाको लगत अध्यावधिक गर्दै २०७५–०७८ लाई सार्वजनिक जग्गा संरक्षणको वर्ष घोषणा गरे अनुरुप सार्वजनिक जग्गाको संरक्षणको गर्न सामाजिक संस्थाहरुसँग सहकार्य गरिनेछ । सार्वजनिक जग्गा संरक्षणका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

**शिक्षा**

- अनुसन्धान र खोजमूलक शिक्षामा जोड दिँदैं गत आवमा साझेदारी गरिएका विद्यालयको नतिजाका आधारमा साझेदारी कायम गर्ने नीति लिइएको छ । एक प्रादेशिक निर्वाचन क्षेत्र एक प्रविधिमैत्री विद्यालय सञ्चालन गर्न दुई करोड रकम विनियोजन गरेको छु ।
- पोखरा प्राविधिक शिक्षालय सञ्चालनको प्रक्रिया अगाडि बढाउन दुई करोड विनियोजन गरेको छु । महानगर अनुसन्धान तथा विकास केन्द्र स्थापना गरी विविध विषयवस्तुको अध्ययन अनुसन्धान गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।
- धुलोमुक्त कक्षाकोठा अभियान (धजष्तभदयबचमरन्चभभल दयबचम)लाई निरन्तरता दिँदै बालबिकास सहयोगी कार्यकर्ताको पारिश्रमिक र विद्यालय कर्मचारी पोशाक अनुदान कार्यक्रमलाई निरन्तरता गर्न बजेट व्यवस्था गरेको छु ।

**हाम्रो अभिभारा, स्वच्छ सुन्दर पोखरा**

- आधुनिक र व्यवस्थित पशु बधशाला निर्माणको लागि प्रदेश सरकारसँगको सहकार्यमा काम अगाडि बढाउन सभे ' सुरु गरिसकिएको छ । व्यवस्थित बधशाला निर्माणमा साझेदारीका लागि दुई करोड रुपैंयाँ विनियोजन गरेको

छु ।

- महानगर क्षेत्रभित्र वैकल्पिक ल्याण्डफिल साइट खोजी एवं सम्भाव्यता अध्ययन गर्न बजेट विनियोजन गरेको छु । फोहोरलाई मोहोरमा परिणत गर्न महानगरमा संकलित फोहोरबाट ऊर्जा तथा कम्पोस्ट मल बनाउने कार्य सार्वजनिक निजी साझेदारी अवधारणामा अगाडि बढाउनका लागि आवश्यक व्यवस्था मिलाएको छु ।
- सार्वजनिक निजी साझेदारी कार्यक्र अर्न्तगत स्थापित तथा सञ्चालित अस्पताल तथा स्वास्थ्य संस्थाजन्य फोहोर तथा विषादीयुक्त फोहोर व्यवस्थापनको लागि एकीकृत फोहोर व्यवस्थापन केन्द्रलाइ थप व्यवस्थित गरी एकीकृत सेवा प्रदानका लागि आवश्यक व्यवस्था मिलाएको छु ।
- आवश्यक सेवासहितको थप सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना गर्नुका साथै आधारभूत स्वास्थ्य सेवा, भ्याक्सिन र खोपहरु निशुल्क गर्न बजेट व्यवस्था गरेको छु । एक वडा एक स्वास्थ्य संस्थाको नीति कार्यान्वयन गर्न भौतिक पूर्वाधार निर्माणको लागि प्रदेश र संघ सरकारसँग साझेदारी गरिनेछ ।
- सबैको लागि स्वास्थ्य सेवा कार्यक्रम वडा वडामा सञ्चालन गर्न एक करोड रकम विनियोजन गरेको छु । स्वास्थ्य बिमाको कार्यक्रमलाई अनिवार्य गर्दै ज्येष्ठ नागरिक स्वास्थ्य उपचारका लागि बजेट व(यवस्था गरेको छु ।
- महानगरभित्र सञ्चालित अस्पताल, फार्मेसी लगायत निजीस्तरमा सञ्चालित स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन तथा नियमनका लागि बजेट व्यवस्था गरेको छु ।

**वातावरण**

- फेवाताल जलाधार क्षेत्र संरक्षणका लागि प्रदेश सरकारसँगको सहकार्यमा फेवातालमा सिल्ट्रेसन ड्याम निर्माण तथा जलाधार क्षेत्र संरक्षण आयोजनाका लागि ३३ करोड ७९ लाख ४३ हजार रुपैंयाँ विनियोजन गरेको छु ।
- एक वडा एक फलफूल बगैचा, एक विद्यायालय दश बिरुवा कार्यक्रमलाई अगाडि बढाउन तथा पार्कहरुलाइ व्यवस्थित गर्न एक करोड २० लाख विनियोजन गरेको छु ।
- राष्ट्रिय विभूति तथा सहिद पार्क निर्माण कार्यलाई निरन्तरता दिँदै एक करोड रकम बिनियोजन गरेको छु ।
- खुल्ला स्थानहरुमा सर्भिस स्टेसन तथा जग्गको उपलब्धता हेरि सार्वजनिक शौंचालय निर्माणको लागि दुइ करोड पचास लाख बिनियोजन गरेको छु ।
- ढल निकास गुरुयोजना तयारीका लागि दुइ करोड बिनियोजन गरेको छु । सुइखेत खोला, कालीखोला, सेती नदी, खुदीखोला, काहुँखोला तथा नदीहरुले बस्तीमा पारेको असर न्यूनीकरण गरी संरक्षण गर्न ३ करोड रकम बिनियोजन गरेको छु ।
- सराङकोट, कास्कीकोट, भदौरे, पुम्दीभुम्दी जोड्ने पैदल मार्ग र दिपाङ ताल लगायतका स्थानमा पैदल मार्ग निर्माणको लागि दुइ करोड बिनियोजन गरेको छु ।
- काहुँ धरहरा र ठूलाकोट पर्यटन पूर्वाधार निर्माण तथा संरक्षणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- बर पीपल चौतारी संरक्षणलाइ विशेष प्राथमिकतामा राखी कालिका पोखरी, चितेपानी पोखरी तथा कश्यप ताल संरक्षणको लागि डिपिआर तयार गरी निर्माण सुरु गर्न बजेट बिनियोजन गरेको छु ।
- शान्तिघाटमा निर्माणाधीन इलेक्ट्रिक शवदाहस्थल व्यवस्थापन सञ्चालन गर्दै रामघाट र वैकुण्ठघाटमा इलेक्ट्रिक शवदाहस्थल निर्माणको लागि एक करोड विनियोजन गरेको छु ।

**पोखराको समृद्धि, उत्पादनमा वृद्धि**

- मेयर प्रविधि मैत्री कृषि परियोजना मार्फत कृषि पकेट क्षेत्र निर्माण गरी उत्पादनमा जोड दिन दुइ करोड विनियोजन गरेको छु । पोखरेली मसिना चामल तथा जेठोबूढो चामल उत्पादनमा जोड दिन उत्पादनको आधारमा प्रोत्साहन भत्ता उपलब्ध गराउने गरी आवश्यक बजेट व्यवस्थापन गरेको छु ।
- घास खेतीमा जोड दिँदै पशु पालनमा प्रोत्साहन गर्न प्रति रोपनी घास खेतीमा रु. ३ हजार अनुदान प्रदान गर्न बजेट व्यवस्था गरेको छु

**न्यायिक समिति**

- न्यायिक समिति मार्फत् प्रदान गरिने सेवालाई मेलमिलाप तथा मध्यस्तताको माध्यमबाट थप प्रभावकारी र सर्वसुलभ बनाउन १ करोड बजेट विनियोजन गरेको छु ।
- लैंगिक समानता तथा हिंसामा परेका महिलाको सहायता लागि कानुनी परामर्श तथा सहायता कक्षलाई थप व्यवस्थित र सुलभ बनाउन आवश्यक बजेट व्यवस्था गरेको छु ।

**सामाजिक सुरक्षा**

- एकल महिला, ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति, अनाथ बालबालिका, सिमान्तकृत र लोपोन्मुख समुदायका लागि यातायात, स्वास्थ्य र शिक्षा क्षेत्रमा सहुलियत प्रदान गर्न आवश्यक बजेट विनियोजन गरेको छ ।
- हरेक वर्ष विश्व ज्येष्ठ नागरिक दिवस (अक्टुबर १) मा महानगरका सबै भन्दा ज्येष्ठ महिला र पुरूषलाई महानगर माता र महानगर पिता को सम्मान गर्न बजेट विनियोजन गरेको छु ।
- पत्रकार सामाजिक सुरक्षाका लागि पत्रकार उपचार कोष सञ्चालनलाई निरन्तरता प्रदान गर्दै कोष सञ्चालनलाई बजेट विनियोजन गरेको छु ।

- महिला हिंसा विरुद्ध पुरुषहरुको ऐक्यवद्धता सम सचेतता कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

**डिजिटल तथा कलर क्लस्टर निर्माण**

- महानगरको केही वडामा रंगिन क्लस्टर निर्माण गरी नमुना बनाउने कार्यको थालनी गर्न २ करोड बजेट विनियोजन गरेको छु ।
- वडा कार्यालय तथा विद्यालयमा सिसिक्यामेरा जडान गर्नुका साथै मुख्य सहरी क्षेत्रमा समेत सिसि क्यामरा विस्तार गर्न २ करोड बजेट विनियोजन गरेको छु ।

**उपप्रमुखसँग महिला कार्यक्रम**

- 'समृद्धि र विकास निर्माणको आधार, सम्पूर्ण क्षेत्रमा महिलालाई समान व्यवहार' को नारालाई आत्मसाथ गदै ' महानगर क्षेत्रभित्र महिला सशक्तीकरण र उद्यमशीलता विकासको लागि उपप्रमुखसँग महिला कार्यक्रमलाई निरन्तरता दिनका लागि २ करोड विनियोजन गरेको छु ।
- महिला उद्यमशीलता विकास तथा रोजगारी प्रवर्द्धनका लागि ५० महिला उद्यमी ५ सय महिला रोजगार कार्यक्रमलाई निरन्तरता दिन १ करोड विनियोजन गरेको छु ।
- क्षमता तथा सीप विकास अभिवृद्धि गर्न महानगरीय सिप विकास केन्द्र स्थापना तथा सञ्चालन गर्न २ करोड विनियोजन गरेको छु ।
- सीप विकासबाट उत्पादन गरिएका सामानहरुलाई बजार ीकरण गर्नका लागि उपहार केन्द्र स्थापना गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**युवा तथा खेलकुद**

- महानगर क्षेत्र भित्र रहेका युवा क्लब र सामाजिक संघसंस्थालाई सूचिकृत गरी युवालाई व्यवसाय तथा उद्यममा प्रेरित गर्दै वेरोजगारी समस्या समाधान गर्न युवा उद्यम कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।
- महानगर युवा परिषद् तथा खेलकुद विकास समिति गठन र सञ्चालन गर्न ५० लाख विनियोजन गरेको छु ।
- गोस्तेघाट, भण्डारढिक, आर्बा र विजयपुरमा आधुनिक खेल मैदान निर्माण गर्नुका साथै वडा नम्बर २० मा हाइअल्टिच्युट खेल मैदान निर्माण गर्न ३ करोड विनियोजन गरेको छु ।
- एक वडा एक खेल मैदान निर्माण कार्यलाई निरन्तरता दिन १ करोड बजेट व्यवस्था गरेको छु ।
- 'स्वास्थ्यका लागि व्यायाम' मा जोड दिँदै टोल तथा पार्कहरुमा खुल्ला व्यायामशाला निर्माण गर्ने कार्यलाई निरन्तरता दिँदै १६ स्थानमा व्यायाम सामग्री जडानको लागि ५० लाख बजेट व्यवस्था गरेको छु ।

**स्वच्छ खानेपानी, स्वस्थ समाज**

- महानगरपालिकाका जनतालाई सफा र स्वच्छ पिउनेपानी उपलब्ध गराउन जनतासंगको सहलगानीमा खानेपानी मूलको संरक्षण गर्दै लिफ्टिङ पद्धत्तिलाई प्राथमिकतामा राखि 'एक घर एक धारा' अभियानलाई जोड दिँदै १० करोड बजेट विनियोजन गरेको छु ।

**भाषा, कला, साहित्य, संस्कृतिको संरक्षण र विकास**

- विद्यालयमा स्थानीय भाषामा कक्षा सञ्चालनको लागि आवश्यक पाठ्यक्रम तर्जुमा गरी सम्बन्धित भाषाभाषीहरुको बाहुल्यता रहेका क्षेत्रका विद्यालयमा लागू गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।
- परम्परागत तथा मौलिक पेशा, व्यावसाय र लोपोन्मुख कला, ज्ञान र सीपको पहिचान गरी सोको संरक्षण र सम्वर्द्धन लागि बजेट विनियोजन गरेको छु ।
- होमस्टेहरुमा स्थानीय नृत्य तथा मौलिक भेषभुषा तथा संस्कृति झल्कने कार्यक्रम सञ्चालनमा जोड दिँदैं सांस्कृतिक ग्राम निर्माण गर्न पहल गरिनेछ । एतिहासिक र पुरातात्विक मठ मन्दिरहरुको मर्मत तथा संरक्षणलाई आवश्यक बजेट विनियोजन गरेको छु ।
- शिक्षा, स्वास्थ्य, भाषा, संस्कृति, कला साहित्य आदिको विकासमा योगदान पुर्‍याउने व्यक्तिहरुलाई महानगर स्थापना दिवसमा नवरत्न सम्मानद्वारा सम्मानित गने ' कार्यलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु ।
- पोखरा महानगरपालिका वडा नम्बर २७ अर्चेलस्थित कवि शिरोमणि लेखनाथ पौड्यालको जन्मस्थललाई साहित्य अनुसन्धान केन्द्रको रुपमा विकास गर्ने ५० लाख विनियोजन गरेको छु ।
- महानगर प्रज्ञा प्रतिष्ठान गठन र सञ्चालन गर्न ५० लाख बजेट विनियोजन गरेको छु ।
- अन्त्यमा, प्रस्तुत वार्षिक बजेट तर्जुमा गर्ने कार्यमा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुर्‍याउनुहुने सम्पूर्ण कार्यपालिका सदस्यज्यूहरु, सभासदज्युहरु, नगरस्थित क्रियाशील राजनीतिक दलहरु, नगरबासी दाजुभाइ तथा दिदीबहिनीहरु, कर्मचारी मित्रहरुलाई पुनः धन्यवाद दिन चाहन्छु । पोखराको विकास प्रक्रियामा सहयोग उपलब्ध गराउने नेपाल सरकार, दातृ निकाय, सहयोगी संघ संस्था तथा निकायहरु, निजी क्षेत्र प्रति म, पोखरा महानगर पालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि सहयोग निरन्तर रुपमा प्राप्त हुने नै छ भन्ने विश्वास लिएको छु ।
- आगामी आर्थिक वर्षका लागि पेश गरिएको बजेट तथा कार्यक्रम र सो सँग सम्बन्धित अर्थ विधेयक र विनियोजन विधेयक उपर रचनात्मक एवं सिर्जनात्मक ढंगले सघन छलफल गरी पारित गरिदिनु हुने छ भन्ने विश्वासको साथ सम्पूर्ण नगर सभासदज्यूहरुमा हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद

# ७ अर्ब ५४ लाखको बजेट

पोखरा महानगरपालिकाले चालु आर्थिक वर्ष २०७६/०७७ का लागि ७ अर्ब ५४ लाख रुपैंयाँको वार्षिक बजेट पारित गरेको छ ।

महानगरको पाँचौ नगरसभामा उपप्रमुख एवं राजश्व परामर्श समितिका संयोजक मञ्जुदेवी गुरुङले वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्नुभएको हो । बजेटमा, संस्थागत क्षमता विकास, सुशासन प्रर्वद्धन, आन्तरिक स्रोतको अधिकतम परिचालन, आर्थिक भौतिक र सामाजिक पूर्वाधार विकास, कृषि क्षेत्रको आधुनिकीकरण, पर्यटन, स्वास्थ्य तथा शिक्षा क्षेत्रको विकास मुख्य प्राथमिकतामा परेका छन् ।


बजेटले सहरी र ग्रामीण क्षेत्रको सम्पर्कलाई सहज बनाउन कनेक्टिङ सडक तथा पुल निर्माणलाई प्राथमिकतामा राखेको छ । पोखरामा अन्तर्राष्ट्रियस्तरको सभाहल निर्माण, मुख्य सहरी क्षेत्रमा सिसिटिभी क्यामेरा जडान, भू-उपयोग नीति अद्यावधिक गरी नक्सांकन, महानगरस्तरीय प्रज्ञा प्रतिष्ठानको सुरुवात, ताल संरक्षण, कवि शिरोमणि लेखनाथ पौड्यालको जन्मस्थललाई साहित्य अनुसन्धान केन्द्रका रुपमा विकास गर्ने, एक वडा एक खेल मैदान लगायतका विशेषताहरुसहित पारित बजेटका विषयमा हामीले महानगरस्थित विभिन्न क्षेत्रको प्रतिनिधित्व गर्नुहुने महानुभावसँग रचनात्मक सुझाव सहितको प्रतिक्रिया लिने प्रयास गरेका छौं । प्राप्त रचनात्मक सुझाव र प्रतिक्रियाले महानगरबासीले अपेक्षा गरे अनुरुपको महानगर विकासमा सहयोग पुर्‍याउने एवं महानगर र आम नगरबासीबीचमा सम्बन्ध सेतुको भूमिका निर्वाह गर्ने हाम्रो विश्वास छ ।

**पोखरा महानगर पालिकाले पारित गरेको चालु आर्थिक वर्ष २०७६/०७७ को बजेट माथि विभिन्न क्षेत्रका व्यक्तिहरुको बजेट दृष्टिकोण ।**




**पोखरा महानगरपालिकाको असार ८ गतेदेखि १० गतेसम्म सञ्चालन भएको पाँचौं नगरसभामा सहभागी नगर सभा सदस्यहरु**

# पर्यटन र महानगरको नीति



• आनन्दराज मुल्मी

आर्थिक वर्ष २०७६/०७७ को लागि पोखरा महानगरपालिकाले नीति तथा कार्यक्रम स्वीकृत गरी त्यसैको आधारमा वार्षिक बाजेट सार्वजनिक गरेको छ । नेपालको संविधान २०७२ ले स्थानीय सरकारलाई धेरै हदसम्म शक्ति र अधिकार सम्पन्नसहित स्वायत्त अधिकार समेत प्रदान गरेको छ । र, आफ्नो गाउँ र नगर पालिकालाई कस्तो बनाउने कस्तो रुपमा लैजाने, आफ्धना बासिन्दलाई अधिकतम सेवा कसरी पुऱ्याउने देखि आवश्यक स्रोत जुगाड गर्न कर, शुल्कको माध्यमबाट राजश्व उठाउन सक्ने अधिकारसहितका व्यवस्था गरिएको पाउँछौं । यस अर्थमा दीगो विकास, व्यवस्थित सहर, लगानी गर्न योग्य र आकर्षक ठाउँ, विशिष्ट केन्द्रको रुपमा स्थापित गर्ने योजनासहित आफ्नो पालिकाको समग्र विकासमा जुट्न सक्ने विद्यमान अवस्था रहेको छ ।

पोखरालाई पर्यटकीय केन्द्र, पर्यटनको राजधानी बनाउने राजनीतिक र आर्थिक प्रतिबद्धतासहितको नारा धेरै समयबाट सुनिरहेका छौं । हिजोका दिनहरुमा के कस्ता नीति तथा कार्यक्रमहरु सम्पादन भए त्यसले समग्रमा कति प्रभाव पाऱ्यो यी विषयमा चर्चा परिचर्चा गर्नु भन्दा यो आर्थिक वर्षमा पोखरा महानगरपालिकाले कस्तो नीति अवलम्बन गर्न खोजेको छ, पर्यटन क्षेत्रबाट महानगरपालिकाको स्रोत साधन बढाउन कति मद्दत पुऱ्याएको छ ?, महानगरले लिने नीतिबाट पर्यटक संख्या, स्तर, अम्दानीको बढोत्तरी समग्र पोखराको छवि कति वृद्धि हुन सक्ने र पर्यटन व्यवसायलाई कति उत्साहित बनाउन सक्ला यस विषयमा मात्र केन्द्रित हुन आवश्यक छ । नीति तथा कार्यक्रममा उल्लेखित पर्यटनसँग सम्बन्धित बुँदाहरु निम्न छन् ।

क) स्मार्टसिटी अन्तर्गत इ गभर्नेन्समा जोड, मुख्यचोकहरुमा सिसिटिभी जडान गर्ने र पोखराको महत्वपूर्ण सूचना समेटिएको म्यापबुक तयार गरी प्रकाशन गरिएको छ । (ख) 'हाम्रो प्रयास अन्तराष्ट्रिय सहर निर्माणको अभ्यास' अन्तर्गत निर्माण मापदण्डलाई व्यवहारिक र कार्यान्वयन योग्य बनाउने, छाडा चौपाँयालाई व्यवस्थापन गर्ने, (ग) पोखरालाई पर्यटकीय केन्द्रको रुपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण समन्वय गर्नुका साथै ट्राफिक लाइट, पार्किङ र सर्भिस स्टेसन, सुरक्षाको लागि पैदल मार्ग र सरसफाइमा विशेष ध्यान दिने(घ) पोखरा र अन्य सहरबीच प्रगाढ सम्बन्ध बनाउन र लगानी मैत्री वातावरण सिर्जना गर्न भगिनी सम्बन्ध विस्तार गरिएका सहरहरुबीच द्विपक्षीय, र बहुपक्षीय सम्मेलन आयोजना गर्ने(ङ) 'ग्रिन पोखरा क्लिन पोखरा' अभियानलाई सार्थक बनाउने गरी प्रदुषणरहित सहरको रुपमा विकास गर्ने(च) हाम्रो चाहना पर्यटन मैत्री निर्माण संरचनालाई अभियानकै रुपमा अगाडि बढाइ प्रदेश भ्रमण वर्ष २०१९ र नेपाल भ्रमण वर्ष २०२० लाई सफल बनाउने(छ) 'लेक टु लेक, केभ टु केभ' नमुना मार्गको रुपमा अगाडि बढाउने (ज) सेती गर्जलाई पर्यटन पूर्वाधारको रुपमा विकास गर्ने, पातलो छाँगोमा सिसापुल, सराङकोटमा पर्यटन पूर्वाधार निर्माण गर्ने (झ) महानगरका ९ वटा तालहरुको संरक्षण, प्रवर्द्धन र विकास अनि वरपर पैदल मार्ग निर्माण गर्ने(ञ) शान्तिवन बाटिकालाई बोटानिकल गार्डेन, पचभैयामा जैविक विविधता संरक्षण केन्द्र, पञ्चासेलाई सुनाखरी संरक्षण क्षेत्रको रुपमा विकास गर्ने,(ट) पुम्दीकोट, ठूलाकोट कालभैरव, बेगनासतालको तालवाराही, भद्रकाली, सराङकोट क्षेत्रहरुमा पूर्वाधार निर्माण र संरक्षण गरी धार्मिक पर्यटन प्रवर्द्धन गर्ने गरी ११ बुँदामा उल्लेख गरी पर्यटन प्रवर्द्धन गर्ने नीति पारित भएपछि सोहीअनुसार बजेट विनियोजन भएको हुनुपर्छ भन्ने विश्वास गर्न सकिन्छ ।

> **पर्यटन क्षेत्रबाट महानगर पालिकाले आफ्नो आम्दानीकै ठूलो भाग ओगटन सक्यो भने मात्र उच्च स्तरको पर्यटक केन्द्रको रुपमा विकास गर्नका लागि लगानी सम्भव हुनेछ ।**

पर्यटन आफैं एउटा संवेदनशील क्षेत्र हो र पोखराको अन्तर्राष्ट्रिय जगतमा व्यापक प्रचार प्रसार गरेपछि मा मुलुकको पहिचान स्थापित हुन मद्दत पुग्दछ । भारत, चीन, लगायत १८/२० मुलुकका जम्माजम्मी ३ लाखको हारहारीमा पोखरा घुम्न पर्यटकहरु आएको तथ्यांक सार्वजनिक भएको छ । पोखरा आउने पर्यटकहरुको बसाइ ३ दिन भन्दा कम रहेको र दैनिक ५० डलर भन्दा कम खर्चिने गरेकाले प्राकृतिक सुन्दरता अनुरुप पर्यटकलाई आकर्षिक तगर्न नसकेको स्पस्ट हुन्छ । पर्यटन क्षेत्रमा गरिएको लगानी अनुसारको प्रतिफल प्राप्त गर्न निकै ठूलो मेहनत गर्नुपर्ने अवस्था छ । पर्यटन पूर्वाधार, पर्यटकहरुलाई दिन गुर्जाने ठाउँ र आकर्षण गर्न सक्ने ठाउँको विस्तार, पर्यटनको सुरक्षा, पर्यटकलाई उपलब्ध गराउने सेवाको गुणस्तरमा हामीले ध्यान पुऱ्याउन सकेका छै



**पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको धावन मार्ग**

नौं । पोखरा महानगरपालिकाले पोखराको पर्यटन प्रवर्द्धनमा लगानी गर्न चासो देखाउन जरुरी छ । पोखरा बनाउन, समृद्ध सहर बनाउन र घुम्न र बस्न लायकको सहर बनाउन धुवा धुलो मुक्त, प्रदुषणरहितको सहर बनाउन, व्यवस्थित र आकर्षक सहर बनाउन जति चासो महानगरपालिकाले देखाउनु पर्छ त्यति संघीय र प्रदेश सरकारले देखाउँदैनन् । ठूला लगानी भएका पूर्वाधारहरु निर्माण गर्न संघीय सरकारलाई सहयोगको लागि अनुरोधसहित योजना पेश गर्न पर्दछ । महानगरका योजनामा सहयोग र समन्वय गर्न प्रदेश सरकारसँग हातेमालो गर्नुपर्दछ । महानगरपालिकाले बनाउने दूरगामी योजना र रणनीतिमा संघीय र प्रदेश सरकारलाई सहभागी गराउन सक्नुपर्दछ ।

पोखराको पर्यटन प्रवर्द्धन रणनीति योजना महानगरपालिकाले बनाउने हो, पोखराको स्वामित्व ग्रहण गर्ने काम महानगरपालिकाकै हो त्यसैले पोखरामा इन्जोय जोन बनाउने/नबनाउने, टापुमा टि हाउस खोल्ने/नखोल्ने, क्यासिनो वा रेडलाइट एरिया निर्माण गर्न दिने वा नदिने, तालहरुमा क्रुज चलाउन दिने वा नदने, वाटर स्पोर्टस, सोलार बोट सञ्चालन गर्ने/नगर्ने काम महानगर पालिकाको हुनुपर्दछ । हामीले के कुराको हेक्का राख्नु पर्दछ भने हालसालै नेदरल्यान्डको एम्सटर्डम र इटालीको भेनिसमा अत्यन्तै धेरै संख्यामा पर्यटकहरु आएका र आउने क्रम जारी भएकाले त्यस सहरका मेयरले पर्यटकहरुलाई सीमित संख्यामा मात्र प्रवेश गर्ने गरी आदेश जारी गरे ।

सहर भनेकै महानगरपालिकाले नै व्यवस्थित गर्ने हो, र अव्यवस्थित भयो भने पनि महानगरपालिकाले नै जिम्मेवारी लिनुपर्छ । नगरवासीले सेवा पाएनन् भने महानगरपालिका जवाफदेही हुनुपर्छ । त्यसैले महानगरपालिका भनेकै प्रभावशाली निकाय नै हो, जसले आफ्नो सहरलाई व्यवस्थित गर्ने जिम्मा लिएको हुन्छ । यस्तो महत्वूर्ण जिम्मेवारी लिएको महानगरपालिका आफूलाई सशक्त संस्थाको रुपमा स्थापित भइ प्रभावकारी काम गर्न हौसिनु पर्छ ।


धेरै अनगिन्ती कामहरु मध्य सहरलाई व्यवस्थित र चिटिक्क, सफा र हरियाली सुन्दर सहर र आकर्षक केन्द्रको रुपमा विकास गर्नु प्रमुख काम हो । आर्थिक वर्ष २०७६/०७७ का लागि बनाइएको नीति, कार्यक्रमहरु पूरा गरी पर्यटन क्षेत्रलाई व्यवस्थित बनाउन ध्यान पुग्नेनै छ । तर, जति पर्यटन क्षेत्रमा लगानी गरिन्छ सो अनुसार प्रतिफल प्राप्त गर्न सक्रिय रहनु पदर्छ नै । नेपालको पर्यटकीय राजधानी सहर भनेर पोखरालाई भनिरहँदा महानगरपालिकाको आम्दानमा पर्यटनको क्षेत्रको अंश न्यून रहेको छ । आर्थिक वर्ष २०७५/०७६ मा करिब ५० लाखको हारहारीमा मात्र पर्यटन शुल्क बाट आम्दानी भएको देखिन्छ । पर्यटन क्षेत्रको विकास, विस्तार, प्रवर्द्धनबाट व्यवसायीको आयमा वृद्धि हुनसक्नु पर्दछ । यो सँग सम्बन्धित अन्य व्यवसायीहरुका आय विस्तार हुनुपर्दछ । यसबाट रोजगारको वृद्धि, र राजश्व वृद्धिमा पनि सहयोग पुग्नु पर्दछ । पर्यटकको आगमनले पोखराको गरिमा र छवि बढाउनु पर्दछ । पर्यटन क्षेत्रबाट महानगरपालिकाले आफ्नो आम्दानीकै ठूलो भाग ओगटन सक्यो भने मात्र उच्च स्तरको पर्यटक केन्द्रको रुपमा विकास गर्नका लागि लगानी सम्भव हुनेछ । आउँदा दिनहरुमा पर्यटकहरुका लागि आकर्षण हुने क्षेत्रमा नयाँ सिर्जनात्मक संरचनाहरुको निर्माण गर्न गम्भीर चिन्तन, सोंच र दृष्टिकोण राख्न जरुरी छ । पर्यटनको विकास र विस्तार नारामा व्यक्त गरेर मात्र हुन सक्दैन, ठूलो लगानी आवश्यक छ । लगानी गर्न प्रोत्साहन गर्ने नीति आवश्यक छ । आज गरिने लगानीको सुरुवात पूरा हुन २/३ वर्ष लाग्छ भन्ने ख्याल गरेर पर्यटनको मार्गचित्र बनाउन जरुरी छ ।

२ वर्षपछि निर्माण सम्पन्न हुने भनिएको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलबाट पर्याप्त लाभ लिने रणनीति बारे कतै चर्चा परिचर्चा भएको पाइँदैन । भित्र राम्रो देखिएपनि बाहिरको स्थिति सो अनुकुल बनाउन प्रारम्भिक छलफल पनि भएको छैन । विमानस्थलको धावनमार्गलाई २५ सय मिटरबाट बढाएर ३ किमी बनाउन महानगरपालिकाले प्रयासको थालनी नगर्ने हो भने हामी धेरै ठूलो परिवर्तनको अपेक्षा गर्न सक्दैनौं । तर, त्यो हुन सकेको छैन । अहिलेकै अवस्थामा ८० जना बोक्ने जहाज मात्र उडाएर न विमानले कमाइ गर्न सक्छ न सेवास्तर वृद्धि गर्न सक्छ । न पोखरामा सिधै आउने वायुसेवा बढ्न सक्छ । यसबाट महानगरपालिकाले अपेक्षा गने आम्दानी पनि बढ्न सक्दैन । यी कुराहरुलाई विचार पुऱ्याउँदै पोखराको वृहत्तर दुरगामी समृद्धि चाहना राख्दै महानगरपालिकाले आफ्नो ध्यान विमानस्थलको धावन मार्गको दूरी बढाउन प्रयास थाल्नु पर्दछ ।

हवाइ अड्डाबाट बाहिर निस्कनासाथको सडक संरचना र सौन्दर्यकरणको लागि योजना बनाउनु पर्दछ । धुवा, धुलो मुक्त सहर बनाउने कामको थालनी गरिहाल्नु पर्छ । हरियाली र सरसफाइमा ध्यान पुऱ्याउनु पर्दछ । अपराधमुक्त सहर र सुरक्षित सहरकै रुपमा पोखरालाई कायम गर्न समन्वयात्मक योजना अगाडि बढाउनु पर्दछ । किन भने पोखरा नेपालको भविश्य हो । अन्तर्राष्ट्रिय सहरको रुपमा स्थापित हुने एक मात्र समृद्ध शाली सहर हो । यसमा महानगरको ध्यान पुगोस् ।

मुल्मी नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष हुनुहुन्छ ।

# पोखराको मौलिकता अनुसारको नीति



• विश्व सिग्देल

पोखरा महानगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रमलाई मैले सरसर्ती हेरे । जसको भूमिकामै यो भित्र अन्तरनिहीत सबै अवयवहरुको आँकलन गर्न सकिने उल्लेख रहेछ । पोखराको आफ्नै खाले मौलिकता छ । हामीले पोखराको विकासको नीति तथा कार्यक्रम बनाउँदा यिनै विशिष्ट र मौलिकताको जगमा उभिएर बनाउनु उपयुक्त हुन्छ भन्ने भूमिकाको आसयले नीति तथा कार्यक्रम गहन अध्ययन पश्चात निर्माण भएको हो भनेर बुझ्न सकिन्छ ।

आजको पोखरा फरक पोखरा हो, जो हिजोको परिभाषा र सोचभित्र अटाउँदैन् । यहाँ पोखराभित्र पनि पोखरा छ । आधा भन्दा धेरै पोखरा जो हिजो सामान्य पूर्वाधारबाट समेत वञ्चित थियो त्यो अहिलेपनि महानगर हुनका लागि पूरा गर्नुपर्ने न्युनतम पूर्वाधारको खोजीमा छ । सडक, खानेपानी, विद्युत, स्वास्थ्य, शिक्षा लगायत सामाजिक र सांस्कृतिकसँगै आर्थिक पूर्वाधार निर्माणको सन्दर्भमा समेत यसले बढी प्राथमिकता पाउनुपर्छ भन्ने मान्यता यो नीति तथा कार्यक्रमले राख्नु सकरात्मक छ । अर्को, साविकको पुरानो पोखरा जो हिजो तत्कालको गर्जो टार्न अव्यवस्थित र हचुवाको भरमा गरिएका अवैज्ञानिक पूर्वाधारहरुको विकासलाई व्यवस्थित गर्दै लैजाने तथा कतिपय त पुनर्संरचनामै जानुपर्ने यथार्थलाई धेरैथोरै बुझेर नै यो नीति तथा कार्यक्रम आएको छ भन्न सकिन्छ ।

नदी, खोला र वर्षातको आफ्नै पात्रो हुन्छ । कहिले, कुन तिथि, मितिमा यिनिहरु मानव बस्तीमा जाइलाग्छन थाहै हुँदैन । यिनिहरुको आफ्नो बहाव क्षेत्रको सम्मान हुनैपर्छ । नदी, खोला तथा खहरेहरुको मापदण्डप्रति यो नीति तथा कार्यक्रमले थोरै उदासिनता प्रकट गरेको छ । यसका प्रति महानगर निर्मम बन्नैपर्छ ।

**नीति तथा कार्यक्रमलाई अर्जुनलक्ष्यका साथ कार्यान्वयन गर्ने हो भने समग्रमा यो बजेट, नीति तथा कार्यक्रमबाट आशा गर्न सकिने ठाउँहरु प्रसस्त छन् ।**

महानगरको यो नीति तथा कार्यक्रममा स्मार्ट सिटीको लालसा देखिएको छ । तर प्रतिबद्धता देखिँदैन् । हाम्रो आफ्नो मौलिकता र विशिष्टताको स्मार्ट सिटी कस्तो हुने हो ? महानगरले सबै सर्वसाधारणले बुझ्ने सरल भाषामा यसलाई परिभाषित गर्नु जरुरी छ । हाम्रो आफ्नो मौलिकता अनुरुपको स्र्मार्ट सिटी भनेको प्रविधि, पर्यटन, पर्यावरण र संस्कृतिमैत्री पोखरा हो । पोखरलाई सभ्य, सुसंस्कृत, स्वस्थ, समृद्ध र मानवोचित सहर बनाइराख्न कति प्रतिशत जमिन खुला राख्ने ? कति प्रतिशत जमिन सडकलाई ? कति खेल मैदानलाई ? कति सांस्कृतिक केन्द्र, पुस्तकालय, पार्क तथा सहरी वनहरु भन्ने विषय तर्फ यो नीति तथा कार्यक्रम स्पस्ट नभएझै लाग्यो ।

मठ मन्दिर लगायतका धार्मिक सम्पदाहरु मात्र नभई वर पीपलका पुराना चौतारा, नदीनाला, ताल तलैया, कोटहरुसमेत महानगरका धरोहरका रुपमा सूचिकृत गर्दै संरक्षण र प्रवर्द्धनका लागि महानगर विशेष महत्वका साथ लाग्नुपर्छ ।

अबको विकास जनप्रतिनिधि वा दलका अप्राविधिकहरुको लहड वा हचुवाको निर्णयमा होइन, प्राविधिक र विषयगत दक्षता र शिक्षा भएकैबाट हुनुपर्छ भन्ने यर्थाथ र विगतका कमी कमजोरीबाट महानगरले थोर बहुत पाठ सिकेको यो नीति तथा कार्यक्रमको अध्ययनबाट बुझिन्छ तर कुनैपनि नीति तथा कार्यक्रमको महत्वपूर्ण पक्ष कार्यान्वयन हो । कार्यान्वयनमा नलडखडाउने र समाविष्ट नीति तथा कार्यक्रमलाई अर्जुनलक्ष्यका साथ कार्यान्वयन गर्ने हो भने समग्रमा यो बजेट, नीति तथा कार्यक्रमबाट आशा गर्न सकिने ठाउँहरु प्रसस्त छन् । महानगरको प्रगतिमा यो नीति तथा कार्यक्रम को शेढुंगा सावित होस् शुभकामना ।

*सिग्देल समाज चिन्तक हुनुहुन्छ*

# निसाना ताकेको बजेट



• रामकृष्ण ज्ञवाली

पोखरा महानगरपालिका भूगोलको हिसाबले देशको सबैभन्दा ठूलो महानगर हो । स्थानीय तहको भौगोलिक संरचना बनाउँदा थपिएका आसपासका ग्रामीण बस्तीका कारण संसारले बुझ्ने जस्तो सहर बनिसकेको छैन पोखरा महानगर । विश्वमा अन्य मुलुकमा महानगरलाई बुझ्दा शतप्रतिशत सहर भइसकेको बस्तीका रुपमा बुझिन्छ । तर हाम्रो परिस्थिति बिल्कुल फरक छ । कास्कीका ग्रामीण र दुर्गम बस्तीका बासिन्दा पनि महानगरबासी बनेका छन् । यस्तो परिस्थितिमा महानगरले आगामी आर्थिक वर्षका लागि बजेट विनियोजन गरेको छ, यसैमाथि छोटो टिप्पणी गर्ने प्रयत्न गरेको छु ।

हाम्रो देशमा लामो समयदेखिकै एउटा जटिल रोग हो- विनियोजित रकम खर्च गर्न नसक्नु । मुलुकमा यत्रो ठूलो राजनीतिक परिवर्तनपछि बनेका सरकारहरुले पनि त्यो रोग निको पाने क्षमता विकास गर्न सकेनन् । जताजतै विकासको आवश्यकता नै आवश्यकता भएको देशमा विकास खर्चको बजेट फ्रिज हुनु ठिक होइन । पोखरा महानगरपालिका पनि यो रोगबाट मुक्त हुन सकेन । महानगरले जेठ मसान्तसम्म विनियोजित रकममध्ये ६० प्रतिशत खर्च गरेको छ भने असार मसान्तमा ८० प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ । आगामी वर्षमा रकम खर्चने क्षमता विकास गर्नुपर्छ ।

समग्रमा आगामी आर्थिक वर्षका लागि विनियोजन गरेको बजेट हेर्दा महानगर प्रमुखले पूर्वाधार विकासका लागि जोड दिएको देखिन्छ । विकास बजेटको ठूलो हिस्सा पूर्वाधार विकासका लागि विनियोजन गरिएको छ । पूर्वाधारको अभाव पोखराको प्रमुख समस्या हो । अझै ग्रामीण बस्तीमा सहरी सुविधा उपलब्ध गराउन ती क्षेत्रको पूर्वाधार विकास गर्नै पर्ने अवस्था छ । यसको सही पहिचान बजेटले गरेको छ । सस्तो लोकप्रियताका लागि पूर्वाधारभन्दा सामाजिक विकासको क्षेत्रमा धेरै रकम विनियोजन गर्ने स्थानीय तह पनि छन् । तर त्यो प्रवृत्तिलाई निरुत्साहित गर्दै पूर्वाधारका लागि ठूलो रकम खर्चने योजना बनाउनु स्वागतयोग्य छ ।

**अल्पकालीन, खुद्रे र साना योजना भन्दा ठूलो रकम खर्चने दीर्घकालीन यो जनाहरुलाई नीति तथा कार्यक्रममा समेटिनु स्वागतयोग्य छ ।**

महानगरको आफ्नो आन्तरिक आम्दानीभन्दा बाहिरबाट आउने अनुदान बढी रहेको अवस्थामा महानगरले आफ्नो आम्दानी बढाउनै पर्छ । आगामी वर्षमा करिब २ सय ५० करोड रुपैयाँ आन्तरिक आम्दानी गर्ने लक्ष्य छ । आम्दानी बढाएरमात्र खर्च गर्न सकिन्छ भन्ने महशुस गरेर आम्दानी बढाउने स्रोतको खोजी गरिनुपर्छ ।

बजेटमा करको दर नबढाएर दायरा बढाउने कुरालाई जोड दिइएको छ । यो प्रशंसायोग्य छ । दर बढाएको भए अलोकप्रिय निर्णय हुन्थ्यो । यसको साटो दायरा बढाउनु ठिक हो । बजेटमा करको दायरा बढाउने त भनिएको छ, तर यसलाई सम्बोधन गर्ने गरी ठोस कुरा उल्लेख गरिएको छैन । सहकारीलाई करको दायरामा ल्याउने र पोखरा आउने पर्यटकबाट शुल्क उठाउन खोजेको देखिन्छ । यसको सही अवतरण गर्नु जरुरी छ । नत्र ब्याकफायर हान्न सक्छ ।

होटल खर्चमा 'पर्यटन उपभोग कर' लगाउने भनिएको छ तर यसबारे प्रष्ट कुरा उल्लेख छैन । होटलमा बसेको बिल बनाउँदा त्यसमा 'पर्यटन उपभोग कर' भन्दै थप कर लिन खोजिएको हो भने गलत हुन्छ । मूल्य अभिवृद्धि कर १३ प्रतिशत र सेवा शुल्क १० प्रतिशत छ । यही बिलमा अर्को शीर्षकमा कर असुल्नु ठिक हुँदैन । तर पोखरा घुम्न आउनेले पोखराका पर्यटकीय गन्तव्य घुमेवापतको शुल्क महानगरलाई तिर्नुपर्छ । यसरी उठाएको रकम पर्यटन क्षेत्रकै विकासका लागि खर्चने गरी उठाउने हो भने महानगरको आम्दानीको ठूलो स्रोत पर्यटन क्षेत्र बनाउन सकिन्छ ।

अन्तमा, सबैभन्दा ठूलो कुरा भनेको हो, विनियोजित रकम खर्च गर्नु हो, त्यो पनि सही ढंगले । एक वर्षपछि अर्को वर्षको बजेट भाषण सुन्न जाँदा चालु आर्थिक वर्षमा ९५ प्रतिशत विकास बजेट खर्च भएको छ, भन्ने सुन्न पाएँ भने यो बजेट सफल भएको मान्नेछु ।

ज्ञवाली नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य हुनुहुन्छ

# अर्चलेलाई साहित्य तीर्थाटन स्थल बनाउँदा राम्रो



• गणेश पौडेल

**'कृषि'लाई 'संस्कृति'सँग र 'संस्कृति'लाई 'पर्यटन'सँग मिसाएर नबुझ्दासम्म हाम्रो पोखरेली पहिचान दीर्घजीवि हुँदैन**

वार्षिक बजेट, नीति तथा कार्यक्रमको समग्र पक्षको बारेमा भन्दा पनि आर्थिक वर्ष २०७६/७७ का लागि पोखरा महानगर पालिकाले कला, साहित्य, संस्कृति तथा शिक्षाको सम्वर्द्धनका खातिर तय गरेका नीति तथा कार्यक्रमलाई केन्द्रमा राखेर प्रतिक्रिया प्रस्तुत गरेको छु ।

पोखरा भनेको भूगोल होइन, क्षेत्रफल होइन । यो त एउटा संस्कृति हो । सभ्यता हो । क्षेत्रफलले मात्रै पोखरा हुन्थ्यो भने त्यो बेलामा न अर्चलेका कवि शिरोमणी लेखनाथ पौडेल पोखरेली हुन्थे न हेमजाका मुकुन्दशरण उपाध्याय नै । राजनीतिक भूगोलको पोखरा न हिजो सत्य हो न आज सत्य छ । भूगोल इतर पनि बाँचिरहने पोखरेली पहिचानलाई नजरअन्दाज गरेर बनाइने नीति तथा कार्यक्रमहरुले हाम्रो कला, साहित्य र संस्कृतिको विरासतलाई थाम्न सक्दैनन् । हिजो सेती पूर्वलाई पोखरा नमान्ने चलन थियो, अहिले त्यो साँध विजयपुर खोलामा सरेको छ । साँध किल्लामा सीमित ढुंगा-माटोको पहिचानको कुनै अर्थ छैन ।

छोटो भाषामा भन्दा तीन वटा जलप्रवाहहरु मादी, मोदी र आँधीखोलाको सेरोफेरो पोखरा हो । बृहत भएर सोच्दा मर्स्याङ्दी र कालीगण्डकी बीचको सेरोफेरो हो पोखरा । त्यसो त अहिले पोखराको राजनीतिक भूगोल मात्रै बदलिएको छैन, यसका पहिचानका सूचकहरु पनि बदलिइरहेका छन् । समग्र बदलाबका वावजुत पनि हाम्रा कही साझा मौलिकताहरु छन् जसलाई सुरक्षित राख्न सकिएन भने पोखराको चिनारी गायब हुन्छ ।

पोखरा पाटन, चौर, पोखरी र चौताराहरुको सहर हो । यहाँका खुल्ला र सार्वजनिक पाटन र चौरहरु कति व्यक्तिका लालपूर्जामा परे भने कतिलाई सामुदायिक विद्यालयहरुले आफ्नो 'कम्पाउन्ड वाल'भित्र कैद गरे । सबै नागरिकको सबै समयमा सजह पहुँच हुने कुनै पनि सग्ला चौर र पाटनहरु अहिले हामीसँग छैनन्, भएकाहरु अत्यन्त साना भएर खुम्चिएका छन् । त्यस्तै हाल छ पोखरीहरूको पनि, जसको नामबाटै 'पोखरा' शब्द उब्जेको धेरैको मत छ । २०६५ सालमा यहाँका पोखरीका बारेमा सोधग्रन्थ लेखेका सोधार्थी दीपक गौतमको रिपोर्ट अनुसार त्यतिन्जेलसम्म हामीसँग ४० वटासम्म पोखरीहरु थिए जसको पूरा क्षेत्रफल २० हेक्टर भन्दा बढी थियो । अहिले पोखरीहरु लगभग मासिइसके । पोखराका पुराना बाटामा हरेक सय/पचास मिटर हिँडेपछि एउटा चौतारी देखिन्थ्यो । अहिले नामेट पारिए । ठुन्क्याउन बाँकी रहेक चौतारीहरु पनि विकासको नाममा मुठुन्याइए । अरुको त के कुरा भयो र, कुँडहर फाँटको चिनारी दिने कदमको रुखको समेत हात गोडा छिमलेर मुर्कट्टा पारियो । पोखरा उपत्यकामा अहिले एउटा हाँगा पनि नकाटिएको कुनै पनि चौतारो छैनन् । पोखराको साँस्कृतिक पहिचान दिने, ऐतिहासिक जीवनशैलीको झल्को दिने पाटन, चौर, चौतारा र पोखरीहरुको संरक्षणमा महानगरले ध्या दिन सकेको छैन ।

योगी नरहरी नाथका अनुसार संसारले प्रेमगुरु अथवा प्रेमर्षी भनेर चिन्ने वात्सायन ऋषिले देहत्याग गरेको स्थान हो वात्सायन घाट । त्यहाँ फोहोर थुपारिएको छ । वात्यासन घाटमा 'प्रेम मन्दिर'को स्थापना गरी सीता पाइलादेखि कोत्रेसम्मको सेती कोरिडोरका सार्वजनिक जग्गाहरु समेटेर विशाल पार्कको निर्माण गर्ने हो भने हामीसँग नयाँ पर्यटकीय गन्तव्य मात्रै बन्ने थिएन हाम्रो पर्यावरण पनि दीर्घकालसम्म जोगिने थियो । काँहु कोट र कश्यप आश्रमलाई सम्झिने महानगरले 'कामसुत्र'जस्तो प्रेमिल ग्रन्थका कारण संसारले चिनेका 'ब्रान्डेड' ऋषिको घाट वात्सायन घाटलाई किन बिर्सेको हो ?

राणाकाल त त्यसपहिलेको समयमा तमसुक बनाउँदा सेती नदी पश्चिमको जमिनलाई काहुँ पोखरा भनिन्थ्यो भने पूर्वको जमिनलाई काहुँ कुँडहर । अर्थात विजयपुर खोलदेखि पश्चिमको साविकको पोखरा (आधी उपत्यका)मा दूईटा इलाका 'कुँडहर' र 'पोखरा' थिए जसलाई 'काहुँ'ले जोडेको थियो । काहुँकोटमा पूजा नगरी रोपाइँ नगर्ने र धान नकाट्ने उपत्यकाबासीको चलन थियो । काहुँ हाम्रो कृषि संस्कृतिको धुरी थियो । त्यही धुरीको मूल खाँबो थियो 'ढुँगेसाँघुको मेला' । पश्चिममा रिडीदेखि पूर्वमा गोरखासम्मका मान्छे माघ १ गते ढुँगेसाँघुमा मेला भर्न आउँथे । समग्र गण्डक क्षेत्रमा यो जत्तिको ठूलो र अर्को ऐतिहासिक मेला हुँदैन भनिदिए पनि

हुन्छ । पोखराको मात्रै नभएर प्रादेशिक पहिचान पनि बोकेको, पोखरा उपत्यकालाई पहिलोपटक आवाद गर्ने पूर्वजकै पालादे खि मनाइँदै आइएको कृषि संस्कृतिको मुख्य पर्व 'ढुँगेसाँघुको मेला'लाई हेर्न हाम्रो महानगरले किन आँखा चिम्लेको हो ?

पोखरा नेपालमै सबैभन्दा धेरै प्रकारका धान पाइने जिल्ला हो । तर आधुनीकरण र व्यवसायिक खेतीको चपेटामा स्थानीय बिऊ बिजन जोखिममा परेका छन् । आधुनीकरण र आवास विस्तार रोक्न सकिने विषय होइनन् तर त्यसकै बहानामा हाम्रा स्थानीय बिऊ बिजनको संरक्षण गर्न नसक्नु हाम्रो कमजोरी हो । पोखराको कुनै क्षेत्रमा विशाल कृषि पार्क निर्माण गरी त्यहाँ जहिल्यै स्थानीय प्रविधिबाट मात्रै खेती गर्ने र हाम्रै पूर्वजले विकास गरेको परम्परागत विधिले बिऊ बिजनको संरक्षण गने योजना बनाउन सक्ने हो भने त्यसले एकातिर हाम्रो कृषि-जैवीक विविधताको जीवित संग्रहालय निर्माण गर्ने थियो भने अर्कोतिर एउटा गतिलो पर्यटकीय गन्तव्यको जग बस्ने थियो । 'कृषि'लाई 'संस्कृति'सँग र 'संस्कृति'लाई 'पर्यटन'सँग मिसाएर नबुझ्दासम्म हाम्रो पोखरेली पहिचान दीर्घजीवि हुँदैन ।

स्थानीय भाषामा कक्षा संचालन गर्ने; परम्परागत तथा मौलिक पेशा, व्यावसाय र लोपोन्मुख कला, ज्ञान र सीपको पहिचान गरी सोको संरक्षण र सम्वर्द्धन गर्ने कुरा सुन्दामा गजब लाग्ने भए पनि कार्यान्वयनमा चुनौती देखिन्छ । यस्ता कुरा सधैँ लेखिन्छन्, कहिल्यै काम हुँदैनन् । बरु होमस्टेलाई साँस्कृतिक ग्राममा रुपान्तरण गर्ने योजनालाई मूर्त रुप दिन सकियो भने त्यसले हाम्रो सांस्कृतिक पहिचानलाई व्यावसायीकरण गर्ने गतिलो बाटो खुल्नेछ । कवि शिरोमणिको जन्मस्थाललाई साहित्य अनुसन्धान केन्द्र बनाउनुको साटो साहित्य तीर्थाटनको स्थल बनाउने विषय बलियो हुनसक्थ्यो । यहाँको कला, साहित्य र साँस्कृतिक अनुसन्धानको लागि पृथ्वीनारायण क्याम्पस अथवा पोखरा विश्वविद्यालयलाई लक्ष्य तोकेरै अनुदान दिनु उपयुक्त हुन्छ ।

संस्कृति भनेको नाचगान, चाडपर्व, धर्मकर्म, भेषभुष मात्रै होइन यो त हाम्रो जीवनशैली हो । जस्तो कि अरुको तुलनामा गाउँटोल सफा राख्ने कुरा पोखरेलीको सफाइ संस्कृति हो । खेल संस्कृति, अध्ययन संस्कृति, सत्कार संस्कृति, कृषि संस्कृति जस्ता अनेकन संस्कृति हुन्छन् जसलाई भिन्न-भिन्न रुपबाट तर एकाकार भएर बुझ्ने क्षमता महानगरको नीति तथा कार्यक्रममा देखिँदैन । अबका केही वर्षमा सञ्चालन हुने पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलले पार्ने पर्यावरणीय प्रभाव न्यूनीकरणका विषयमा पनि हाम्रो नीति तथा कार्यक्रम मौन बसेको छ ।

महानगरले प्रज्ञा प्रतिष्ठान गठन गर्ने कुरा सुन्दामा स्वादिलो लागे पनि यसको साटो पोखराको सेरोफेरो (भाषा, संस्कृति, परम्परा आदि)लाई चिनाउने गरी किताब लेख्ने वा अन्य रचना सिर्जना गर्ने जहाँ कहीँको कुनै सर्जकलाई पोखराको 'सम्मानित नागरिकता' प्रदान गरी, एक वर्षको वृत्तिभरण दिई 'सिटी लरेट'को पुरस्कार दिने परिपाटी बसाल्ने हो भने समग्र नेपालभरी यसले रचनात्मक उत्साह सिर्जना गर्ने थियो ।

कला, साहित्य, संगीत र संस्कृतिलाई काँध थापेर स्थापना भएका चार दर्जनबढी संस्थाहरु पोखरामा क्रियाशील छन् । विगत ३ वर्ष देखि साहित्यको कुम्भमेला 'नेपाल लिटरेचर फेस्टिभल' यहीँ आयोजना हुन्छ । कला, साहित्य, संगीत र संस्कृतिका विषयमा पोखरामा जति कार्यक्रमहरू हुन्छन् त्यत्तिको संख्या र गुणस्तरमा नेपालका कुनै सहरमा हुँदैनन् । महानगरका कला, साहित्य, संगीत र संस्कृतिसँग सम्बन्धित नीति तथा कार्यक्रमको निर्माणमा यहाँका क्रियाशील संस्थाहरुको सल्लाह लिनु राम्रो हुन्छ । अब योजनाका कार्यान्वयनमा तिनलाई प्रोत्साहित परिचालन गर्ने सामर्थ्य देखाए राम्रै हुन्थ्यो ।

*पौडेल साहित्यकार हुनुहुन्छ*


# निर्माण सामग्री हटाउन सूचना

**पोखरा महानगरपालिका क्षेत्र भित्रका विभिन्न स्थानहरुमा जथाभावी रुपमा निर्माण सामग्री राख्ने कार्य गरेको देखिएकोले त्यस्ता सामग्रीहरुबाट पैदलयात्री तथा सवारी आवगमनमा समेत वाधा पुग्न गएको, सहरी सौन्दयतामा प्रतिकुल असर पर्नुका साथै वातावरण प्रदुर्षण बढ्न गएको र यसले मानव स्वास्थ्यमा प्रतिकुल असर पर्ने भएकोले त्यस्ता प्रकृतिका कुनै पनि निर्माण सामग्रीहरु यथाशीघ्र हटाइ सरसफाइ समेत गर्नुहुन अनुरोध गरिन्छ।**

**यस सूचनाको बर्खिलाप हुने गरी कोही कसैले निर्माण सामग्री राखिएको पाइएमा महानगरबाट खटिइ आएका नगर प्रहरीहरुले त्यस्ता सामग्रीहरु जफत गर्ने र त्यस्ता सामग्रीहरु उठाउँदा र लैजाँदा लाग्ने खर्च समेत सम्बन्धित व्यक्तिबाट नै असुल उपर गरिनेछ। यसरी जफत भएका सामग्रीहरु उपर पछि कोही कसैको दाबी विरोध नलाग्ने व्यहोरा समेत सम्बन्धित सबैमा सूचित गरिन्छ।**

**पोखरा महानगरपालिका**

# पोखरा-पर्यटन र खेलकुदको राजधानी



• **संजय कान्त सिग्देल**

खेलकुदको राजधानी पोखरा भन्ने नाराका साथ अग्रज पोखरेली खेलकर्मीहरु लागि परेको धेरै भयो । २०४०मा पश्चिमाञ्चलले दोस्रो राष्ट्रिय खेलकुद आयोजना गऱ्यो । अधिकांश खेल सम्पन्न गरेको पोखरा साथै पछिल्लो खेल संरचना र गतिविधिले खेल राजधानी दाबा गर्न नाजायज पक्कै थिएन र छैन । १९५०मा अन्नपूर्ण हिमालको सफल आरोहरणपछि नेपालको पर्यटनको ढोका खुल्यो । त्यसपछिका दिनमा पोखरा पर्यटनको आर्कषक गन्तव्यको रुपमा स्थापित हुँदै गयो । ट्रेकिङ, साहसिक गतिविधि र यहाँको मनोरम दृश्यावलोकनले पर्यटकहरुको ध्यान पोखराले खिचिह्यो । यसैको जगमा टेकेर यहाँका स्थानीय नगरवासी एवं पर्यटनकर्मीहरुबाट पोखरलाई पर्यटनको राजधानी स्थापित गर्ने अभियान सुरु भयो । कहिले कला र साहित्य, कहिले संस्कृतिको राजधानी बनाउन पर्छ भन्ने स्थानीयहरुको माग रहँदै गर्दा सेतीमा धेरै नै पानी बगिसक्यो । स्थानीयहरुको भावनालाई समेट्दै गण्डकी प्रदेश सरकारले पोखरालाई पर्यटनको राजधानी घोषणा गर्न आफ्नो क्याबिनेटबाट पास गरी संघीय सरकार समक्ष पेश गरेको छ । स्थानीयहरुको माग आज सरकारले बोक्नुले ती मागहरु जायज भएको पुष्टि गर्दछ ।

सात दशक लामे संघर्ष पछि नेपाल लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको छ । सम्पूर्ण गतिरोधको अन्त्य गर्दै तिनै तहको निर्वाचन सम्पन्न गरी संक्रमणकालको व्यवस्थापन भएको छ । जनताको अत्याधिक मत हासिल गरी तिनै तहको सरकारले पूर्णता पाएको छ । समृद्ध नेपाल सुखी नेपाली भन्ने मूल नाराका साथ नेपाल सरकारले समृद्धिको मूल आधारहरु मध्ये पर्यटनलाई प्रमुख प्राथमिकता राखेको छ । त्यही अवधारणा अनुरुप आन्तरिक तथा वाह्य पर्यटनकको मुख्य हब बन्दै गरेको पोखरालाई खेलसँग जोडेर खेल पर्यटनको मुख्य सहर स्थापित हुन सक्छ भन्नेमा यहाँका राजनीतिक पाटी, जनप्रतिनिधि र आम जनमानस सकारात्मक हुँदै गएको पाइएको छ ।

खेल शारीरिक स्फुर्तिकका लागि मात्र नभै राष्ट्रिय प्रतिष्ठा सँगै पहिचानको पनि आधार हो र यसले आर्थिक उन्नयनमा समेत प्रभाव पार्छ भन्ने उदाहरणहरु प्रसस्त छन् । यसलाई महत्वका साथ लिई नेपाल सरकारले पछिल्ला दिनहरुमा खेललाई सकारात्मक रुपमा लिएको पाएका छौं । खेलको विकास र अन्तर्राष्ट्रिय एरिनामा सफलता प्राप्त गर्न यसको जग बलियो बनाउन पर्छ भन्ने मान्यताका साथ नेपाल सरकार खेललाई तल सम्म लाने प्रयासमा छ । एक स्थानीय तह एक मैदान र हरेक विद्यालयमा एउटा खेल शिक्षक राख्ने कार्यक्रम पनि त्यसैको परिणाम हो । सँगसँगै क्षेत्रीय र जिल्ला स्तरमा रहेको खेलमा आफ्नो प्रतिधित्वलाई अझ सुधार गरी स्थानीय तहसम्म सरकार पुग्न खोजेको छ । सो ही अनुसार स्पष्ट रुपमा खेलकुद, खेल संस्कृतिको विकास, पूर्वधार निर्माण, खेलाडीको व्यवसायिक सुरक्षा, वडास्तरीय, नगर वा गाउँ स्तरीय, प्रदेश, राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता तथा खेलकुद क्षेत्रको समग्र विकास गर्ने स्थानीय सरकार संचालन ऐन २०७४ मार्फत स्थानीय तहलाई अधिकार प्रत्यायोजन गरेको छ । यसैलाई आधार मानेर स्थानीय राजपत्र खेलकुद विकास ऐन २०७५ को निर्माण गरी पोखरा महानगरपालिका खेल विकासको गहनतम अभिभारालाई आत्मासाथ गरी अगाडि बढेको छ । संरचनाका हिसाबले अन्य स्थानीय तहहरु भन्दा सवल पोखरा महानगरपालिकाले समग्र खेलमा आफ्नो सहभागिता सुनिश्चता सँगै आम पोखरेली खेलप्रेमीहरु खेलकुदको राजधानी पोखरा भन्ने अभियानमा लागि रहँदा पोखरा गण्डकी प्रदेश सरकारसँग मिलेर पोखरालाई खेल पर्यटनको सहरको रुपमा परिभाषित गर्न लाग्नु पर्ने देखिन्छ ।

संघीय सरकारका विभागीय मन्त्री यसै क्षेत्रबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधि, खेल बुझेका गण्डकी प्रदेशका मुख्यमन्त्री, मन्त्री र त्यतिकै उत्सुक महानगर प्रमुख नेतृत्वमा रहिरहँदा पक्कै पनि खेल कर्मीहरुले आशा गर्नु स्वभाविक ठानेका छौं । यही पुस सागका केही खेलहरु र आगामी नबौं राष्ट्रिय खेलकुद पोखरामा आयोजना हुनुले पनि खेल क्षेत्रमा राम्रै लगानी हुन्छ भन्ने विश्वास छ । पोखराका लागि यो अवसर हो । यसै वर्ष अत्याधुनिक सेवा सहितका पाँच खेल मैदानको निर्माण कार्य सुरू गर्ने लक्ष्य लिएको माहानगर वास्तवमै पोखरा खेलकुदको

सहर हो भनी आफुलाई प्रमाणित गर्न सम्पूर्ण खेलकर्मी, र ाजनीतिक पार्टी जनप्रतिनिधिहरुलाई एक ठाउँमा उभ्याई उक्त खेल प्रतियोगिताहरु सफलतापूर्वक सम्पन्न गर्न आउने चुनौती सामना गर्न प्रेरित गरोस् शुभेच्छा राख्दछु ।

पोखरा माहानगरले नीति तथा कार्यक्रम मार्फत महानगर युवा तथा खेलकुद परिषद् गठन तथा परिचालनका साथै मे यरकप खेलकुद वार्षिक रूपमा सञ्चालन गर्ने र महानगर खुला व्यायामशाला निर्माणको कार्यको लक्ष्य लिएको छ । भौ गोलिक रुपमा देशकै ठूलो महानगरको राष्ट्रिय प्रतियोगितामा सहभागिता र नतिजाको हिसाबले विगतको तुलनामा खस्कँदो छ । अन्तर्राष्ट्रिय एरिनामा गर्विलो इतिहास कोरेको पोखरा, पछिल्ला दिनमा बसाइसरी आयका र केही लाहुरेका सन्तानले धानेको खेल विकासका लागि माहानगरलाई सजिलो पक्कै छै न । शिक्षा र स्वास्थ्य क्षेत्र व्यवस्थापनमा प्रत्यक्ष सरोकार राख्ने महानगर विद्यालय स्तरबाटै खेलको जग निर्माणमा लाग्नु पने ' देखिन्छ । महानगरको खेलकुदको बजेटका हिसाबले आकार सानो देखिन्छ । त्यसैले संभावना र आवश्यकताका हिसावले प्राथमिकता निर्धारण गरी सम्बन्धित खेल संघहरुसँग सहकार्य गरी भावी कार्ययोजना गर्न उपयुक्त हुनेछ ।

राष्ट्रिय खेल भलिवल, फुटबल, ब्याटमिन्टन, बास्केटबल, ह्यान्डबल, टेबलटेनिस, बक्सिङ, एथलेटिक्स, कबर्दी, भारत्तो लन, पौडी र चेस जस्ता खेललाई राष्ट्रिय स्तरमा लन टेनिस, गल्फ, आर्चरी, मार्सल आर्ट जस्ता खेललाई अन्तर्राष्ट्रिय स्तर मा पाराग्लाइडिङ, ट्रायथोलन, राफ्टिङ, रक क्लाइमिङ, माउन्टे न बाइक, म्याराथन जस्ता साहासिक खेल पर्यटन र समूहगत खेलमा अन्तर्राष्ट्रिय स्तरमा राम्रो स्थानमा रही विश्वकपमा समेत सहभागिता जनाइ विश्वको ध्यान खिच्न सफल खेल क्रिकेटको अन्तर्राष्ट्रिय गन्तव्यको रुपमा खेललाई विकास गर्न सके पोखरा माहानगर अशातित रुपमा खेल क्षेत्रमा सफल र हनेछ । अन्तमा पुन महानगरलाई खेलकुद विकास समिति मार्फत उत्कृष्ट नेतृत्व चयन गरी आफ्ना उद्देश्यहरु प्राप्तिका लागि सफलता मिलोस् भन्ने शुभकामना ।

*सिग्देल कास्की जिल्ला क्रिकेट संघका अध्यक्ष तथा र ाष्ट्रिय क्रिकेट अम्पायर*

# फोहोर वर्गीकरण गरेर व्यवस्थापन गरौं।

## 'फोहोर स्रोत हो, समस्या होइन'

**मल बनाउन सकिने फोहर** : तरकारी तथा फलफूलका बोक्राहरु,उब्रेको खानेकुरा, धुलो कसिंगर, सडेगलेका सागसब्जी, कृषि कार्य गर्दा निस्केको झारपात, रुखका पात स–साना हागाबिगा लगायत कुहिने फोहर मलखादमा राखि मल बनाउन सकिन्छ ।

**बिक्री गरी आम्दानी गर्न सकिने फोहोर** : कागज, कार्टुन, प्लास्टिकजन्य बस्तु -प्लास्टिकको झोला, दुध, घ्यु तथा तेलको प्याकेट र वट्टा) सिसा, फुटेको सिसा, मसीको बोटल, कलम, फलाम ,टिना, तामा, पित्तल, आल्मुनियम, जुट तथा प्लास्टिकका बोरा, स्याम्पुका वट्टाहरु, टुथपेस्ट तथा टुथब्रस, फुटेका बाटा तथा बाल्टिन, मिनरल वाटर को बोतल पुराना चप्पल, काम नलाग्ने कपडा आदि वस्तुहरु संकलन गरी बिक्री गरेर आय आर्जन गर्न सकिन्छ ।

**पुनः पयोगमा ल्याउन सकिने फोहोर** : चकलेटको खोलबाट माला वा तोरन बनाउन सकिन्छ । चाउचाउका खो लहरु चकटी बुन्ने, टि म्याट वा अन्य सामान बनाउन प्रयोगमा ल्याउन सकिन्छ ।

**ल्यान्डफिलमा पठाउनुपर्ने फोहोर** : मल बनाउन नसकिने, बिक्री पनि नहुने र पुनः प्रयोगमा आउन नसक्ने फोहोर मात्र ल्यान्डफिलमा पठाउने फोहोर हो ।

**फोहोरमैला व्यवस्थापन सम्बन्धमा सहयोग लिनु परेमा थप कुरा बुझ्नु परेमा वा केही गुनासो भएमा पोखरा महानगर पालिकाको सरसफाइ शाखाको टेलिफोन नं. ०६१–५२८५८५ मा सम्पर्क गर्न अनुरोध छ।**

**पोखरा महानगरपालिका**

## स्थानीय तह निर्वाचनको २ वर्ष

# पोखरा महानगरका महत्वपूर्ण कार्यहरु

**(१) सहरी पूर्वाधार महाशाखा :**

- हरेक वडाहरुमा इन्जिनियर एवं जुनियर इन्जिनियरहरु व्यवस्थापन गरी वडास्तरीय योजनाहरुको लागत स्टिमेट गर्ने, संभौता एवं कार्य सम्पन्न प्रतिवेदन तयार पार्ने काम भएको छ ।
- आगामी आर्थिक वर्षमा योजना तर्जुमा गर्दा बजेटले कार्यक्रम माग्ने भन्दा कार्यक्रमले बजेटको माग गर्ने परिपाटी बसाउन आगामी आर्थिक वर्षको लागि प्रस्तावित योजनाको लागत स्टिमेट गरी सो आधारमा योजना तथा बजेट प्रस्ताव गर्ने पद्धतिको थालनी भएको छ ।
- वडाबाट माग भए अनुरुप चालु आर्थिक वर्षमा ७ वटा वडा कार्यालय भवन निर्माण, ३ विद्यालय भवन, पुम्दीकोट महादेव मन्दिर, सराङकोट शिव मन्दिर भवन निर्माण लगायत २४ वटा भवन बोलपत्र आह्वान गरी काम सुरु गरिएको छ । आगामी आर्थिक वर्षमा जग्गाको व्यवस्थापन गरी करिब ८ वटा वडा कार्यालय भवन निर्माणको कार्य थालनी गर्ने योजना रहेको छ ।
- पोखराका पृथ्वीचोक, अमरसिंहचोक, जिरोकिमी, बिरौटाचोक, हरिचोक र मुस्ताङचोकका आइल्यान्डलाई घटाई ट्राफिक व्यवस्थापनमा सहज बनाउने र सौन्दर्यीकरण गरिएको छ ।
- सराङकोटमा जग्गा व्यवस्थापन गरी राष्ट्रिय विभूति तथा सहिद पार्क निर्माणको काम अघि बढाइएको छ । साथै १० स्थानमा खुल्ला क्षेत्र संरक्षण तथा पार्क निर्माणको लागि बोलपत्र आह्वान गरिएको छ ।
- सर्वोच्च अदातलको फैसला अनुसार महानगरको जिम्मेवारीमा परेको फेवाताल जलाधार क्षेत्रको संरक्षणको काम सुरु गरिएको छ । गाइघाट र बंगालामुखी र खपौंदीमा खहरे खोलाले बगाएर ल्याएको माटोजन्य पदार्थ निकालेर तालको आकार बढाइएको छ । फेवातालमा मिसिने हर्पनखोलासहित पाँच वटा खोलामा सिल्ट्रेसन ड्याम निर्माण गर्न गण्डकी प्रदेश सरकारसँग मिलेर ३४ करोडको योजना अगाडि बढाइएको छ ।
- सडकको बीचमा रहेका ८७ स्थानका बिजुलीका पोल स्थानन्तरण गर्ने कार्य अगाडि बढेको छ ।
- विगत लामो समयदेखि सडक समस्या बनेको पालिखेचोक सडकलाई फराकिलो पारी त्यसलाई सौन्दयकरण गर्ने काम भइरहेको छ ।
- विगत २ वर्षमा उपभोक्ता समिति मार्फत् ४६ किमी कच्ची सडक निर्माण, पक्की सडक २ सय ४६ किमी निर्माण तथा रिसिलिङ समेत, ८० किमी ढलान र २० किमी नयाँ सडकको ट्र्याक निर्माण, ६५ किमी नाली निर्माण गरिएको छ ।
- यस वर्ष बोलपत्र आह्वान गरी काम सुरु गरिएका सडकहरु १ सय ३ किमी चौडा पार्ने काम, ७८.४९ किमी पक्की नाला निर्माण, ३ सय ४७ वटा कल्भर्ट निर्माण, ३१ वटा कजवे निर्माण, ३६ स्थानमा सिँचाइ पाइप क्रसिङ गर्ने कार्य, ३.६९ किमी रिटेनिङवाल, ४.८३ किमी ग्याबियन वाल, ७४.३६ किमी सडक ग्राबेलिङ, २२.७५ किमी सडक कालोपत्र, ३ किमी सडक ढलान गर्ने कार्य बहु वर्षीय योजना तथा लक्ष्य अनुरुप अगाडि बढेका छन् ।
- पूर्वाधार निर्माण कार्यक्रममा चालु आर्थिक वर्षमा करिब २ अर्ब ४३ करोड लागतका १ सय ४७ वटा योजनाहरुको टेन्डर गरी काम अगाडि बढाइएको छ । मेयर नमुना पूर्वाधार योजना अन्तर्गत मुख्य सहरी सडक अस्फ्लान्ट कंक्रिट गर्ने प्रक्रिया सुरु गरिएको छ ।
- भौतिक पूर्वाधारमा थप गुणस्तरीयता कायम गर्न सडक विज्ञको रुपमा छुट्टै इन्जिनियर व्यवस्था गर्नुका साथै निर्माण सामग्रीको गुणस्तर कायम गर्नका लागि गुणस्तर मापन प्रयोगशाला सञ्चालनको लागि पूर्वाधार तयार गरिएको छ ।
- एक वडा एक खेल मैदान अन्तर्गत २१ स्थानमा पहिलो चरणमा खेल मैदान निर्माणको काम सुरु गरिएको छ ।
- १५ स्थानमा सार्वजनिक शौचालय निर्माण सुरु गरिएको छ ।
- खुल्ला व्यायामशाला निर्माण कार्यलाई अगाडि बढाइएको छ ।
- हामी बनाउँछौं हाम्रो महानगर कार्यक्रम सञ्चालन गरी भित्री तथा साना सडक निर्माण तथा खानेपानी आयोजना निर्माणको काम अगाडि बढाइएको छ । सहरी सडक सञ्जालमा धुले सडक लगभग २५ प्रतिशतमा सीमित गरिएको छ । खानेपानी लाइन विस्तार १ सय ६५ किमी गरिएको छ ।

- महानगरपालिकाको कार्यालयबाट सबै वडाहरुको केन्द्रसम्म जोड्ने २७ वटा पहुँच मार्ग अर्थात कनेक्टिङ सडक आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने गरी रु. १ अर्ब १६ करोड बराबरको टेन्डर भई कार्य अगाडि बढेको छ ।

| क्र.सं. | सडकको नाम | क्र.सं. | सडकको नाम |
|---|---|---|---|
| १ | शिवालय बतासे मनिपाल सडक | १५ | विजयपुर सुर्केमैदान सडक २८ |
| २ | पामेदेखि २४ नं. वडा कार्यालय जोड्ने सडक | १६ | देउराली कमेरेगुण्डा, १८ वडा मार्ग |
| ३ | छोरेपाटनदेखि वडा नं. २१ जोड्ने सडक | १७ | मनिपाल मौजा बिसौना सडक २० |
| ४ | खराने राखीडाँडा सडक वडा २६ | १८ | ३३ नं. वडादेखि ठूल्ढुंगा सडक |
| ५ | झाझरमारे देउमाणी ओख्ले सडक २८ | १९ | कात्रे बाम्दी घाटछिना सडक |
| ६ | स्यांङखुदी कँडेल गाउँसडक २८ | २० | चितेपानी रैकर माछापुच्छ्रे सडक |
| ७ | लेखनाथ शिरोमणि मार्ग | २१ | खत्री पहिरो खोलाबेसी बेत्यानी सौर्य सडक |
| ८ | रतिखहरेघाट निर्मलपोखरी मार्ग | २२ | महेन्द्रगुफा अर्मलाकोट मौजा सडक |
| ९ | घार्मीखोला जुम्लेटी ढिकीडाँडा तितेपानी मार्ग वडा १९ | २३ | तिलाहार काउलेपानी तारेभिर सडक |
| १० | आपकुना चिलिमेडाँडा गुन्टेचौर सेरा मार्ग वडा २४ | २४ | शिवालय थाप्ले तिलाहार बासपानी चिलाउनेखर्क सडक |
| ११ | कुलायन मौजा सडक वडा २० | २५ | आरुपाटा कालिका सडक २८ |
| १२ | खपौदी देखि १८ नं. वडा सम्मको मार्ग | २६ | काहुँखोला पहिरोपानी चिसापानी मौजा डाँडागाउँ सडक १३ |
| १३ | अमलाबेसी तल्लाथर घार्मी सडक वडा १९ | २७ | बागलुङ बसपार्क कास्कीकोट सडक |
| १४ | ठूलाखेत चैनपुर हर्पन पञ्चासे सडक २३ | | |

गण्डकी प्रदेश सरकारसँग मिलेर महानगरले ९ वटा योजना अगाडि बढाएका छ । ती योजनाको सम्झौता भई काम समेत सुरु भएको छ । ड्यामसाइडमा छापुच्छ्रे प्रतिविम्ब पार्क निर्माणको काम सुरु भएको छ । यी योजनाका लागि महानगरले १२ करोड ५६ लाख र प्रदेश सरकारले ४ करोड ६० लाखको लागत साझेदारी भएको छ ।

| | |
|---|---|
| १. | सुइखेत खोला नियन्त्रण |
| २. | स्मार्ट शौचालय निमार्ण |
| ३. | लेखनाथ साना सहरी खानेपानी आयोजना |
| ४. | आर्बा मौजा कुलायन मार्ग |
| ५. | काहुँखोलादेखि न्यालेचौरअतिघर सडक |
| ६. | जनचेतना चिलाउने खर्क बस्पनी तिलाहर शिवालय सडक |
| ७. | भलाम न्यालेचौर बिसौना मौजा सिक्लेस सडक |
| ८. | संगम नगर दुम्रीखेत सोती सडक |
| ९. | माछापुच्छ्रे प्रतिविम्ब पार्क |

पोखरा महानगरले केन्द्रीय सरकारसँगको साझेदारीमा ४ वटा योजना अगाडि बढाएको छ । ती योजनामा महानगरले १५ करोड ६८ लाख र केन्द्रीय सरकारले ११ करोड ४५ लाख विनियोजन गरेका छन् ।

| | |
|---|---|
| १. | विजयपुर कालिकाहुँदै बेगनास सडक |
| २. | बैदाम पामे घाँटछिना सडक |
| ३. | घाँटछिना दमदमे सिदाने सडक |
| ४. | मोहरिया लामस्वारा स्याङखुदी आनन्दज्योति लप्सीडाँड सडक |

- सिर्जनाचोकमा अत्याधुनिक आकाशेपुल निर्माणको लागि काम अगाडि बढाइएको छ । साथै ७ स्थानमा पक्की मोटेरेबल पुल निर्माणको लागि बोलपत्र आह्वान गरी निर्माण कम्पनी छनोट प्रक्रिया समेत सम्पन्न गरिएको छ ।

**(२) प्रशासन महाशाखा**

- स्थानीय तहका कर्मचारीहरुको एवं संघबाट आउने कर्मचारीहरुको समायोजन प्रक्रिया सम्पन्न भएको छ ।
- महानगरपालिकाको कार्यालयसहित ३३ वटै वडाहरुमा विद्युतीय हाजिरी लागू गरिएको छ ।
- महानगर र वडा कार्यालयहरुको आन्तरिक व्यवस्थापनमा सुधार गरी वडा कार्यालयबाट नै छिटो छरितो सेवा प्रवाहको लागि वडा कार्यालयको संगठन संरचना र भौतिक पूर्वाधारमा सुधार गरिएको छ ।
- कर्मचारीको आचरण, व्यवहारमा अपेक्षित रुपमा सुधारल्याई नागरिकलाई सुशासनको प्रत्याभूति दिलाउन र भ्रष्टाचार विरुद्ध

शून्य सहनशिलताको नीति लिई गैरकानुनी काम गर्ने जो कोहीलाई कारबाहीको दायरमा ल्याउने गरिएको छ ।

- महानगरको नयाँ लोगो बनाई कार्यान्वयनमा ल्याइएको छ ।
- जनप्रतिनिधिलाई तोकिएको पोसाकको व्यवस्था गरी एक रुपता ल्याइएको छ ।

**(३) न्यायिक समिति/कानुन महाशाखा**

- नेपालको संविधान २०७२ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्देश गरे बमोजिम ६ वटा नीति, ८ वटा ऐन, १२ वटा नियमावली, १५ वटा निर्देशिका, १७ वटा कार्यविधि गरी ५८ वटा कानुन निर्माण गरी स्थानीय राजपत्रमा प्रकाशित गरिएको छ ।
- स्थानीय तहका लागि न्यायिक समितिको अवधारण नयाँ अभ्यास समेत भएकाले सो बारे जानकारी दिन प्रचार सामग्री प्रकाशित गरी नागरिकलाई वितरण गरिएको छ
- विभिन्न तहका अदालतहरुमा विचाराधीन २६ वटा मुद्दाहरु मध्ये १० वटा मुद्दाहरु महानगरको पक्षमा फैसला भई १६ वटा मुद्दाहरु अझै विचाराधीन अवस्थामा रहेको र तिनको प्रभावकारी रुपमा प्रतिरक्षा गरिएको छ ।
- न्यायिक समितिमा परेका २५ वटा उजुरी मध्ये ३ वटाको फैसला भइसकेको छ भने बाँकी २२ वटा उजुरीहरुको निरुपण गर्ने कार्य भईरहेको छ ।
- हालसम्म नागरिकहरुबाट २ सय ५७ वटा ठाडो उजुरी परेकोमा २ सय २ वटा उजुरीको फछ्र्यौट भई ५५ वटा उजुरीको सुनुवाइको क्रममा कारबाही प्रक्रिया अगाडि बढाइएको छ ।
- महानगरपालिकामा एउटा संस्था र ८७ जना मेलमिलाप कर्ताहरु सूचिकृत भएका छन् ।
- महानगरपालिकाको १० वटा वडाहरु ७, १३, ३०, २१, २५, २६, २९, ३२, ३१ र ३३ ) मा मेलमिलाप केन्द्र स्थापना भएको छ ।
- बाँकी २३ वटा वडाहरुबाट ५।५ जना मेलमिलाप कर्ताको तालिम लिन योग्य भएका व्यक्तिहरुलाई आगामी जेठ २६ गते बाट मेलमिलापकर्ताको आधारभूत तालिमको व्यवस्था गरिएको छ ।
- पद वहाली गर्दा महिलाहरुको लागि निशुल्क कानुनी परार्मश तथा सहायता कक्षको स्थापना गर्ने निर्णय अनुसार सो कक्षस्थापना गरेर महिलाहरुलाई आवश्यक परार्मश र सहायोग भइरहेको छ ।

**उपप्रमुखसँग महिला कार्यक्रम**

- सहाकारीसँग सहकार्य अन्तर्गत ९ वटा सहकारी, महिला समूह र १४ वटा संस्थालाई ऋण उपलब्ध गराइएको छ ।
- ५० महिला उद्यमी, ५ सय महिला रोजगार अन्तर्गत ७ वटा उद्योग सञ्चालन गरी ४४ जनालाई रोजगारी प्रदान गरिएको छ ।
- वडा वडामा शैक्षिक सहजता ल्याउनका लागि पहिलो चरणमा ३ वडामा शैक्षिक सहजता कार्यक्रम, ४ स्थानमा कानुनी सचेतना कायक्रम सञ्चालन गरिएको छ ।

**(४) अनुगमन तथा मूल्यांकन शाखा**

- उपप्रमुखज्यूको संयोजकत्वमा अनुगमन, मूल्यांकन तथा सुपरीवेक्षण समिति गठन भई समितिको कार्यविधि व्यवस्थित गर्ने एवं फारामहरुको विकास गरी संस्थागत रुपमा अनुगमन तथा मूख्यांकन कार्य सुरु भएको छ ।
- वडाहरुमा सञ्चालित वडास्तरीय एवं महानगरस्तरीय योजनाहरुको अनुगमन गरी सो को प्रतिवेदन पद्धति बसेको छ ।
- मासिक रुपमा वडा सचिव तथा महाशाखा/शाखाको बैठक बसी प्रगतिबारे जानकारी लिने र भावी योजना बनाउने गरिएको छ ।

**(५) सूचना तथा प्रविधि शाखा**

- स्मार्टसिटी पूर्वाधार अन्तर्गत सबै वडा कार्यालयमा केन्द्रिकृत इन्टरनेट इन्ट्रानेट प्रणाली जडान गरी महानगर र वडाका सेवा प्रवाहलाई प्रविधि मैत्री बनाउँदै लगिएको र महाशाखा/ शाखाहरुमा नेटवर्किङ गरी इन्टरनेट सेवा व्यवस्थित गरिएको छ ।
- मुख्य चोक पृथ्वीचोक, हल्लनचोकदेखि राष्ट्रबैंक चोक, जिरोकिमी, सिर्जनाचोक, सभागृहचोक, बिरौंटाचोक, महेन्द्रपुल, चिप्लेढुंगा, सिद्धार्थचोक लगायतमा सिसिटिभी क्यामरा जडान गरिएको छ ।
- व्यक्तिगत घटना दर्ता, घरनक्सा पेश एवं कर प्रणालीलाई सूचना प्रविधिको उपयोग गरी विद्युतीय पद्धतिमा लगिएको छ ।
- बाराहीघाट, पोखरा विमानस्थल, गण्डकी अस्पताल, बेगनासताल, सराङकोट, डेभिजफल, विन्ध्यवासिनी मन्दिर, मालेपाटन बगैंचा, लेखनाथ सामुदायिक अस्पताल, बाटुलेचौर, शान्ति स्तूप लगायत महानगरका १५ स्थानमा फ्रि वाइफाईको व्यवस्था गरिएको छ ।
- वार्षिक योजना पुस्तिका प्रकाशन, राजपत्रहरुको प्रकासन, वडा नागरिकपत्रहरुको प्रकाशन, नागरिकहरुका सूचनाको हक प्रवर्द्धन हुने गरी सूचना प्रवाह समेतका कार्य गरिएको छ ।

- पुराना कागजात एवं अभिलेखहरुको Dizitized गर्ने कार्य गरिएको छ ।
- पोखराको विभिन्न विषय समेटिएको म्याप बुक तयार गरी प्रकाशन गरिएको छ ।
- महानगरको मुखपत्र पोखरा दर्पणलाई २०७५ माघदेखि त्रैमासिक रुपमा प्रकाशन सुरु गरिएको छ ।
- पोखरा महानगरपालिकाको बृतचित्र निर्माणको काम सुरु भएको छ ।
- आरएफआइडी मा आधारित पुस्तकालय स्थापनाको काम भण्डारढिमा सुरु गरिसकिएको छ ।

**(६) घरनक्सा महाशाखा**

- १० हजार पुराना घरनक्सा, घर सम्पन्नको कागजात समेतलाई Dizitized गरिएको छ ।
- घरनक्सा पेश गर्ने र स्वीकृति दिने कार्यलाई Online पद्धतिमा लगिएको छ ।
- १ हजार स्क्वायर फिट प्लिन्थ एरिया र कुल ३ हजार स्क्वायर फिट सम्मको घरनक्साको सबै कार्य सम्बन्धित वडाहरु बाटै हुने गरेको छ । पोखराको मापदण्डले गर्दा जनताले भोगेका समस्यालाई मध्यनजर गर्दै मापदण्ड सम्बन्धी नियम तयारपारी जारी गरिएको छ ।
- घर नक्सा ड्रोइङ/डिजाइन कार्यविधि अनुसार २९ वटा व्यक्ति वा फर्मसँग सम्झौता गरी कार्य अगाडि बढाइएको छ ।

**(७) नापी शाखा**

- हरेक वडाहरुमा छरिएर रहेका सार्वजनिक जग्गाहरुको नापजाँच, खोजी गरी संरक्षणको कार्य गरिएको छ ।
- विवादित बाटाघाटा, नदीखोला, साँधसिमाना, तालतलैयाहरुको नाम नक्सा गरी विवादहरुको शीघ्र व्यवस्थापन गरिएको छ ।
- सार्वजनिक जग्गाको अभिलेख तयार पारिएको र वडा नम्बर १५,१८ र १९ का महत्वपूर्ण सार्वजनिक जग्गालाई संरक्षण एवं ताबार गरिएको छ ।

**(८) जिन्सी शाखा :**

- जिन्सी सम्पत्तिको व्यवस्थापन गर्ने सफ्टवेयरको विकास गरिएको एवं वडा वडामा सहज सेवा प्रवाहका लागि आवश्यक Logistics हरु चौमासिक रुपमा एवं निर्वाद आपूर्तिको व्यवस्थापन गरिएको छ ।
- महानगरमा गाभिँएका विषयगत कार्यालय, वडाहरुको जिन्सी सम्पत्तिको अभिलेखीकरण र व्यवस्थापन गरिएको छ ।

**(९) विपद् व्यवस्थापन एवं निरीक्षण महाशाखा**

- विपद् उत्थानशील नगरको रुपमा विकास गर्न विपद् उत्थानशील क्षमताको विकास सम्बन्धी कार्यहरु समन्यात्मक रुपमा अगाडि बढाइएको छ ।
- फुटपाथमा जथाभावी व्यापार गर्ने कार्यमा नियन्त्रण गरिएको छ ।
- सार्वजनिक जग्गाहरुको संरक्षण गर्ने कार्य भएको छ ।
- बिना नक्सा बनेका घर टहरा हटाउने कार्य गरिएको छ ।
- महानगरस्तरीय विपद् व्यवस्थापन समिति, विपद् व्यवस्थापन कोष सञ्चालन समिति गठन गरिएको छ ।

**(१०) सामाजिक सुरक्षा एवं सामाजिक विकास महाशाखा**

- जनप्रतिनिधिले जिम्मेवारी सम्हालेपछिको पहिलो निर्णय अनुसार पोखरा महानगरपालिका भित्रका ज्येष्ठ नागरिकालाई ने पाल सरकारले दिएको सामाजिक सुरक्षा भत्तामा १० प्रतिशत थपेर वितरण गरिएको छ ।
- उपप्रमुखको संयोजकत्वमा बनेको अपांगता परिचयपत्र वितरण समितिबाट अहिले सम्म १ सय ३५ जनालाई परिचयपत्र वितरण गरिएको छ । ज्येष्ठ नागरिक, एकल महिला, ज्येष्ठ दलित नागरिकहरुलाई परिचयपत्र वितरण एवं सामाजिक सुर क्षाको व्यवस्थालाई थप सुदृढ गरिएको छ ।
- महिलाहरुको क्षमता विकासको लागि महिलासँग उपमेयर कार्यक्रम, बालमैत्री कार्यक्रम, आय आर्जनका कार्यक्रमसहित लक्षित वर्गको सशक्तीकरण एवं क्षमता विकासका कार्यक्रमहरु सञ्चालित गरिएको छ । यस वर्ष तालिम, गोष्ठी भन्दा पनि जिविकोपार्जनमा सहयोगी बन्ने आयमूलक तथा सीममूलक कार्यक्रम वडा वडामा सञ्चालन गरिएको छ ।
- साना सहरी, बेगनास, भरतपोखरी, माझठाना, लगायतका आयोजनामा साझेदारी तथा अन्य साना खानेपानी आयोजनामा १२ करोड लगानी गरी कार्य अगाडि बढाइएको छ ।
- प्रदेश सरकारसँगको समन्वयमा महानगरपालिकाले महिला सुरक्षित आवासगृह सञ्चालनको लागि निर्माण कार्य सुरु गरे को छ ।
- महानगरपालिकाभित्र ८९ जना सडक बालबालिकाको पहिचान गरी उनीहरुको पुनर्स्थापनाको लागि पुनर्स्थापना केन्द्र सञ्चालनका लागि प्रक्रिया अगाडि बढाइएको छ ।

**(११) सहकारी शाखा**

- सहकारी ऐन, २०७५ निर्माण गरी सहकारी क्षेत्रको विकासको लागि सहकारी समिति गठन गरिएको एवं विभिन्न १७ वटा सहकारी संस्थाहरुलाई यस महानगरपालिकामा दर्ता गरिएको छ ।

- सहकारी शिक्षा, सहकारी संस्थाहरुको अनुगमन, सहकारी सुशासन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिएको छ ।
- सहकारीमा लेखा व्यवस्थापन कार्यशालाहरु आयोजना गरिएको छ ।

**(१२) कृषि महाशाखा**

- १ सय स्थानमा थोपा सिँचाई, १सय वटा साना सिँचाई सञ्चालन गरी कृषियोग्य क्षेत्र एवं सिञ्चित क्षेत्रको विस्तार गरि एको छ ।
- ६ सय वटा कम्पोस्ट बिन वितरण गरी घरमै कम्पोस्ट मलको उत्पादनसहित कौंसी खेतीको प्रवर्द्धन गरी वातावरण संर क्षण, फोहोरको व्यवस्थापन र सहरी हरियालीको प्रवर्द्धन गरिएको छ ।
- ९८ वटा हाते ट्याक्टर वितरण गरी कृषिमा यान्त्रिकीकरण गर्ने एवं नयाँ प्रविधि भित्र्याउने कार्य गरिएको छ ।
- ६० वटा स्थायी प्लास्टिक घर निर्माण, ४सय ५० वटा अस्थायी प्लास्टिक घर निर्माण गरी बेमौसमी तरकारी खेती प्रवर्द्धन गरी तरकारी आयातलाई न्यूनीकरण गर्ने कार्य गरिएको छ ।
- २ सय वटा भकारो सुधार, १ सय टन प्रांगारिक मल अनुदान वितरण गरी प्रांगारिक कृषिलाई प्रोत्साहन गरिएको छ ।
- ४५० वटा माहुरी घार वितरण गरी मह उत्पादनलाई प्रोत्साहन गरिएको छ ।
- ४० हजार फलफूल बिरुवा वितरण, सुन्तला बगैंचा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी नेपाललाई फलफूल बगैंचा बनाउने प्रधानमन्त्रीको आह्वानलाई टेवा पुर्‍याउने कार्य गरिएको छ ।
- लेखनाथमा कृषि बजार तथा कस्टम हायरिङ केन्द स्थापना र बिरौटामा किसान बजार स्थापनाको पहल गरी बिचौ लियाहरुको शोषण अन्त्य गरी किसानहरुलाई सहज बजार पहुँच विस्तारको कार्य थालनी भएको ।
- मेयर प्रविधि मैत्री परियोजना सञ्चालन गरी किसानलाई आर्थिक सहयोग गरिएको छ ।

**(१३) सरसफाइ शाखा**

- फोहोरमैलाको स्रोतमै वर्गीकरणको अभ्यास सुरु गरिएको छ । निजी क्षेत्रसँग साझेदारी गरी फोहोरमैला व्यवस्थापनको कार्यलाई थप व्यवस्थित गरिएको छ ।
- छाडा चौपायालाई नियन्त्रण गर्नका लागि पोखरा १४ मा चौपाया व्यवस्थापन केन्द्र सञ्चालन गरिएको छ ।
- सेन्ट्रल ट्रिटमेन्ट सुविधाबाट नेपालमै पहिलो पटक अस्पताल जन्य फोहोर मैलाको व्यवस्थापन निजी क्षेत्रसँग्को सहकार्यमा अगाडि बढाइएको छ ।
- महानगरका विभिन्न स्थानमा १ सय ४० बायोग्यास प्लान्ट निर्माण गरिएको छ ।

**(१४) पशु सेवा महाशाखा**

- नेपालमै पहिलो पटक यस महानगरपालिकाले १० वटा पशुसेवा केन्द्र स्थापना एवं व्यवस्थापन गरी ९२ प्रकारका पशु सम्बन्धी औषधी निशुल्क वितरण गर्ने कार्य सुरु गरिएको छ ।
- व्यवसायिक रुपमा दर्ता भएका सबै पशु व्यावसायिक फर्महरुलाई यसैबाट न्युनतम अनुदानको व्यवस्था गरिएको छ ।
- १८ वटा व्यावसायिक दुग्ध संकलन केन्द्रमा मिल्क एनालाइजर मेसिन उपलब्ध गराइएको एवं १० स्थानमा चिलिङ भ्याट उपलब्ध गराई स्वस्थ दुध उत्पादन र उपभोगमा उल्लेख्य कार्य गरिएको छ ।
- बाँझो जग्गालाई उपयोग गर्न १ हजार ७ सय ५३ रोपनी बाँझो जग्गामा उन्नतघाँस लगाए वापतप्रति रोपनी रु. ३ हजार अनुदान वितरण गर्ने व्यवस्था मिलाइएको छ ।
- पोखरा उद्योग वाणिज्य संघसँगको सहकार्यमा ग्यारेज र कवाडी संकलन केन्द्रहरुमा छानो राखी व्यवस्थित गर्ने प्रक्रियामा अगाडि बढाइएको छ ।

**(१५) आर्थिक प्रशासन महाशाखा**

- बजेट निर्माण यथासमयमा सम्पन्न गर्ने कार्य गरिएको छ ।
- पेश्की फरफारकको लागि ताकेता गरी पेश्की घटाउने कार्य गरिएको छ ।
- भुक्तानी प्रक्रियालाई छिटो छरितो र सरल बनाइएको छ ।
- करिब २ करोड बराबर बेरुजुको संपरीक्षण एवं बेरुजु फछ्र्यौट गरिएको छ ।
- साविक लेखनाथ नगरपालिकाको भवनमा यसै आर्थिक वर्ष भित्र आर्थिक अधिकारसहितको सेवा केन्द्र स्थापनाको काम अगाडि बढाइएको छ ।

**(१६) शिक्षा महाशाखा**

- शिक्षा नियमावली निर्माण गरी महानगरपालिकाबाटै मावि स्तरसम्मको शैक्षिक व्यवस्थापन गरिएको छ ।
- शुक्रराज मावि, ब्रह्मारुपा मावि, जनप्रिय मावि, महेन्द्र मावि भलाम र अम्बिका माविसहित ५ वटा माविमा प्राविधिक धार को शिक्षा सञ्चालन गरिएको छ ।
- बालमैत्री शिक्षाको अवधारणाको अवलम्बन गरी धुलोमुक्त कक्षा सञ्चालनका लागि विद्यालयहरुमा ह्वाइटबोर्ड वितरण र

बालमैत्री शिक्षण पद्धतिको अनुशरण गरिएको छ ।

- महानगर भित्र रहेको सामुदायिक विद्यालयका कक्षाकोठालाई धुलोमुक्त बनाइएको छ ।
- पूर्व प्राविका बालबालिकाको लागि दिवा खाजाको व्यवस्था गरिएको छ ।
- २६ वटा वडाहरुलाई अनिवार्य तथा निशुल्क शिक्षाको सुनिश्चितताको घोषणा गरिएको छ ।
- शीतला मावि, भद्रकाली मावि, श्रीकृष्ण मावि, जनप्रकाश मावि र गोगन माविलाई सूचना प्रविधि मैत्री नमुना विद्यालयको रुपमा विकास गरिएको छ ।
- सबै विद्यालयहरुलाई क्रमश: स्मार्ट विद्यालयको रुपमा विकास गर्ने गरी हाल कालिका मावि र त्रिभुवन शान्ति माविको विस्तृत गुरुयोजना निर्माण गरिएको छ ।
- बहु प्राविधिक शिक्षालयको सञ्चालन निम्ति पश्चिमाञ्चल क्याम्पससँग सहकार्य गरी आवश्यक प्रक्रिया सुरु गरिएको छ ।

**(१७) वातावरण शाखा**

- घाटहरुको वातावरणी प्रभाव मुल्यांकन अध्ययन, चौतारी एवं पोखरी संरक्षण, पार्क व्यवस्थापन, भूक्षय नियन्त्रण सम्बन्धी कार्य गरी जलवायु अनुकुलन सम्बन्धी कार्यक्रमहरु गरिएको छ ।
- सेतीनदी किनारमा इलेक्ट्रिक शवदाह निर्माण काम अगाडि बढाइएको छ ।

**(१८) स्वास्थ्य महाशाखा**

- २८ वडाहरुमा वडास्तरमा आधारभूत स्वास्थ्य केन्द्रहरुको स्थापना एवं व्यवस्थापन गरी वडास्तरमा नागरिकहरुलाई निशुल्क आधारभूत स्वास्थ्य सेवाको प्रत्याभूति गर्ने कार्य गरिएको छ ।
- ज्येष्ठ नागरिकहरुलाई वडास्तरमै निशुल्क स्वास्थ्य जाँच एवं उपचारको विशेष व्यवस्था गरिएको छ ।
- समुदायस्तरमै महिलाहरुको विशेष स्वास्थ्य समस्या जस्तै: पाठेघर मुखको क्यान्सर, स्तनको क्यान्सरको स्क्रिनिंग तथा उपचारको रेफर गर्ने गरिएको छ ।
- निशुल्क औषधी तथा स्वास्थ्य सामग्रीको नियमित आपूर्तिको सुनिश्चितता गरिएको छ ।
- गर्भवती एवं सुत्केरी महिला तथा शिशुहरुको पोषण प्रर्द्धन एवं खोप सेवाको नियमितता गरिएको छ ।
- स्वास्थ्य संस्थामा प्रसूति हुने आमा तथा जन्मिने बच्चाको स्वास्थ्य रक्षाको लागि न्यानो कपडा एवं यातायात खर्चको व्यवस्था गरिएको छ ।
- वडा नम्बर ९ को पुरानो दमकल भएको ठाउँमा सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना गरी चिकित्सकसहित २६ वटा सेवा निशुल्क प्रदान गरिएको छ । वडा नम्बर ४ गणेशटोल, ९ को पूरानो वडा कार्यालय, १० को साविक वडा कार्यालय, २९ को भण्डारढिक र ३३ को लामगादीमा
- सहरी स्वास्थ्य केन्द्र स्थापना गरी १७ वटा सेवा निशुल्क प्रदान गरिँदै आएको छ । ५ वटा वडामा सहरी स्वास्थ्य केन्द्र विस्तार गर्ने योजना छ ।

**(१९) आन्तरीक लेखा परीक्षण शाखा (आलेप)**

- निरन्तर आलेप गर्ने पद्धति कायम गरी आर्थिक जवाफदेहिता वृद्धि सम्बन्धी कार्य गरिएको छ ।
- विभिन्न वडाहरु एवं शाखाहरुबाट उठाउने राजश्वको भिडान गरी थप राजश्व असुल उपर गराउने कार्य गरिएको छ ।
- व्ययको वार्षिक रुपमा आलेप गर्ने काम भइरहेको छ ।
- लेखा समिति गठन, सोको कार्यविधि निर्माण गरी नगरको आर्थिक कार्यप्रणालीको नियमन गर्ने कार्य सुरु गरिएको छ ।

**(२०) सार्वजनिक निजी साझेदारी**

- सार्वजनिक निजी साझेदार सम्बन्धी विधि निर्माण गरी निम्न योजनामा सार्वजनिक निजी साझेदारी गर्न आशयपत्र माग गरी कार्य अगाडि बढाइएको छ ।
  (क) सराङकोट पूर्वाधार विकास
  (ख) सेतीखोंच साहसिक पर्यटन पूर्वाधार विकास
  (ग) पाताले छाँगोमा सिसाको पुल निर्माण
  (घ) बेगनास एवं फेवा तालमा वाटर स्पोर्टस् सञ्चालन
  (ङ.) डिजिटल होर्डिङ बोर्ड व्यवस्थापन

**(२१) राजश्व शाखा**

- २० वटा वडाहरुमा राजश्व सम्बन्धी सफ्टवेयर जडान गरी करदाता नागरिकहरुलाई सम्बन्धित वडाबाटै राजश्व बुझाउन सक्ने व्यवस्था गरिएको छ ।
- साविक लेखनाथ र तत्कालीन पोखरा उपमहानगरपालिकाको फरक फरक कर प्रणालीलाई एकीकृत गरी कर प्रणालीमा समानता र एक रुपता कायम गरिएको छ ।

- आर्थिक ०७३।०७४ मा ३५ करोड आन्तरिक राजश्व उठ्ने गरेकोमा आर्थिक वर्ष ०७४।७५ मा ४९ करोड ५१ लाख संकलन भएको र चालु आर्थिक वर्षमा करिब २ अर्ब २६ करोड राजश्व संकलन लक्ष्य लिइएको र सोही अनुपातमा वैशाखसम्म १ अर्ब ४ करोड राजश्व संकलन भइरहेको छ । जसले गर्दा राजश्व वृद्धिमा उत्साहजनक अवस्था सिर्जना भएको छ ।
- कर प्रणालीमा आधुनिक पद्धति मानिने सम्पत्ति कर एवं घर वहाल करलाई थप व्यवस्थित र सरलीकरण गरी लागू गरिएको छ ।
- कर प्रणालीमा दर बढाउने भन्दा दायरा वृद्धि गर्ने गरी प्रगतिशील करको सिद्धान्त एवं करदातामैत्री कर प्रणालीको अवलम्बनको प्रयास गरिएको छ ।
- सटर भाडा वापत पूरानो रहेको वक्यौंता रकम मध्मे कुल १ करोड ६९ लाख उठेको र १ करोड ५६ लाख उठ्न बाँकी रहेको र बाँकी रकम उठाउनका लागि ताकेका गरिएको र यही आर्थिक वर्ष भित्र उठाउने लक्ष्य राखिएको छ ।
- महानगरपालिका भित्र प्रचार प्रसारका लागि विज्ञापन सामग्री राखे वापत वार्षिक २६ लाख आम्दानी हुने गरेकामा यस आर्थिक वर्षबाट विज्ञापनको आम्दानी १ करोड ६५ लाख पुऱ्याइएको छ । यस वर्ष पुराना होर्डिङ बोर्ड हटाइ डिजिटल तथा युनिपोल लाइट बोर्ड राख्ने कार्यका लागि आसयपत्र माग गरिएको र विज्ञापन वापतको वार्षिक आम्दानी ४ करोड पुऱ्याउने लक्ष्य राखिएको छ ।

**(२२) पञ्जीकरण शाखा**

- नागरिकहरुका व्यक्तिगत घटना दर्ता प्रक्रियालाई सरलीकरण गर्न सबै वडाहरुमा नेटवर्किङ गरी अनलाइनबाटै दर्ता गर्न सकिने व्यवस्था गरिएको छ ।
- सबै प्रकारका व्यक्तिगत घटना दर्ताको संशोधन सम्बन्धी मार्गदर्शन गर्ने एवं सो सम्बन्धी अभिलेखलाई थप व्यवस्थित गरिएको छ ।

**(२३) अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार**

- विश्वका विभिन्न देशका सहरहरुसँग भगिनी सम्बन्ध विस्तार गर्ने कार्य निरन्तर चलिरहेको छ । पोखराले अहिलेसम्म जापानको कोमागाने, चिनको लिन्जी, कुन्मिङ, गुञ्जाओ, छिन्चु, छुसाओ, नानिङ, युबिन, हाइकाउ लगायतका सहरसँग र दक्षिण कोरियाको ग्यांबुक गु सहरसँग पनि भगिनी सम्बन्ध छ ।

## सार्वजनिक हितमा जारी सूचनाहरु

- पेट्रोल, डिजेल मट्टितेलजस्ता अत्याधिक प्रज्वलनशील पदार्थ घरमा नराखौं ।
- सुख्खायाममा आगलागीको जोखिम अधिक हुन्छ । बालबच्चाहरुले भेट्ने ठाउँमा सलाइ, लाइटर जस्ता चिजहरु नराखौं । वन जंगल प्रवेशमा सलाइ लाइटरलाई निषेध गरौं ।
- प्रयोग गरिसकेपछि ग्याँस रेगुलेटर बन्द गरौं । विद्युतीय स्विच अफ गरौं । तपाईहरुको बस्ति, टोल छिमेकमा आगलागीजन्य घटना घटेको अवस्थामा तपाईले १०१ वा ५२०२२२ मा सम्पर्क गरि दमकललाई खबर गर्न सक्नुहुनेछ ।

पोखरा महानगरपालिका



# पर्स्याङ बगैंचा पार्क महानगरको गौरव



• धनबहादुर नेपाली

पोखरा महानगरपालिका वडा नं -५ पर्स्याङस्थित लायन्स चिल्ड्रेन पार्क अब पर्स्याङ बगैंचा पार्कको रुपमा रुपान्तारित भई पुनर्निमार्णको चरणमा छ । स्थानीय तहको निर्वाचन पछि जनआवाजलाई सम्बोधन गर्दै जनप्रतिनिधि वडा समिति पोखरा-५ बाट यो पार्कलाई व्यवस्थित र प्रकृतिमय प्राकृत आधुनिक पार्कको रुपमा निर्माण सुरु गरिएको हो ।

महानगरमा आधुनिक पुस्तकालय, व्यवस्थित सांस्कृतिक संग्राहलय, आकषर्क पार्क अत्यावश्कता भित्रै पर्दछन् । एक स्थानीय तह एक अस्पताल, एक स्थानीय तह, एक खेलकुद मैदान भने जस्तै एक स्थानीय तह एक पार्कको कार्यथालनी आफैमा थप प्रेरणाको विषय हो ।

पञ्चायत व्यवस्थाको अन्त्यसँगै ०४७ पछि सार्वजनिक खुलाचौर संरक्षण चुनौतीको विषय बन्दै थियो भने राजनीतिक एवं निहीत स्वार्थको विषयसँग जोडिएर सुकुम्बासी बस्ती टहरा बसाल्ने गलत परिपाटी बन्दै थियो त्यो समय । शिवालय मन्दिर, प्रसस्त आँपको बोट रहेको खुलाचौर सबैको आँखा लाग्ने ठाउँमै थियो । यो ठाउँ पनि अतिक्रमित हुने संकेत देखिए पछि स्थानीयको जोडमा तत्कालीन प्रधानपञ्च सूर्यबहादुर केसीको सहयोग र जननिर्वाचित मेयर कृष्णबहादुर थापाको सिफारिसमा जग्गा संरक्षण र लायन्स क्लब अफ पोखरा अन्नपूर्णलाई जग्गा प्रयोगमा दिइयो ।

सन् १९९५ डिसेम्बर २३ मा नेपाल र जापान प्रतिनिधिबाट उद्घाटन भएको थियो । लायन्सको अगुवाइमा पार्कको गेट पर्खाल र हरियाली सहित लोभलाग्दो पार्क निर्माण त भयो तर नियमित हेरचाह र संरक्षणको अभावमा पार्क अव्यवस्थित र विकृतिको संरक्षित स्थल बन्न पुग्यो । झन्डै ८ रोपनी जग्गामा फैलिएको यो पार्क देशमा चलेका द्वन्द्वसँगै कोही कसैको सुरक्षा र संर



क्षण भित्र पर्न सकेन । भएका संरचना बिग्रदै गए, बोटबिरुवा,फूलहरु, फुटट्र्याक तथा अन्य संरचना भत्कदै र बिग्रदै गए । ०६२/०६३ को आन्दोलनपछि यो पार्क चर्चामा आयो तर संरक्षणमा ठोस पाइला कतैबाट चालिएन,चालिने अवस्था थिएन ।

२०७४ वैशाखमा सम्पन्न स्थानीय सरकारको निर्वाचनपछि यो पार्कमा विभिन्न संरचना बनाउने अनौपचारिक छलफल चलाइए तर निर्वाचित जनप्रतिनिधिले पार्क कै रुपमा अगाडि बढाउने र ०७५ मा पर्स्याङ बगैंचापार्क नामाकरण गर्ने निर्णय गर्‍यो । साथै जनप्रतिनिधि वडा सदस्य अञ्जु केसीको संयोजकत्वमा मूल सञ्चालन समिति र शिवप्रसाद पराजुलीको संयोजकत्वमा निर्माण समिति गठन गरेर निर्माण कार्यलाई तीव्रता दिइयो । २०७५ मा राष्ट्रिय सभा अध्यक्ष सम्माननीय गणेशप्रसाद तिमिल्सिनाबाट पुनर्निर्माण कार्यको एक भव्य समारोहबीच शिलान्यास भएको थियो ।

पार्क निर्माणमा वन तथा उद्योग मन्त्रालय केन्द्रीय वातावरण विभागको ६० प्रतिशत पोखरा महानगरको ४० प्रतिशत सहभागितामा ४० लाखको बजेटबाट स्मार्ट शौंचालय निर्माण भएको छ । जिल्ला वन कार्यालय बाट रु. ३० लाखको लागतमा आधुनिक आकर्षक धबतभच उयलम चालु भएको छ । त्यसैगरी तत्कालीन पर्यटन मन्त्री रवीन्द्र अधिकारीको पहलमा रु. १० लाख विनियोजित रकमबाट कामधेनु गाईको पूर्ण आकारको मूर्ति र १ सय ८ शिवलिंग निर्माण गरिएको छ । गण्डकी प्रदेश भौतिक पूर्वाधार मन्त्रालयबाट शिव मन्दिर सजावटको लागि ३ लाख सहयोग प्राप्त भएको छ । त्यसैगरी पार्कमा महानगरको सहयोगमा फ्रि वाइफाई व्यवस्था गरिएको छ ।

प्रकृति र संस्कृति झल्काउने यो पार्क समयको माग र माछापुच्छ्रे इन्जिनियरिङ कन्सलटेन्सिका बाबुराम पौडेलको टिमले यो पार्कको डिटेल प्रोजेक्ट रिपोर्ट (डिपिआर) बनाएपछि सोही अनुसारको डिजाइनमा अघि बढदैछ । पोखराको मुख्यबजार महेन्द्रपुल, न्युरोड, पृथ्वीचोक एवं पुरानो बजार नालामुख तेर्सापट्टी, रामकृष्ण टोल, पर्यटनीय क्षेत्र लेकसाइड, विन्ध्यवासिनी, सराङकोट टावरको केन्द्र भागमा पर्ने तथा पोखरा बागलङ हाइवेसँगै रहेको पार्क यातायात सुविधाले पनि उपयुक्त ठाउँमा छ । महेन्द्रगुफा, पातले छाँगो जस्तै पार्कमा यो पर्स्याङ बगैंचा पार्क पुग्नै पर्ने पर्यटकीय गन्तव्य स्थलको रुपमा विकसित गर्नुपर्ने हाम्रो महानगर र महानगरवासीको कर्तव्य हुनेछ ।

पार्कको मूलगेट, कम्पाउड, सिंगारिएको शिवमन्दिर, पार्कको फूलबारी, चिल्ड्रेन सेक्सन हरियाली,आरामदायी कुर्ची, पार्क संरक्षकसहित बिजुली पानीको उचित व्यवस्थापनलाई अब निर्माणका थप योजना हुन । शौंचालय एकै चोटी धेरै संख्यामा प्रयोग गर्न मिल्ने र अपांग मैत्री बनेको छ । झण्डै ४ करोड अनुमानित बजेट खर्च हुने यो पार्कमा यस आव०७६/०७७ मा महानगरबाट ५० लाख विनियोजन गरिएको छ भने अरु सहयोग दाता खोजी हुँदैछन् र सहयोग दाता आकर्षित पनि हुँदैछन् । जनसहभागिता जुटाउन पनि निर्माण समिति लागिरहेको छ ।

स्वच्छ हावा लिन पाउने नागरिकको अधिकारलाई नेपालको संविधान ०७२ ले परिभाषित र संरक्षित गरेको छ । भूकम्प एवं विभिन्न प्राकृतिक प्रकोप आउँदा खुलाचौर पार्कको महत्व हामीले बुझिसकेका छौं । बालबालिकादेखि ज्येष्ठ नागरिकको मनोरञ्जन र आरामदायीस्थल, अन्तरिक तथा वाह्य पर्यटकका लागि यस्ता पार्क राष्ट्रिय चासोको विषय बनेको छ । यस्ता पार्क सुन्दर शान्त र सम्पदाको केन्द्र बन्दैछन् । शैक्षिक भ्रमण, आन्तारिक यात्री एवं धार्मिक पर्यटक तीर्थालु, स्वदेशी विदेशीहरु पनि १/२ घण्टा भुल्ने रम्ने र आराम गर्ने गन्तव्य स्थलको रुपमा पार्क विकास हुनेछ । पार्कलाई जति व्यवस्थित र आकर्षक बनाउन सक्यो त्यति नै नाटक, संगीत, वृत्तचित्र, चलचित्रको सुटिङ स्थलको रुपमा विकसित हुनेछ । वातावरण स्वच्छता, हरियाली प्रवर्द्धनका लागि सार्वजनिक स्थलको संरक्षण गर्दै उद्यान, बगैंचा र पार्कमा बदल्नु पर्दछ । यो पर्स्याङ बगैंचा पार्क महानगरको गौरवमय पार्क बन्ने बनाउने हाम्रो विश्वास र प्रतिवद्धतासहित ।

उडुन चराचरी उद्यानमा
पुतली नाचुन फुरफुर
ज्येष्ठ नागरिक होऊन उमंग
रमुन बालबच्चा हुँदै औधी फुरुंग ।

*नेपाली पोखरा महानगरपालिकाका प्रवक्ता हुनुहुन्छ*

# वडा नम्बर २७ लाई स्मार्ट वडा बनाउँछौं



• पूर्णकुमार गुरुङ

साविक लेखनाथ नगरपालिकाको २, ६ र ७ नम्बर वडालाई मिलाएर महानगरको वडा नं. २७ निर्माण भए पश्चात दुई वर्ष अघि सम्पन्न निर्वाचनबाट विजय भएर विकास निर्माणको नेतृत्व गर्न पाउँदा साच्चिकै गौरवको महसुस भएको छ । ४६४.२४ वर्ग किमी क्षेत्रफलमा फैलिएको नेपालको सबैभन्दा ठूलो महानगरको जम्मा क्षेत्रफलको २.४२ प्रतिशत अर्थात ११.२ वर्ग किमी क्षेत्रफल वडा नं. २७ ले ओगटेको छ । वडाको करिव दुई तिहाइ भाग समथर क्षेत्रमा पर्दछ भने एक तिहाइ भाग पहाडी क्षेत्रमा पर्दछ ।

कवि शिरोमणि लेखनाथ पौडेलको जन्मस्थान अर्चले, मधुमास ताल दिपाङ, तरेली परेका फाँट गल्छी समेत यस वडामा पर्दछन् । यस वडालाई पृथ्वी राजमार्गले करिब १.७ किमी लम्बाइले बीच भागबाट काटेको छ भने पोखरा महानगरपालिका केन्द्र न्युरोडबाट करिब १० किमी पूर्वमा पर्दछ । वडाको पूर्वमा वडा नं. २८ आरुपाटा पश्चिममा वडा नं. ३३, सेतीनदी उत्तरमा वडा नं. २६ खराने तथा दक्षिणमा वडा नं. २९ र ३० तालचोक, शिशुवा पर्दछन् । यस वडाको पर्यटकीय ताल दिपाङ ताल महानगरको गौरवका आयोजनामा समेटिएको र डिपिआर समेत तयार भइसकेको छ ।



मरेखरे घाट जाने बाटो

महानगर वडा नं. २७ मा निर्वाचित भएर आएपछि आर्थिक वर्ष २०७४/०७५ र आव २०७५/०७६ मा गरी पहिलो प्राथमिकता सडक सञ्जाल विकास र विस्तारमा भयो । निर्माणका हिसाबले आब २०७४/०७५ अझ बढी उपब्धि मूस्लक रह्यो । उक्त आर्थिक वर्षमा हाम्रो महानगर हामी बनाउँछौं भन्ने अभियान अन्तर्गत ५०/५० का यो जनाहरु महानगरमै सबैभन्दा बढी वडा नं. २७ मा सञ्चालन गर्न सफल भएका छौं । झण्डै १४ करोड ५० लाख रुपैंयाँ जनताको सहभागितामा नमुनाका रुपमा सडकहरु पिच भएका छन् । आर्थिक वर्ष २०७४/०७५ मा मात्रै चार हजार १ सय १९ मिटर सडक र ७ हजार ९ सय २२ मिटर नाला निर्माण भएको छ । यसैगरी ६ सय ८५ मिटर सडक ढलान भएको छ ।

सडक निर्माणमा पृथ्वीराजमार्गदेखि गच्छामार्ग सडक निर्माण योजना वडाकै नमुना सडक भएको छ । ७ मिटर चौडाइको आकर्षक सडक निर्माण भएको छ ।

बाटोको अप्ठ्यारोका कारण वषौदेखि शवयात्रामा कठिनाई हुँदै आएको मरेखरे घाट जाने बाटोलाई महानगर, वडा र स्थानीयको साझोदारीमा झण्डै ८० लाखको लागतमा शवदाहस्थलसम्मै ढलान गरी सहजता प्रदान गरिएको छ । वडा नं. २७ मा दुई आर्थिक वर्षमा ७ हजार २ सय ७४ मिटर सडक कालोपत्रे भएको छ भने ३ किमी सडकको ट्र्याक तथा ग्राभेल भएको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रमबाट प्राप्त पाँच लाख रुपैंयाँबाट चन्द्रकालिका मन्दिर र भ्युटावर तथा पिकनिकस्थल जाने सिँढी निर्माण गरिएको छ । यो कार्यक्रम अन्तर्गत महानगरमै सबै र कम सदुपयोग गर्ने वडाका रुपमा र हन सफल भएको छ । साविक लेखनाथ नगरपालिकाको कार्यालय रहेको भवनमा वडा कार्यालय रहँदा यसको संरक्षण गर्दै, परिसरलाई सौन्दर्यकरण र शिशुवाडाँडाको नाक मार्गदेखि वडा कार्यालय परिसरसम्म आउने एप्रोच रोडमा आइल्यान्ड तथा कम्पाउन्ड भित्र परिसरमा फूलका विरुवा रोप्ने, अपांग मैत्री संरचना निर्माण भएको छ । आव २०७५/०७६ मा विद्यालयका शिक्षकहरुलाई कम्प्युटर तालिम, महिलाहरुलाई उद्घोषण तथा नेतृत्व विकास र सिटिभिटीसँगको साझेदारीमा विभिन्न तालिमहरु प्रदान गरिएको छ ।

कार्यालयतर्फ दैनिक प्रशासनिक काममा सहजता, बिचौलिया मुक्त वडा कार्यालय, फ्रि वाइफाई, अनलाइनबाट घर नक्सापास र सम्पत्तिकर एवं आयलेखा काट्ने व्यवस्था मिलाइएको छ । वडाका कामलाई जवाफदेही बनाउन सार्वजनिक सुनुवाइ, स्थानीय रेडियो मार्फत जानकारी र अन्तरसंवाद जस्ता कार्यक्रमहरु सञ्चालन गरी गुनासालाई सम्बोधन गर्ने व्यवस्था मिलाइएको छ ।

वडाका विकास निर्माणमा वडा सदस्य र प्राविधिकसहितको टोलीले बेला बेलामा अनुगमन, गुणस्तरमा जोड दिइँदै आएका कारण वडा नं. २७ मा सम्पन्न योजनाहरु दीर्घकालीन हुनेछन् भन्ने विश्वास लिएको छु ।

आगामी दिनमा वडालाई स्मार्ट वडाका रुपमा अघि बढाउन कर प्रशासनलाई सुधार गरी व्यवसाय दर्ता र वहालकरलाई पनि वेभ बेसमा लिंक गरिनेछ । विद्युतीय नागरिक वडापत्र, वडा परिसरमा थप सौन्दर्यकरण, वडाको प्रसिद्ध पिकनिक स्थल चन्द्रकालिका भ्युटावरमा थप संरचना निर्माण र वाइफाई फ्रि जोनका रुपमा विकास, कम्प्युटर र प्रविधिसँग सबै कर्मचारीलाई जोड्ने तथा वडामा रहेका विद्यालयहरुलाई थप बालमैत्री र प्रविधियुक्त बनाउने उद्देश्य राखिएको छ । यसरी दुई वर्षको अवधिमा जति काम गर्न सकिएको छ, वडावासीले सम्झना योग्य काम गरिएको छ भन्ने लागेको छ । साथै वडालाई धुलो मुक्त सडक बनाउन झण्डै २० करोड रुपैंयाँ लाग्ने अनुमान छ र यसका लागि महानगरसँग ५०/५० का योजनाहरुमा सहकार्य गर्ने सकिने छ । वडा नं २७ लाई विकास निर्माणमा अगाडि बढाउन सहयोग पुऱ्याउने वडाका जनप्रतिनिधि, राजनीतिक दल, नागरिक समाज, कर्मचारी, वडावासी र सम्पूर्ण पत्रकारहरु धन्यवादका पात्र हुनुहुन्छ । यसरी नै आगामी दिनमा सहकार्यको समेत अपेक्षा गर्दछु ।

*गुरुङ वडा नम्बर २७ को अध्यक्ष तथा लेखा समिति संयोजक हुनुहुन्छ ।*




# महानगरको सहयोगमा कस्टम हायरिङ केन्द्र सञ्चालनमा

## किसानलाई भाडामा कृषि औजार उपलब्ध

पोखरा महानगरपालिकाको मेयर प्रविधीमैत्री कृषि परियोजना अन्तर्गत पोखरा २७ तालचोकमा कस्टम हायरिङ सेन्टर सञ्चालनमा आएको छ । लेखनाथ सामुदायिक कृषि सहकारी संस्थाले सञ्चालन गर्ने कस्टम हायरिङ सेन्टरको पोखरा महानगरपालिका प्रमुख मानबहादुर जिसीले उद्घाटन गर्नुभयो ।

स्थानीय किसानहरु प्रत्यक्ष लाभान्वित हुने गरी सहुलियत दरमा कृषि उपकरण एकै स्थानबाट भाडामा उपलब्ध गराउने उद्देश्यले पोखरा महानगरपालिकाको ५० प्रतिशत अनुदान सहयोगामा कस्टम हायरिङ सेन्टर सञ्चालनमा ल्याइएको हो ।

हानगर क्षेत्रभित्र कृषिमा आधुनिकीकरण, व्यवसायीकरण, यान्त्रिकीकरणको माध्यमबाट उत्पादन लागत न्यूनीकरण गर्न महानगरपालिकाले सहयोग गरेको जिसीले बताउनुभयो । बाँझो जग्गालाई समूह, सहकारी, सञ्जाल मार्फत् परिचालन गरेर स्थानीय उत्पादन वृद्धि गरी ब्रान्डिङसहितको उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारीकरण गर्न महानगरले सहयोग गर्ने मेयर जिसीको भनाइ छ । कस्टम हायरिङ सेन्टरको लागि पोखरा महानगरको ५० प्रतिशत साझेदारी अन्तर्गत ४५ लाख सहयोग गरेको छ ।

समयमै खेती लगाउन तथा बाली भित्र्याउन, प्रशोधन गर्न, उत्पादकत्व तथा आम्दानी वृद्धि गरी रोजगारीको अवसर सिर्जना गर्न साना तथा मझौला किसानले पायक पर्ने ठाउँबाट आवश्यक पर्ने विभिन्न प्रकारका कृषि औजार सेन्टरबाट सस्तोमा भाडामा उपलब्ध हुनेछन् । कृषि उत्पादन वृद्धि गर्न कृषि सञ्जालले आफ्नो भेगका कृषकहरुलाई सूचिकृत गरी सेन्टरबाट उपलब्ध सेवा प्रयोग गर्न पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनहर कडरियाले आग्रह गर्नुभयो । नेफस्कुन सञ्चालक एवं गण्डकी प्रदेश संयोजक भीम गुरुङले यस भेगका सहकारीलाई परिचालन गरी यो अभियानलाई सफल बनाउन सकिने बताए ।

सेन्टरबाट खेत बारी जोत्न, मल, पराल, धान ढुवानीका लागि ट्रलीसहित २ ट्याक्टर, कृषि उत्पादन ढुवानीका लागि १ सिंगल क्याब, बेलेरो पिकअप भ्यान १, धान पराल, गहुँ, तोरी छुट्टयाउन मल्टी क्रप्स थैसर मेसिन १, माटो मसिनो बनाउने रोटाभेटर मेसिन १, आलु ड्याङ पार्ने मेसिन, कल्टी हलो २, आलु लगाउने मेसिन १, बिरुवा लगाउन खाडल खन्ने मेसिन लगायत सामग्री उपलब्ध हुने लेखनाथ सामुदायिक कृषि सहकारीका प्रबन्ध निर्देशक शंकरप्रसाद पौडेलले बताए । कृषि औजारको बुकिङ सेवा सुरु भइसकेको सहकारीका सचिव कृष्णप्रसाद तिवारी बताए । कार्यक्रम सहकारीका अध्यक्ष मेजर रामप्रसाद गुरुङको अध्यक्षतमा भएको थियो ।

# भ्रमणको अनुभव र अनुभूति



• पार्वती कार्की

भौगोलिक हिसाबले देशकै ठूलो पोखरा महानगरपालिका। यहाँको काम गर्ने शैली र भइरहेका गतिविधि बारे अन्य स्थानीय तहका लागि चासोको हुनु स्वभाविक हो । अनि पर्यटकीय क्षेत्र भएकाले घुम्ने वाहनासँगै पोखरा महानगरले गरेका काम र गरिरहेका गतिवधि नियाल्न र त्यसलाई आफ्नो गाउँपालिका, नगर पालिका, उपहागनरपालिकामा लागू गने योजना बुनेर आउनको कमी छैन् । लामो समयपछि भएको स्थानीय तहको निर्वाचन र संघीय अभ्यासले काम गर्न केही अलमल भइरहेको छ ।

तर पोखरामा महानगर कुनै अलमलमा नपरी काम अगाडि बढाउन सफल भएका कारण यहाँका नयाँ कुरा सिक्न आउने गर्छन् । पोखरा पर्यटकीय सहर हो । त्यसैले यहाँका गतिविध छिट्टै बाहिर आउँछन् । अन्य स्थानीय तहबाट पोखरा आइरहँदा हामीलाई पनि अन्य स्थानीय तहका बारेमा बुझ्ने र आफूले गरेको काम बारे जानकारी गराउने उत्प्रेरणा मिल्यो । अनि २०७६ जेठ ४ देखि ६ गते सम्म पोखरा महानगरपालिकाका महिला जनप्रतिनिधिहरुको अध्ययन अवलोकन भ्रमणको योजना बन्यो, र हामी भ्रमणमा निस्क्यौं । भ्रमणका क्रममा थुप्रै अनुभव र अनुभूतिहरु लिएर फर्कियौं ।

हामी स्थानीय तहको जनप्रतिनिधि भएर काम गरेको २ वर्ष पूरा भइसकेको छ । लामो समय सम्म स्थानीय तहहरु जनप्रतिनिधि विहीन भए । र अहिले जनप्रतिनिधि आइसकेपछि जनताका आशा, अपेक्षा र चाहानाहरु धेरै छन् । जनगुनासाहरुलाई आवश्यकता र औचित्यको आधारमा केही हदसम्म पूरा गर्न समग्र पोखराको विकास र परिवर्तनका लागि जनप्रतिनिधिहरु स्थानीय सरकार सञ्चालनमा सक्रिय भूमिकामा रहेर आफ्नो जिम्मेवारी र कर्तव्य पालना गर्दै, ऐन कार्यविधिलाई टेकेर क्षमताले भ्याएसम्म नागरिकहरुको सेवामा समर्पित भएर लागिरहेका छौं । यसै अनुरुप हाम्रो महानगरपालिकामा बाहिरी जिल्लाका स्थानीय तहका जनप्रतिनिधिहरुको अध्ययन अवलोकन भ्रमण टोली महानगरपालिकाको जानकारी लिनका लागि आइरहेका हामी सबैलाई अवगत नै थियो ।

महानगरपालिकाले जनप्रतिनिधिहरुको कार्य कौशललाई बढी उपलब्धिमूलक र प्रभावकारी बनाउन धेरै प्रक्रियाहरु मध्ये अध्ययन अवलोकन भ्रमण विधि पनि एक प्रभावकारी विधिको रुपमा अगाडि बढाएको थियो । जनप्रतिनिधिहरुले स्थानीय स्तरमा काम गरिरहँदाको कार्यव्यवस्तता समस्या र चुनौती साथै समाजिक जटिलताललाई सरल तरिकाले रुपान्तरण गर्दै कर्तव्य र जिम्मेवारीलाई ध्यानमा राखी प्रत्यक्ष अध्ययन अवलोकन साक्षात्कार गरिएको विषय बस्तुहरुलाई व्यवहारिक र परिणाममुखी बनाउन जरुरी देखिन्छ ।

भ्रमणलाई प्रभावकारी बनाउन भ्रमण अवधिमा मात्र नभई त्यसको पूर्व तयारी कर्मचारीको सहभागिता समन्वय सहकार्यको सम्बन्धमा विशेष ध्यान र व्यवस्थापन गर्न आवश्यक हुन्छ । यसै सन्दर्भलाई लिएर महानगरपालिकाले २०७६ जेठ ४ देखि ६ गते सम्म ३ दिवसीय अध्ययन अवलोकन भ्रमण तय गरेको थियो । ३३ वटा वडा मध्ये जोर वडा र बिजोर वडा गरी २ टिममा विभाजन गरिएको. थियो । जोर वडाका भ्रमण टोलीको संयोजक कार्यपालिका सदस्य सन्तु सुवेदीले गर्नुभयो । उहाँको टिममा २० जना जनप्रतिनिधि र २ जना कर्मचारी सहभागी हुनु भइ पर्वत, कुश्मा, बागलुङ, बेनी, म्याग्दी हुँदै जोमसोम, धार्मिक क्षेत्र मुक्तिनाथ भ्रमणमा निस्कनुभयो ।

बिजोर वडाको भ्रमण टोली संयोजक कार्यपालिका सदस्य राधिका शाही योगीको नेतृत्वमा २३ जना जनप्रतिनिधि र ३ जना कर्मचारी प्रदेश ३ मा रहेको चन्द्रगिरी, दामन, हेटौंडा उपमहानगर पालिका, कुष्माण्डेश्वर महादेवमूर्ति १०८ धारा, हेटौंडा सहिद स्मारक पार्क, फोहोर व्यवस्थान क्षेत्र, गण्डकी प्रदेशको नवलपुर सिजी धाम साथै प्रदेश ५ मा रहेको कपिलवस्तु, लुम्बिनी, रुपन्देही अष्ट्रिज नेपाल प्रालि, गंगोलिया, बुटवल उपमहानगरपालिका बुटवल लगायत पाल्पा, स्याङजाहुँदै पोखरा फर्किएको थियो । यसबाट सहभागी सम्पूर्णको विभिन्न प्रकृतिक, धार्मिक, सांस्कृतिक, सामाजिक वातावरणीय पक्षका बारेमा प्रत्यक्ष अवलोकन र साक्षात्कार गर्ने अवसर प्राप्त भयो ।

भ्रमण टोली संयोजक राधिका शाही योगीको नेतृत्वमा २३ जना जनप्रतिनिधि र ३ जना कर्मचारीहरुसहित बिहान ८ बजे पोखराहुँदै काठमाडौं तिरको यात्रामा निस्कियो । दिनको ४:४५ बजे काठमाडौंको चन्द्रागिरी नगरपालिकाको चन्द्रागिरी केबलकार पुग्यौ । सबै जना साथीहरु टिकट लिएर केबलकार मा चढ्दै गर्दा साह्रै आनन्द र रमाइलो अनुभूति भयो । हामीले केबुलकारको

विषयमा छोटो अध्ययन गर्ने अवसर पायौं । २४६० मिटर लम्बाई रहेको ११ वटा टावर र ३८ मिटरको उचाइमा सरर केबुलकारबाट पुग्दा आनन्द महशुस भयो । यात्रुहरु बोक्ने ३८ र सामानहरु बोक्ने ३ गरी ४१ वटा डिब्बा रहेछन् । एउटा केबलकारले ८ जना मानिस सम्म बोक्ने रहेछ र करिब १४ मिनेटमा स्टेसनबाट माथिल्लो स्टेसनमा पुगिने रहेछ । त्यहाँ पुगेर काठमाडौं उपत्यकाको दृष्यावलोकन साथै हरियाली डाँडाकाँडा मनै लोभ्याउने मनोरम दृष्यसहित भलेश्वर महादेवको दर्शन चिल्डेन पार्क, पृथ्वीनारायण शाहको शालिक, कुदिएका विभिन्न आकृतिहरु हेर्दै समूहको फोटो लिई हामी साँझ ६ बजे त्यहाबाट फिर्ता भयौ ।

६:३० मा हाम्रो यात्रा पुन मकवानपुरको दामनका लागि सुरु भयो । डाँडाकाँडाको सडक खण्ड पालुङ; टिस्टुङ हुँदै चराचुरुंगीहरुको धुनसगै बस्तीहरुको लाइन कुनै ठाउँ सुनसान माथि डाँडाबाट तल बेसीतिर हेर्दै बस्तीहरुमा उज्यालो, झिलिमिली बस्तीहरु मनै लोभ्याउने दृश्यहरु अवलोकन गर्दै मकवानपुरको थाहा नगरपालिका वडा नं. ३ मा रहेको सुनगाभा रिसोर्टमा बास बस्न राति १० बजे पुग्यौ । २५०० मिटर उचाइमा रहेको रिसोर्टमा पुग्दा साथीहरु सबै जना थकित मुद्रामा देखिनु स्वभाविक थियो । भोलिपल्ट ५ गते बिहानै हाम्रो यात्रा अगाडि बढ्यो । दामन हुँदै पहाडी लोक मार्गको वाइ रोडको बाटो हुँदैं अघोर बजार, भैंसीचोक, टौबिसे बजार, दोस्रो कुलेखानी जलविद्युत आयोजना भीमफेदी बसपार्क पुगी हेटौंडा उपमहानगरपालिका पुगेका थियौं । हेटौडा उपमहानगरपालिकामा हामीले प्रमुख, उपप्रमुखलाई उहाँहरुको कार्य व्यस्तताले भेट्ने अवसर पाएनौं । प्रमुख कार्यकारी अधिकृत र महाशाखा प्रमुखहरुसँग परिचयसँगै २ घण्टाको अन्तर्क्रियामा सहभागी भई नगरपालिकाको बजेट, योजना, भूगोल, कार्य सम्पादन र सेवा प्रवाहको विविध विषयमा छलफल गरियो । स्वच्छ हरियाली फूलैफूलको सहर, सडक मानव मुक्त सहर रुपको स्थापित गर्ने उद्देश्य लिइसकेको नगरपालिकामा न्यायिक समितिको कार्य सम्पादन र इजलासकक्ष, मेलमिलाप कक्षको अवलोकन गरेका थियौं । ६६ जना मेलमिलाप कर्ता १९ वडा मध्ये ६ वटामा मेलमिलाप केन्द्र, ३५ जनालाई आधारभूत तालिम दिने तयारी न्यायिक समितिको विषयमा सबै वडाहरुमा अनुशिक्षण कार्यक्रम र न्यायिक डबली र सफल मुद्दाहरुको अध्ययन स्थानीय रेडियोहरुमा प्रशारण गर्ने गरेको रहेछ । जम्मा १२७ वटा मुद्दा दर्तामा केही विवादहरु मिलापत्र भएको र केही प्रक्रियामा रहेछन् । २ वटा जिल्ला अदालतमा पुनरावेदन गएको ७ वटा विवाद अदालत पठाएको अनौपचारिक छलफल र औपचारिक छलफल गरी विवादलाई लिने गरेको देखियो । अन्तर्क्रियापछि हेटौंडाको कुष्माण्डेश्वर महादेव मूर्ति १०८ धारा, त्रिवेणी धामको दर्शन, फोहोर व्यवस्थापनसहित सहिद स्मारक पार्कको अवलोकन गयौं । स्मारक पार्क भित्र सहिहरुको शालिक, विभिन्न जातजातिका पशु पंक्षीहरु, पानीका फोहोरहरुलाई नजिकबाट नियालेका थियौं । सहिद स्मारक पार्कबाट हाम्रो यात्रा सिजी शाश्वत धाम नवलपुरतर्फ अगाडि बढ्यो । सिजी धाम अवलोकन गर्दै बुटवलको भैरहवाको यात्रामामा अगाडि बढ्यौं ।

तेस्रो दिन बिहान लुम्बिनीतर्फ यात्रा अगाडि बढ्यो । लुम्बिनी पुगेर अशोक स्तम्भ, गौतम बुद्ध जन्मस्थल, मायादेवी मन्दिर, विभिन्न देशले बनाएका बौद्ध स्तूपहरुको अवलोकन गऱ्यौं । लुम्बिनीबाट हाम्रो यात्रा अस्ट्रिज नेपाल प्रालि रुपन्देही, गंगोलिया तिर अगाडि बढ्यो । ठिक १२ बजे त्यहाँ पुगेर अस्ट्रिज फर्मको अवलोकन गरियो । यसको विषयमा नजिकबाट हेर्न पाउने मौका त्यसको मासु र अण्डाको उपयोगिता बारे जानकारी लियौं । यसले मानव स्वस्थ्यको लागि मुटुरोग लगायत सबैले खान मिल्ने यसको मासु, अण्डा, छाला, प्वाख सबै प्रयोगमा आउँदो रहेछ । अस्टिजको मासु नौ महिना देखि १४ महिना सम्म खान लायक हुँदोरहेछ । एउटा अस्टिज १५० देखि २५० किलो सम्मको हुँदोरहेछ । त्यसको मासु प्रतिकिलो २ हजार । एउटा अण्डा २ किलो सम्मको र मूल्य २ हजार पर्दोरहेछ । अण्डाको प्रयोग गरिसकेपछि बाहिरी खोलको मूल्य रु. १ हजार । कलाकारहरुले खाली खोललाई कला सिर्जना गरेर ५ हजार सम्म बिक्री हुँदोरहेछ । यसको मासुमा रोग प्रतिरोधात्मक क्षमता बढी हुनेरहेछ । अस्टिज १० किलोमिटर टाढा सम्म देख्न सक्दोरहेछ ।

विश्वको सबैभन्दा ठूलो मानिने यो चराको आयु ८० वर्ष सम्म हुनेरहेछ । यो साढे आठ

फिटदेखि नौ फिट सम्म हुनेरहेछ । २०६५ बाट सुरु अस्टिज नेपालका सञ्चालक सिपी शर्माका अनुसार यसको मासु छिमेकी राष्ट्र चिन, भारत, एसियाका अन्य देशहरुमा नियमित भएको देखियो । फार्ममा ६० जनाले रोजगार पाएका छन् । अस्टिज फर्मको अवलोकनपछि बुटवल उपमहानगरपालिका अवलोकनमा सहभागी भयौं । नगरपालिकाको उपप्रमुख गीमादेवी आचार्यसहित कर्मचारीहरुको टिमसँग परिचयात्मक र अन्तर्क्रिया कार्यक्रम भयो । समृद्ध बुटवल सुखी बुटवल बासी भन्ने नाराका साथ नगरपालिकाले गरेका कार्य सम्पादन, सेवा प्रवाह, अनुभव, साझेदारी, समन्वय योजना बजेट तर्जुमा विषयमा वहस चलाउनु भएको थियो । न्यायिक क्षेत्रको कार्य सम्पादन, दीगो विकास लक्ष्य पूरा गर्ने गुरु योजनाका साथ अगाडि बढेको नगरपालिका पाँचौं पटक पुरस्कृत भएको रहेछ । न्यायिक कार्यमा नगरपालिकामा ७० जना मेलमिलापकर्ता सूचिकृत भएका ३५ जनालाई आधारभूत तालिम दिन तयारी, १९ वटा वडामा कुनैमा पनि मेलमिलाप केन्द्र लखो लिएको, इजलास कक्ष, मेलमिलाप केन्द्र नगरपालिकामा व्यवस्थापन भएको करिब १ सय ३० जति विवाद समितिमा आएको मेलमिलाप गरी केही समाधान भएका, केही प्रक्रियामा रहेको ३ वटा विवादहरु अदालतमा पठाइएको रहेछ । समग्रमा बुटवल उपनगरपालिकाले पूर्वाधार विकाससँगै मानवीय विकासमा जोड दिएको नेतृत्व विकास, क्षमता अभिवृद्धि, सिप विकास महिला सशक्तिकरणमा जोड दिएको देखियो । अन्तरक्रियापछि हाम्रो यात्रा ०४:३० बजे

पोखराको लागि पाल्पा, आर्य भञ्ज्याङ, स्याङ्जा वालिङहुँदैं अगाडि बढ्यौं । बेलुका १० बजे हामी पोखरा आइपुगेका थियौं । बाटोमा पनि रमाइलो भयो । ३ दिनको हाम्रो यात्रा रमणीय र सम्झनायोग्य बन्यो ।

अबका दिनमा पनि महानगर पालिकाले यस्तो अवसर जुराइदियोस् । यो भ्रमणबाट नयाँ ठाउँ, परिवेश, विविध विषय र भूगोलको विषयमा जानकारी लिने मौका पायौं । महिला जनप्रतिनिधिहरुको नेतृत्व क्षमता अभिवृद्धि गर्दै एक आपसमा आत्मियता, सुमधुर सम्बन्ध र समन्वय गरी सिकेका राम्रा गतिविधिहरुलाई स्थानीय तहमा व्यवहारिक रुपमा प्रयोग र कार्यान्वयनमा जोड दिने प्रतिबद्धता गर्दै भ्रमण पूर्ण रुपमा सफल भएको मानेका छौं । पोखरा महानगरपालिकाको टोलीलाई हेटौंडा उपमहानगरपालिका, बुटवल उपमहानगरपालिकाले स्वागत, सत्कार र अन्तर्क्रियाको लागि समय व्यस्थापन गरेकोमा भ्रमण टोलीको तर्फबाट कृतज्ञता व्यक्त गर्दछौं ।

अन्त्यमा, पोखरा महानगरपालिकाको गरिमालाई उच्च राख्दै महिला जनप्रतिनिधिहरुको अध्ययन अवलोकन भ्रमणलाई सकरात्मक सम्बोधन गरि दिनुभएकोमा प्रमुखज्यू, उपप्रमुखज्यू एवंम सिंगो महानगरपालिकालाई हार्दिक आभार ।

*कार्की न्यायिक समिति सदस्य हुनुहुन्छ*

# असिना पीडित किसानलाई १० लाख सहयोग



पोखरा महानगरपालिकाले असिना पीडित किसानलाई राहत वितरण गरेको छ । गत वैशाख १६ देखि जेठ १५ गतेसम्म विभिन्न समयमा परेको असिना तथा हावाहुरीबाट किसानको मकै, तरकारी तथा सुन्तला लगायतका फलफूलमा क्षति पुर्‍याएको थियो ।

महानगरका ३३ वडाका पीडित किसानहरुलाई महानगर प्रमुख मानबहादुर जिसी तथा प्रमुख प्रशासकीय अधिकृत शेषनारायण पौडेलले राहत स्वरुप आर्थिक सहयोग प्रदान गरेका हुन् । किसान तथा कृषि समूहमा आवद्ध गरी राहत वितरणबाट ४०० सय कृषक लाभान्वित भएको र रु. १० लाख आठ हजार १ सय ८० वितरण गरिएको महानगरले जनाएको छ ।


एक रोपनी जमिनमा लगाइएको तरकारी, मैक तथा अन्य बालीनाली क्षति पुगेकोमा रु. १ हजार ५ सय, एक देखि तीन रोपनीसम्म २ हजार ५ सय, तीन देखि पाँच रोपनीसम्मको लागि रु. चार हजार, पाँच रोपनी भन्दा माथि रु. सात हजार र समूह सहकारीलाई रु. १५ हजार राहत स्वरुप प्रदान गरिएको महानगर कृषि महाशाखा प्रमुख मनहरप्रसाद कडरियाले बताए। प्लास्टिक घरको लागि एक देखि दुई घरमा पुगेको क्षतिको लागि पाँच हजार तथा दुई भन्दा बढी घरमा क्षति पुगेकोमा १० हजार राहत स्वरुप उपलब्ध गराइएको जानकारी दिनुभयो ।

महानगरको वडा नं ८ ले वडास्तरीय बजेट ६ लाख तथा वडा नं ७ ले १ लाख ६५ हजार यसअघि नै पीडितलाई सहयोग गरेको महानगरले जनाएको छ । असिना तथा हावाहुरी लगत्तै किसानहरुको क्षतिको विवरण संकलनको लागि उनीहरुलाई वडा कार्यालय तथा कृषि सञ्चालहरुमा निवदेन फाराम भर्न आग्रह गरिएको र वडाबाट सिफारिस भएर आएका निवेदनहरुलाई फिल्ड अनुगमन गरी उत्पादन र संरचनामा पुगेको क्षतिको आधारमा राहत वितरण गरिएको प्रमुख कडरियाले भनाइ छ ।

राहत वितरण गर्दै महानगर प्रमुख जिसीले असिना, हावाहुरी लगायतका प्राकृतिक विपत्तिमा राहत भन्दा पनि कृषकलाई कृषि बिमातर्फ आकर्षित गर्ने महानगरको योजना रहेको बताउनुभयो ।

कृष्ण दवाडी/रासस

# महानगरमा प्रादेशिक अध्ययन केन्द्र भिडियोबाटै बैठक




पोखरा महानगरपालिकाका मेयर मानबहादुर जिसी र धुलिखेल नगर पालिकाका मेयर अशोककुमार ब्यञ्जुले भिडियो कुराकानी गर्नुभयो । नगरपालिका संघका अध्यक्षसमेत र हनु भएका ब्येञ्जुसँग पोखराका मेयर जिसीले स्थानीय सरकार गठन भएको २ वर्ष बितिसक्यो, संघले के काम गर्दैछ ? भन्ने प्रश्न राख्नुभयो ।

ब्यञ्जुले उत्तर दिनुभयो 'अहिले हामी संस्थागत सुदृढीकरण गर्ने, अन्तर्राष्ट्रिय सम्बन्ध बढाउने लगायतका काम गदै छौं ।'

पोखराका मेयरले अर्को प्रश्न सोध्नु भयो 'सयौं कानुन बन्न बाँकी रहेको छ, त्यसलाई छिटोभन्दा छिटो बनाउन संघ के गर्दैछ '? संघका अध्यक्ष ब्यञ्जुले एकल अधिकार प्राप्त भएका कानुन तथा नीति नियम बनाइसकेको र बाँकी कानुनहरुसमेत लेख्ने र व्यवस्थापन गर्ने काम भइरहेको जानकारी दिनुभयो ।

मेयर ब्यञ्जुले बाँकी रहेका कानुनहरु बनाउन काठमाडौं विश्वविद्यालयसँग समन्वय गरिरहेको र ती कानुन क्रमश बनाउँदै जाने पोखराका मेयर जिसीलाई 'भिडियो रिपोर्टिङ' गर्नुभयो ।

'स्थानीय तहका कानुन, कामकार बाही र नीतिनियमबारे बुझ्न, सच्याउन, सहकार्य तथा समन्वय गर्ने अध्ययन केन्द्र बनाउँदैछौं,' उहाँले भन्नुभयो, '७ वटा प्रदेशमा ९ अध्ययन केन्द्र बनाउँदैछौं । गण्डकीका लागि पोखरा महानगरलाई तोकेका छौं । त्यसले प्रदेशका सम्पूर्ण नगरपालिका हेर्नेछ ।'

उहाँले अध्ययन केन्द्रले अनुभव आदानप्रदान गर्ने, एउटा र अर्को नगर पालिकाबीच सिक्ने तथा नीति नियम र कानुनबारे प्रष्ट पार्न सहयोग गर्ने सुनाउनुभयो । पोखरा महानगरपालिका नगरपालिकाहरुको पहिलो 'अध्ययन केन्द्र' सेन्टर भएको छ । यही कार्यक्रम अन्तर्गत भिडियो 'कन्फ्रेन्स प्रविधि'

सुरुवात भएको हो ।

प्रविधिको उद्घाटनका क्रममा मेयर जिसी र ब्यञ्जुले एकआपसमा भिडियाबाटै कुराकानी गर्नुभएको हो । मेयर जिसीले प्रविधिको सुरुआत गर्दै गण्डकी प्रदेशका सबै नगरपालिका अब पोखरा महानगरपालिकासँग जोड्ने काम पनि सुरु भएको बताउनुभयो ।

मेयर जिसीले वडावडामा यो प्रविधि पुऱ्याएर काम कारबाहीबारे जानकारी लिने बताउनुभयो । 'अब वडावडामा यो प्रविधि लागू हुन्छ । त्यसो भयो भने कुनै पनि वडाध्यक्ष फाइल बोकेर हस्याङफस्याङ गर्दै महानगर धाउनु पर्दैन,' मेयर जिसीले भन्नुभयो, 'भिडियोबाटै अब सबै काम गर्न सकिन्छ ।'

पोखरा महानगरपालिका प्रमुख प्रशाकीय अधिकृत शेषनारायण पौडेलले पोखरा महानगर 'भर्चुअल गर्भमेन्स'तर्फ उन्मुख भएको बताउनुभयो । उहाँले भिडियोबाटै बैठक तथा सेमिनार गर्न सकिने जानकारी दिए ।

'अब भौतिक शरीरले फरक पार्दैन । गाडी, प्लेन चढेर लामोलामो दूरी पुगिरहनु पनि पर्दैन,' उहाँले भन्नुभयो, भने, 'यसले वडा र महानगरको दूरी छोट्याउने काम गरेको छ ।' उहाँले अन्य स्थानीय तहसँग 'कम्युनिकेट' गर्न पनि सजिलो भएको दाबी गर्नुभयो ।

नेपाल नगरपालिका संघले ७ प्रदेशका ९ वटा ठाउँमा 'अध्ययन केन्द्र' बनाइरहेको र त्यसैमा पोखरा महानगरमा पहिलो पटक सुरुआत गरिएको नगरपालिका संघका प्रमुख कार्यकारी अधिकृत कलानिधि देवकोटाले जानकारी दिनुभयो । नेपाल रिसर्च एन्ड एजुकेसन नेटवर्क (एनआरइएन) सँगको सहकार्यमा भिडियो कन्फ्रेन्स सिस्टम लागू गर्न लागेको उहाँले बताउनुभयो । 'पछि सबै अध्ययन केन्द्रमा यही रिसर्च सेन्टरले भिडियो कन्फ्रेन्सका लागि व्यवस्थापन मिलाउन सहयोग गर्नेछ,' उहाँले भन्नुभयो, 'सबै स्थानीय तहदेखि केन्द्रसम्मलाई एकै ठाउँमा जोड्न यो प्रविधि लागू गरेका हौं ।'

देवकोटाले भिडियो कन्फ्रेन्स प्रविधि लागू भइसकेपछि सबै स्थानीय तहबीच समानान्तर सिकाइ हुने विश्वास व्यक्त गर्नुभयो । 'बढी जान्नेले कम जान्नेलाई सिकाउने होइन । यस प्रविधिबाट समानान्तर सिकाइ हुनेछ,' उहाँले भन्नुभयो, 'सबै स्थानीय तह 'नेटवर्क र कम्युनिकेसन' गर्ने थलोका रुपमा यो प्रविधि भरपर्दो हुनेछ । यो साधन हो साध्य होइन ।'

पोखरा महानगरमा 'भिडियो कन्फ्रेन्स' प्रविधि लागू गर्न संघले ३ लाख ७५ हजार रुपैयाँ लगानी गरेको छ । भिडियो कन्फ्रेन्सका लागि महानगरले टिभी परिवर्तन गर्नु परेकाले ५० हजार रुपैयाँ समेत लगानी गरेको महानगरकी आइटी अफिसर शर्मिला गौतमले जानकारी दिनुभयो ।

*विकास रोकामगर/अनलाइन खबर डटकम*

# पोखरा ८ का गतिविधि डकुमेन्ट्रीमा



पोखरा महानगरपालिका वडा नम्बर ८ ले आफ्नो वडाका गतिविधि समेटेर तयार पारेको डकुमेन्ट्री सार्वजनिक गरेको छ । वडा ८ का वडाध्यक्ष रुद्रनाथ बरालले सेवाग्राहीहरुका माझ रिमोट बटन थिचेर टेलिभिजन सुरु गर्दै उक्त डकुमेन्ट्रीको औपचारिक रुपमा सार्वजनिक गर्नुभएको हो ।

डकुमेन्ट्रीको सार्वजनिक गर्दै वडाध्यक्ष बरालले डकुमेन्ट्रीले वडावासी र जनप्रतिनिधीबीच सेतुको काम गर्ने आशा व्यक्त गर्नुभयो । उक्त डकुमेन्ट्री वडाले हरेक दिन कार्यालय समय अवधिभर प्रशारण गर्नेछ ।

डकुमेन्ट्रीमा वडा ८ मा निर्वाचित जनप्रतिनिधि आइसकेपछि भएका भौतिक विकास तथा सामाजिक क्षेत्रमा सम्पन्न विभिन्न गतिविधिहरु समेटिएको छ ।  वडाले दिने सेवाका बारेमा पनि सेवाग्राहीलाई जानकारी गराइएको छ ।

झण्डै आधा घण्टा लामो डकुमेन्ट्रीमा वडावासीले जनप्रतिनिधिबाट गरेका अपेक्षा, वडावासीकै विश्लेषणमा जनप्रतिनिधि, वडा स्थित अन्य राजनीतिक दलका पदाधिकारीहरुले गरेको टिप्पणी लगायतका सामग्रीहरु समेटिएका छन् । वडा भित्र भइरहेका तथा योजनामा रहेका महत्वपूर्ण कार्यक्रमका बारेमा पनि अवगत गराइएको छ । पत्रकार विनोद लामिछाने र महेश क्षेत्रीले उक्त डकुमेन्ट्री तयार पार्नुभएको हो ।

# स्थानीय सरकार र चुनौती



• **किशोर बराल**

लामो समय देश द्वन्द्वको चपेटाबाट गुज्रियो साथै स्थानीय निकाय खालिरहेको अवस्थामा कर्मचारीहरुबाट देशका शासन व्यवस्था सञ्चालनमा रहे । अपेक्षाकृत रुपमा विकासका कार्यक्रमहरु अगाडि बढेको देखिएन । देशमा रहेका प्रमुख राजनीतिक दलहरुले सत्ता परिवर्तनको लागि आन्दोलनको घोषणा गरे जसमा सम्पूर्ण देशबासीहरुको साथले दोस्रो जनआन्दोलन २०६२/६३ ले मूर्तरुप पायो र देशले नयाँ मुहार फेरेको अनुभव जनताले गरे । सरकार सञ्चालनको लागि अन्तरिम संविधान २०६३ लागू भयो र सोही अन्तरिम संविधानलाई टेकेर संविधान सभाको निर्वाचन प्रक्रिया अगाडि बढ्यो । दुई पटक सम्मको संविधान सभाको निर्वाचन पश्चात जनताद्वारा नै निर्माण गरिएको पहिलो संविधान र देशको सातौं संविधानको रुपमा 'नेपालको संविधान-२०७२' असोज ३ गते जारी भयो ।

नेपालको संविधानको भाग-१७, धारा २१४ मा स्थानीय कार्यापालिका र धारा १८ मा स्थानीय व्यवस्थापिका रहेको छ । जसमा स्थानीय कार्यापालिकाले स्थानीय तहको कार्यकारिणी अधिकार, गाउँ कार्यापालिका अध्यक्ष र उपाध्यक्ष सम्बन्धी व्यवस्था, नगर कार्यपालिका प्रमुख र उपप्रमुख सम्बन्धी व्यवस्था, न्यायिक समिति, गाउँ कार्यपालिका र नगर कार्यपालिकाको कार्य सञ्चालन, स्थानीय तहको कार्यकारिणी सम्बन्धी अन्य व्यवस्थाका साथै जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था गरेको छ । स्थानीय सरकार गठन पश्चात स्थानीय सरकारका काम, कर्तव्य र अधिकारहरु प्रयोगको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ लागू भएको छ । जसमा रहेका १५ परिच्छेद, १२१ दफाहरु र २ वटा अनुसूचीहरुले स्थानीय सरकार सञ्चालनका लागि आवश्यक मापदण्ड र कार्यदिशा स्पष्ट रुपमा निर्देशित गरेको छ ।

नेपालमा सात प्रदेश र संघीय संरचना पहिलो पटक संस्थागत गरिएको छ, जसमा तीन तहमा केन्द्र, प्रदेश र स्थानीय सरकारको व्यवस्था गरिएको छ । सरकार सञ्चालनका लागि विभिन्न ऐन नियमहरु निर्माण भई सञ्चालनमा आएका छन् । यी सबैका बावजुद पनि सरकार सञ्चालनमा प्रभावकारीता देखिँदैन । यसका विभिन्न कारणहरु हुन सक्छन् । मुख्यतः चुनावी प्रक्रिया संघ, प्रदेशहुँदै स्थानीय तहको हुनुपर्ने जसले गर्दा संघ र प्रदेशले स्थानीय तह सञ्चालनका लागि कानुन निर्माण गरिसकेको हुने थियो । त्यसका बावजुद स्थानीय सरकारको निर्वाचन पहिला हुनाले प्रतिनिधिहरु आएपनि स्थानीय तह सञ्चालनको लागि कानुन बनी नसकेको हुनाले स्थानीय तहले प्रभावकारी रुपमा कार्यसम्पादन गर्न सकेन । त्यस्तै गरी, कर्मचारी समायोजन प्रक्रियाले गर्दा आवश्यक जनशक्तिको अभावका कारणले पनि प्रभावकारी सञ्चालनमा बाधा पुगेको पाउन सकिन्छ । एक त लामो समय पछि निर्वाचन हुनु, यो संघीय संरचनाको प्रयोग नयाँ हुनु, यसबीच तीन तहमा रहेका सरकारहरु बीच उचित तादम्यता नहुनु/हुनु नसक्नु, प्रमुख हुन सक्छ । स्थानीय सरकार र प्रदेश सरकारबीच क्षेत्राधिकारको बारेमा प्रष्ट नहुनु, स्थानीय सरकार प्रभावकारी रुपमा कार्यसम्पादन गर्न नसक्नुको कारणको रुपमा लिन सकिन्छ ।

स्थानीय सरकार सञ्चालनपछि केन्द्रको घरघरमा, टोलटोलमा भन्ने किसिमले व्याख्या गरियो र सरकार गठनपछि लामो समयसम्म स्थानीय सरकारहरु कानुन निर्माणमा लागे जसको फलस्वरुप तत्काल रुपमा जनताले राहतको महशुस गर्न सकेनन् । सामान्यत कानुन निर्माणका लागि कार्यपालिकालाई अधिकार भएता पनि कानुन निर्माणको लागि नगरसभा नै कुर्नुपर्ने, वर्षमा दुई पटकमात्र हिउँदे अधिवेशन (जसले कानून निर्माण गर्ने, कार्यविधि तयार गर्ने र आवश्यक ऐनहरु निर्माण गर्ने गर्दछ) र बर्खे अधिवेशन (जसले बजेट निर्धारण गर्ने) हुनुले पनि कार्यसम्पादनमा प्रभावकारिता नदेखिएको होकी भन्ने आँकलन गर्न सकिन्छ । अर्को तर्क लामो समयसम्म स्थानीय तह खाखिरहेको र जनताका इच्छा, चाहना र अपेक्षाहरु अत्याधिक भएको र तत्काल सबै चाहनाहरु पूरा गर्नको लागि कानुनी अड्चन हुनु स्थानीय सरकारलाई थप चुनौतीको रुपमा देखिएको पाइन्छ । त्यस्तै गरी स्थानीय तहले काम गर्ने सवालमा स्थानीयसँग प्रत्यक्ष सरोकार राख्ने विषयहरु टेलिफोन, खानेपानी, विुद्यत कार्यालय स्थानीय तहको मातहतमा नहुनुले पनि कार्यगत एकतामा कमी आउनुका साथै भएका काम, योजनाहरुले प्रभावकारिता पाउन सकेका छैनन् । जसलाई अर्को चुनौतीको रुपमा देखिएको छ ।

यी सबैका बावजुद स्थानीय सरकार गठनपछि विकास निर्माण र जनतालाई सुशासनको प्रत्याभूति दिलाउने कामले गति लिएको छ । अनधिकृत रुपमा हुने भ्रष्टाचार र कर्मचारी व्यवस्थापन कार्य प्रभावकारी रुपमा अगाडि बढेका छन् । अब भने स्थानीय सरकार सञ्चालनका लागि आवश्यक पूर्वाधारहरु ऐन नियमहरु नेतृत्वमा रहने पदाधिकारीहरुको अनुभवले स्थानीय सरकार प्रभावकारी रुपमा संचालन हुने र विकासका लहरहरु छिट्टै देख्न पाइनेमा हामी सबै आशावादी छौं । (बराल न्यायिक समिति सदस्य हुनुहुन्छ)

# भण्डारढिक र जामुनबोटमा खुला व्यायामशाला



**स्वस्थ्य नागरिक अभियान अन्तर्गत महानगरले खुला व्यायामशालाका लागि योजना बनाएको हो ।**

पोखरा महानगरपालिका वडा नम्बर २९ स्थित भण्डारढिक खेल मैदानमा खुला व्यायामशाला बनाउने काम सुरु भएको छ । बढ्दो सहरीकरणसँगै खुला ठाउँको अभाव भइरहेको बेला पोखरा महानगर पालिकाले नागरिकलाई स्वस्थ्य बनाउन खुल्ला व्यायामशाला निर्माणको काम सुरु गरेको हो । भण्डारढिकमा स्थापना गरिएको व्यायामशालाको पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले उद्घाटन गर्नुभयो । यो पोखर ाको पहिलो खुल्ला व्यायामशाला हो ।

व्यायामशालाको उद्घाटन गर्दै प्रमुख जिसीले स्वस्थ्य नागरिक निर्माणको लागि महानगरले खुला व्यायाशालाको अवधारण अगाडि बढाएको बताउनुभयो । उहाँले यस्ता व्यायामशाला टोल/टोल हुनुपर्ने बताउँदै टोल विकास संस्थासँग महानगरले सहकार्य गरेर व्यायामशाला निर्माण गर्न सहयोग गर्ने समेत बताउनुभयो । उक्त स्थानमा एक सेट व्यायामशालाका सामान राखिएको छ भने एकै पटकमा १४ जनाले व्यायाम गर्न मिल्नेछ । उक्त सामग्री खरिद गर्न महानगरले २ लाख खर्चेको छ । व्यायाम गर्नका लागि एक सेट सामग्रीसहित भण्डारढिकमा बन्ने खुला व्यायामशालामा दौडनका लागि ट्र्याक समेत बनाइने छ ।

योगासनका लागि पार्क भित्रै गाडे िन निर्माण गरी व्यवस्थापन गरिने छ । उक्त काम गर्नका लागि एमएनसी/लो यल जेभी पोखराकै निर्माण कम्पनीले ठे क्का पाएको हो । उक्त व्यायामशालाका लागि ४९ लाख ५९ हजार रुपैयाँमा निर्माण गर्न कम्पनीले जिम्मेवारी लिएको महानगरका इन्जिनियर धुव्र भट्टराईले जानकारी दिनुभयो । स्वस्थ्य नागरिक अभियान अन्तर्गत महानगरले खुला व्यायामशालाका लागि योजना बनाएको हो ।

भण्डारढिक रंगशालाको व्यवस्थापन र सञ्चालन गर्दै आएको आदर्श क्लबले नै व्यायामशालाको व्यवस्थापन गर्नेछ । आदर्श क्लबका अध्यक्ष लक्ष्मण भण्डार ीको अध्यक्षतमा भएको कार्यक्रममा पो खरा २९ का कार्यवाहक वडाध्यक्ष हे मबहादुर बानिया, आदर्श क्लबको पूर्व अध्यक्ष विशाल श्रेष्ठ, सचिव पदम गुरुङले व्यायामशालाको बारेमा बोलेका थिए । पो खरा १८ जामुनबोट खुला व्यायामशाला निर्माणका लागि टेन्डरमार्फत निर्माण कम्पनीसँग सम्झौता भई काम भइरहेको छ । खुला व्यायामशालाको प्रकृति एउटै हुने महानगरपालिकाका सूचना अधिकारी गंगालाल सुवेदीले जानकारी दिनुभयो । पोखरा १८ जामुनबोटस्थित सार्वजनिक जग्गामा बन्ने उक्त व्यायामशालाको निर्माण ठेक्का पोखराकै मोनालिसा निर्माण सेवाले पाएको छ । कम्पनीले ४५ लाख २ हजारमा निर्माणको ठेक्का पारेको हो । १ सय ४५ फिट लम्बाइ र ८२ फिट चौडाइमा व्यायामशालाका लागि फाउन्डेसन तयार हुने महानगरका सहरी पूर्वाधार महाशाखाका इन्जिनियर राजु रेग्मीले जानकारी दिनुभयो ।

महानगरपालिकाका अनुसार पोखरा ६ बैदामस्थित तालबाराही विद्यालय नजिकैको छेउको पार्क, पोखरा १४ को मनोहर पार्कमा व्यायामशालाका सामग्री राखिएको छ । उक्त सामग्री चिनबाट खरिद गरी ल्याइएको हो । व्यायामशालामा निशुल्क रुपमा व्यायाम गर्न सकिनेछ ।

# सराङकोटमा साइकल ट्रयाक

एउटै मार्गमा पैदल, साइकल र पोनी ट्रेक (घोडा चढेर यात्रा गर्ने )गर्न सकिन्छ । ट्रयाक अन्तर्गत केही भाग अपांगमैत्री समेत बनाइएको छ । पोखरा महानगर पालिकाले ५ वटा वडालाई छुने गरी नयाँ पदयात्रा मार्गको विकास गरेको हो ।  एउटै मार्गमा फरक स्वाद लिने सकिने पदयात्रा मार्ग सम्भवत यो पहिलो हो । पोखराको जरेबरदेखि सुरु भई सराङ्कोटको मेथ्लाङ्हुँदै माइकोखोर, प्याराग्लाइडिङ गर्ने डाँडा, कास्कीकोट-पाउँदुर (अन्नपूर्ण गाँउपालिका), पञ्चासे, चापाकोट, शान्तिस्तूप हुँदै पोखरा १७ पातले छाँगोमा आएर टुंगिने छ । दूरी ७४ किलोमिटरको छ । पदयात्रा मार्गलाई विशेष गरी साइकल ट्रयाकको रुपमा विकास गर्ने योजनासहित काम गरिएको छ ।

'एउटै मार्गमा फरक स्वाद पाउने शैलीमा विकास गरिएको छ । पर्यटन प्रवर्द्धनसँगै लागि ३ दिन ४ रातको पदयात्रा गर्न सकिन्छ', पोखरा महानगर पालिका २४ का वडाध्यक्ष ओम सुवेदीले भन्नुभयो, '५ देखि ८ फिट चौडाइको फराकिलो ट्रयाक बनाइएको छ ।' ट्रयाक खोल्न वडाले ११ लाख रुपैंयाँ छुट्टायाको थियो । महानगरपालिकाले यो आर्थिक वर्षमा ५० लाख रुपैंयाँ छुट्टयाको उहाँले बताउनुभयो। उहाँका अनुसार छुट्टयाइएको बजेटले मार्गलाई स्तरोन्नति गरिने छ । अहिले ६.५ किलोमिरटको दूरी साइकल ट्रयाकको लागि बनाइएको छ । साइकल ट्रयाकको लागि सराङ्कोट माइकोखोरदेखि प्याराग्लाइडिङ डाँडाहुँदै १७८६ मिटरको उचाइको कश्यपधाम, कोटहुँदै देउरालीसम्मको लागि छुट्टयाइएको छ । खोलिएको साइकल ट्रयाकको महानगरपालिकाका मेयर मानबहादुर जिसीले उदघाटन गर्नुभयो । उदघाटन पश्चात कास्की जिल्ला साइक्लिङ संघका अध्यक्ष शंकर भण्डारीको नेतृत्वमा स्वदेशी तथा विदेशीको एक टोलीले साइक्लिङ गरेर फर्किएको थियो ।

साइकल ट्रयाक खोल्न वडाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत काम गरेको थियो । 'प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ५ लाख रुपैंयाँले ४ सय ५० जनाले १२ दिन काम गरेर खोलिएको हो', वडाध्यक्ष सुवेदीले भन्नुभयो, 'मार्गमा केही भाग कालोपत्रे सडक पनि पर्छ ।' पहरेदेखि कश्यपधामसम्म बाटोमा मोटर पुग्छ । वडाले खासमा सराङकोटदेखि नागडाँडासम्मलाई विशेष साइकल ट्रयाकको रुपमा विकास गर्ने योजना रहेको सुनाउनुभयो । नागडाँडादेखि पवित्र धार्मिक स्थल पञ्चासेसम्मको दूरीमा पोनी ट्रेक (घोडा चढेर यात्रा गरिने) गर्न सकिने योजनाको रुपमा अघि सारिएको छ । पञ्चासे समुद्रीसहतदेखि झण्डै २५ सय मिटर उचाइमा पर्छ । हिउँदमा हिउपने स्थल हो । पञ्चासेमा बालाचतुर्दशीमा मेला लाग्छ । पञ्चासेदेखि चापाकोट-शान्तिस्तूपहुदै पातले छाँगोसम्मको दूरी पैदल मार्गको रुपमा छ । देउरालीदेखि नागडाँडासम्मको ४ किलोमिटर क्षेत्रलाई अपांग मैत्री मार्गको रुपमा विकास गरिएको छ ।

पोखरामा आउने पर्यटकलाई नयाँ पदयात्रा मार्गको स्वाद दिँदै बसाइ लम्ब्याउन यो मार्गले महत्वपूर्ण भूमिका खेल्ने विश्वास महानगरपालिकाले लिएको छ । कास्कीकोट आफैंमा



**साइकल ट्रयाकको उदघाटन गर्दै महानगरपालिकाका मेयर मानबहादुर जिसी साथमा साईक्लिङ संघका अध्यक्ष शंकर भण्डारी।**

शाहवंशीय उद्गम थलो, धार्मिक र ऐतिहासिक क्षेत्र हो । त्यसको संरक्षण र सम्वर्द्धनसँगै विकासमा वडाले चासो दिँदै आएको छ । कश्यप धामबाट महानगरपालिकासँगै कास्कीका चारै गाउँपालिका नियाल्न सकिने दाबी वडाध्यक्ष सुवेदीको छ । साइक्लिङ संघका अध्यक्ष शंकर भण्डारीले साइकल ट्र्याक खोल्नु अत्यन्तै सह्रानीय काम भएको बताउनुभयो । साइकल ट्र्याककै लागि मात्रै ट्र्याक बनाउन साइक्लिङ गर्ने विज्ञहरुसँग छलफल गरेर विकास गर्नुपर्ने उहाँको भनाइ छ ।

वडाध्यक्ष सुवेदीले कश्यप धामको नाममा रहेको ७२४ रोपनी क्षेत्रफललाई आध्यात्मिक केन्द्रको रुपमा विकास गने योजना रहेको सुनाउनु भयो । कश्यप धाम नजिकैको जंगलमा १२४ प्रजातिको जडिबुटी समेत पाइन्छ । केन्द्रीय पुरातत्व विभागले कास्कीकोट दरबार नजिकैको कोटलाई पुननिर्माण गर्न १५ महिनामा सक्ने गरी दुइकृकरोड १५ लाख रुपैयाँ उपलब्ध गराएको छ ।

*धन बस्नेत/नागरिक दैनिक*

# लिफ्टिङ प्रविधिमार्फत् मेथलाङमा एक घर एक धारा

लिफ्टिङ प्रविधि मार्फत् पोखरा १८ मेथलाङमा एक घर एक धारा उपलब्ध गराइएको छ । पोखरा महानगरपालिका र अन्य सरकारी निकायको आर्थिक सहयोगमा कुसुन्डे मेथलाङ लिफ्टिङ खानेपानी योजना सम्पन्न भएको हो ।

३५ लाखको लागतमा सम्पन्न भएको उक्त योजनाबाट ४० घर परिवारलाई एक/एक धारा उपलब्ध गराइएको कुसुन्डे मेथलाङ लिफ्टिङ खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष नमराज सुवेदीले जानकारी दिनुभयो । उक्त कार्यको लागि महानगरले २२ लाख ७० हजार सहयोग गरेको छ । स्थानीय तहको निर्वाचनको समयमा मेयर जिसीले खानेपानीको चरम हाहाकार भएको मेथलाङमा सहज रुपमा पिउने पानीको प्रबन्ध गर्ने प्रतिबद्धता जनाउनु भएको थियो ।

सुवेदीका अनुसार सराङकोटकै कुसुन्नेको मूलबाट पानी लिफ्टिङ गरी मेथलाङमा पानी वितरण गरिएको हो । मूल भएको ठाउँमा कलेक्सन, रिजर्भ ट्यांकी र पानी तान्ने मोटर राखिएको सुवेदीले जानकारी दिनुभयो । पानी मेथलाङमा पुऱ्याउन करिब ६ सय ५० मिटर जीआई पाइप विछ्याइएको र मेथलाङमा ५० हजार लिटर क्षमताको पानी ट्यांकी बनाएर घर/घरमा पानी वितरण गरिएको कार्यक्रम संयोजक गणेश देवकोटाले बताउनुभयो ।



सावक सराङकोट ६ मा पर्ने मेथलाङमा गोठादीबाट पानी ल्याइएको भएपनि पर्याप्त थिएन । एउटा धाराबाट ८ घरलाई पानी पुऱ्याउनु पर्ने वाध्यता थियो । पुरानो खानेपानी लाइन भएकाले बेला/बेलामा समस्या आउने र पानी लिनका लागि डेड घण्टा टाढा स्यानीमूल सम्म पुग्नुपर्ने अवस्था थियो । अब भने पानीको समस्या हटेको अध्यक्ष सुवेदीले बताउनुभयो । उक्त खानेपानी आयोजना पोखरा महानगरपालिका प्रमुख मानबहादुर जिसीले उद्घाटन गर्नुभएको थियो ।

पोखरा महानगरपालिकामा गाभिएका साविकका गाविसमा पिउने पानीको समस्या भएका ठाउँहरुमा एक घर एक धारा पुऱ्याउने गरी काम अघि बढेको प्रमुख जिसीले बतानुभयो । विभिन्न वडामा गरी चालु आर्थिक वर्षमा ४४ वटा खानेपानीका योजना मार्फत् एक घर एक घारा पुऱ्याउने काम भइरहेको छ । योजना मध्ये केही पुराना खानेपानीका योजनालाई मर्मत गर्ने कार्यपनि अन्तिम चरणमा पुगेको छ ।

निर्वाचनको बेला गरिएको प्रतिबद्धता अनुसार नै महानगरमा पानीको समस्या भएका ठाउँमा एक घर एक धारा पुऱ्याउने कार्यलाई आगामी वर्षको बजेटमा पनि प्राथमिकता दिइने जिसीले बताउनुभयो ।

# योजना कार्यान्वयनको व्यवहारिक पाटो



• **भरतराज पौडेल**

स्वीकृत योजनालाइ व्यवहारमा उताने कार्यलाइ योजना कार्यान्वयन भनिन्छ । जतिसुकै राम्रो योजना भएतापनि व्यवहारमा कार्यान्वयन गर्न सकिएन भने त्यसबाट कुनै प्रतिफल प्राप्त हुन सक्दैन । छिमेकी देश भारतसँगसँगै यो जनावद्ध विकासको प्रयास थालनी गरे पनि विकास र समृद्धिको यात्रामा हामीले आशासित प्रगति गर्न सकेका छैनौं । यथार्थमा हाम्रो अवस्था दयनीय छ । यसो हुनुको कारण योजनाहरुको व्यवहारिक कार्यान्वयन नहुनु नै हो ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ आएपछि स्थानीय स्तरका योजना निर्माणले गति लिएपनि स्पस्ट गतिलिन सकेन । यही असन्तुष्टिको कारक दोस्रो जनआन्दोलन बन्न पुग्यो । दोस्रे जनआन्दोलनको उपलब्धि नयाँ संविधान आएपछि तीन तहको सरकार स्थापना भएको छ । संवैधानिक लक्ष्य प्राप्त गर्न योजनाको वर्गीकरण पनि त्यसै अनुसार हुनुपर्ने हो । बिना आधार स-साना योजनामा पनि केन्द्रवाट स्वीकृत गर्ने, प्रदेश र स्थानीय सरकारबीच समन्वय अभावमा एउटै योजनामा दोहोरोपनाको समस्या बढी । संघीय व्यवस्थाको कार्यान्वयनसँगै जनअपेक्षा अनुरुपका विकास निर्माण कार्यले गति लिने नागरिकको आशा र भरोसा विस्तारै कम हुँदै गइरहेको छ । जुन लोकतन्त्रका लागि नै खतरा हो । स्थानीय सरकार निर्माण भएपछि सबैजसो स्थानीय तहले तेस्रो बजेट तथा कार्यक्रम सार्वजनिक गरिसकेका छन् । स्पष्ट लक्ष्य र नीतिको अभावमा सञ्चालित आयोजनाले कता पुगिने हो बजेट निर्मातालाइ नै त्यसको जानकारी छैन ।

कसरी बन्छन् स्थानीय स्तरका योजना

टोलस्तरदेखि योजना तर्जुमा छलफल गर्दै वडास्तर, विषयगत समिमि, कार्यपालिकाहुँदै नगर परिषद् बाट योजना पारित हुन्छ । तर्जुमा गर्ने विधि जे भएपनि यथार्थमा व्यवहारमा छलफल र बहसहुँदै हुँदैन । जनप्रतिनिधि आफ्नो क्षेत्र केन्द्रित हुने विद्यमान परिपाटी रहेसम्म हाम्रा योजना व्यवहारिक कार्यान्वयन योग्य बन्न सक्दैनन् । जसबाट असारमा निर्माण भएको योजना कार्यान्वयनको समय नआउँदै रकमान्तर, शीर्षकान्तरको दौडधुपमा लाग्नुपर्ने अवस्था सिर्जना हुन्छ । शीर्षकान्तर गरिएका आयोजना तत्कालीन आवश्यकता पूरा गर्ने बाहेक दीर्घकालीन प्रकृतिका हुने कुरै भएन ।

कार्यान्वयनको समस्या त्यस्तै छ । ११ महिना सम्म पारित योजनालाइ दराजमा थन्क्याएर राख्ने, असार महिनामा बाँकी रहेको सबै काम सक्ने हाम्रो बानी नै भइसकेको छ । असार घोषणा भएको रातो किताब, पुष माघमा बजेटको आकार बोकेर फागुन चैत्रमा कर्म क्षेत्रमा प्रवेश गर्ने तरखर गर्छ । वैशाख जेठमा उपभोक्ता समिति, ठेकेदार, कर्मचारी सम्झौताका लागि भिड्छन् । मनसुन सुरु भएपछि तामझामका साथ विकास गडगडाउन थाल्छ । रिंगटा लाग्ने गरी कामको चापले उधुम मच्चाउँछ । ढुकुटीबाट बजेट निस्कन्छ, वर्षात्को भेलसँगै बगेर जान्छ ।

**के हुन् त योजना कार्यान्वयनका समस्या**

- महत्वाकांक्षी योजना
- समयमै स्रोत साधन उपलब्ध नहुनु ।
- कार्यान्वयनमा जोखिम लिने क्षमता कमजोर रहनु ।
- योजनाको स्वामित्व कसैले पनि नलिने अवस्था ।
- दबाब समूह सशक्त नहुनु ।
- अनियमितताको आशा ।
- लामो र झन्झटिलो खरिद कानुन ।
- दक्ष, सक्षम र सवल प्रशासनिक संयन्त्र नहुनु ।
- अनुगमन र मूल्यांकन सूचकमा आधारित नहुनु ।

विकास आयोजना कार्यान्वयनका समस्या समाधान गर्ने विकास आयोजना तर्जुमा देखिकै समस्या समाधान गरिनु पर्छ ।

यौजना तर्जुमा गर्दा ध्यान दिनु पर्ने विषयहरु

- योजना तर्जुमा दिग्दर्शन बनाउने ।
- स्थानीय माग र आवश्यकतालाई ध्यान दिने ।
- अन्तरनिकाय समन्वय गर्ने ।
- योजना तर्जुमामा सूचना तथ्यांकको प्रयोग गर्ने ।
- योजना तर्जुमामा जर्भायि भााभअत कम गर्ने ।
- विगतका योजनावाट पाठ सिक्ने ।
- उपयुक्त कार्यान्वयन कार्ययोजना बनाउने ।
- योजना र बजेटबीच तालमेल मिलाउने ।
- योजना माग गर्दा बतास जस्तै लाग्ने र कार्यान्वयनमा हतास हुने अवस्था अन्त्य गर्ने ।
- bottom up approach मा जोड दिने ।

**कार्यान्वयन कसरी गर्ने**

- विस्तृत कार्ययोजना तयार गर्ने ।
- सूचक पहिचान गर्ने ।

- कार्यान्वयन संयत्रको भूमिका निर्धारण गर्ने ।
- स्रोतको व्यवस्था मिलाउने ।
- समय सीमा निर्धारण गर्ने ।
- अनुगमन गरी समस्याको निराकरण गर्ने ।
- जोखिम पूर्वानुमान गरी प्रभाव न्यूनीकरण गर्ने ।
- कार्यान्वयनका लागि सबै पक्ष प्रतिवद्ध हुने ।

अन्त्यमा नागरिकको चासो, चाहना र अपेक्षा विकास, समृद्धि र उन्नति हो । यसैको प्राप्तिका लागि विभिन्न समयमा जनआन्दोलन भएका छन् । व्यक्तिगत, सम्प्रदायगत र दलीय स्वार्थ हावी हुँदा विकासको आम स्वार्थ ओझेलमा परेको छ । प्रशासनिक सक्षमता र नागरिक खबरदारीबाट संवैधानिक लक्ष्य हासिल गर्दै आफ्नो क्षेत्रलाइ शान्त र समृद्ध र न्यायपूर्ण बनाउँदै मुलुकलाई अग्रपथमा लैजान सबै स्थानीय तहले आ-आफ्नो क्षेत्रबाट यो गदान पुऱ्याउनु नै आजको आवश्यकता हो ।

*पौडेल पोखरा महानगरपालिकाको आठौं तहको अधिकृत हुनुहुन्छ*

# आधारभूत मेलमिलाप तालिम

पोखरा महानगरका प्रमुख मानबहादुर जिसीले स्थानीय तहका विवाद मेलमिलाप मार्फत समाधान गर्न मेलमिलापकर्ताको भुमिका महत्वपूर्ण हुने बताउनु भएको छ ।

पोखरा महानगरपालिका न्यायिक समितिले आयोजना गरेको ८ दिने मेलमिलाप सम्बन्धी आधारभुत तालिमको समापन कार्यक्रममा बोल्दै प्रमुख जिसीले न्यायमा नागरिकको सहज पहुँच पुऱ्याउँदै समाजमा हुने सामान्य विवादलाई मेलमिलाप मार्फत् समाधान गर्न न्यायिक समितिको परिकल्पना संविधानले गरेको बताउनुभयो ।

उहाँले झन्झटिलो अदालती प्रक्रियालाई अन्त्य गर्दै वडातहमै विवाद समाधान गरेर दुवैले जित्ने अवस्था सिर्जना गर्न मेलमिलाप केन्द्र स्थापना गरिएको बताउनुभयो । प्रमुख जिसीले महानगरमा स्रोत र साधनको अभाव रहेको बताउँदै सीमित स्रोत र साधनलाई अधिकतम प्रयोग गरेर समाजमा रहेका विवादलाई मिलाउनुपर्ने बताउनुभयो । उहाँले नागरिकले सहज न्याय पाउने वातावरण सिर्जना गर्नुपर्नेमा जोड दिँदै पोखरा महानगरको न्यायिक समितिले अन्य स्थानीय तहबाट अब्बल काम गरेको दाबी गर्नुभयो ।

'पोखरा महानगरको न्यायिक समितिले अन्य स्थानीय तहका न्यायिक समितिले सिक्न लायक छ भन्ने गरी काम गरेको छ,' उहाँले भन्नुभयो, 'अझै कामलाई तीव्र रुपमा अगाडि बढाएर नागरिकले सहज न्याय पाउने वातावरण निर्माण गर्नुपर्छ ।'

उहाँले स्थानीय तहमा हुने विवाद अदालत पुऱ्याउने अवस्थाको अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले मेलमिलापकर्ताको भूमिका महत्वपूर्ण हुने भन्दै कुनै लोभलालचमा नपरी न्याय दिनुपर्ने बताउनुभयो । पोखरा महानगरका उपप्रमुख एवं न्यायिक समिति संयोजक मञ्जुदेवी गुरुङले मेलमिलाप मार्फत् विवादको समाधान गर्नु उत्तम उपाय भएको बताउनुभयो । उहाँले मेलमिलापले समाजमा दीगो शान्ति स्थापना र पक्ष विपक्ष दुबैले जित्ने वातावरण सिर्जना हुने बताउनुभयो । पोखरा महानगरका प्रवक्ता धनबहादुर नेपालीले समाजमा दीगो शान्ति स्थापनाका लागि मेलमिलाप मार्फत विवाद समाधान उत्तम उपाय भएको बताउनुभयो ।

कार्यक्रममा न्यायिक समिति सदस्य पार्वती कार्की, किशोर बराल, तालिमका सहभागीका तर्फबाट एकरराज न्यौपाने, शर्मिला पौडेल, शोभा गुरुङ, श्याम केसी, तिलकुमारी सुनार लगायतले विवाद समाधानको उत्तम उपाय मेलमिलाप भएको बताउँदै आठ दिने तालिम सफलदायी र प्रभावकारी भएको बताउनुभयो ।

तालिममा पोखरा महानगरका ३३ वटा वडाका ८६ जना सहभागी भएका थिए । तालिम समापनको अवसरमा सहभागीहरुलाई पोखरा महानगरका प्रमुख मानबहादुर जिसी, उपप्रमुख मञ्जुदेवी गुरुङले प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

# नगरबासीमा अनुरोध

महानगरबासीहरुले घरायसी सुरक्षा एव सोखका लागि पालेका कुकुरहरुलाई सार्वजनिक स्थल, सडक, एवं खाली जग्गामा लगेर दिसा, पिसाब गराउने जस्तो अशोभनीय कार्यले मानव स्वास्थ्यमा एवं वातावरवरणीय सरसफाइमा प्रतिकूल असर पर्ने भएकाले आफूले पालेका कुकुरहरुको शौंच कार्यको व्यवस्थापन आफ्नै घरमा कमाउन्डमा मिलाउन हुन अनुरोध गरिन्छ । यदि सार्वजनिक स्थलमा दिसा, पिसाब गराएकोपाइएमा फोहोरमैला व्यवस्थापन नियमावली बमोजिम कारबाही गरिने व्यहोरा सम्बन्धित सबैलाई सूचीत गरिन्छ । यो सम्बन्धी कुनै जानकारी दिनुलिनु परेमा पोखरा महानगरको सरसफाइ शाखाको फोन नम्बर ०६१५२८५८५ मा सम्पर्क गर्न अनुरोध गरिन्छ ।

पोखरा महानगरपालिका

# सगरमाथा आरोही गोपाललाई महानगरको सम्मान




**पोखरा महानगरपालिका प्रमुख मानबहादुर जिसी गोपाल श्रेष्ठलाई सम्मान गर्दै ।**

सगरमाथाको सफल आरोहण गरेका एचआइभी संक्रमित गोपाल श्रेष्ठलाई पोखरा महानगरपालिकाले सम्मान गरेको छ । पोखरा ७ रत्नचोक निवासी श्रेष्ठलाई महानगरमा आयोजित कार्यक्रममा पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले दोसल्ला ओढाएर सम्मान गर्नुभयो । सगरमाथा चढेर पोखराको शानलाई उचो बनाएको भन्दै श्रेष्ठलाई महानगरले सम्मान गरेको हो । ५६ वर्षीय श्रेष्ठले गत जेठ ८ गते सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेको र महानगरको लोगो समेत फरफराएका थिए ।

कार्यक्रममा महानगरका प्रमुख जिसीले सगरमाथाको सफल आरोहरण गरेकोमा श्रेष्ठलाई बधाई दिँदै साहसका साथ धैर्य भएर लागि परेमा लक्ष्यमा पुग्ने सकिने सन्देश श्रेष्ठले दिएको बताउनुभयो । 'श्रेष्ठजी प्रेरणाको स्रोत हुनु भएको छ,' जिसीले भन्नुभयो,'कुनै रोग लाग्यो भन्दैमा हीनताबोध गर्नु हुन्न भन्ने सन्देश उहाँले गरेको सगरमाथा आरोहणले दिएको छ ।' रोग लाग्दैमा कोही व्यक्ति पनि असक्षम वा कमजोर नहुने श्रेष्ठले प्रमाणित गरेको भनाइ जिसीको छ ।

कार्यक्रममा आफ्नो अनुभव सुनाउँदै श्रेष्ठले पोखरेलीले गरेको मायाले नै आफूले सगरमाथाको सफल आरोहण गर्न सकेको बताउनुभयो । 'एचआइभी संक्रमितलाई समाजमा हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन जरुरी छ', श्रेष्ठले भन्नुभयो,' हामी पनि सवल छौं भन्ने सन्देश दिन सगरमाथा चढेको हुँ, मलाई सहयोग गर्ने सबैप्रति आभारी छु ।' अनेक चुनौतीको सामना गर्दै सगरमाथाको चुचुरोमा पुगेको बताउनुभयो । उहाँले आरोहण जाँदा आफूसँगै गएका सहयात्रीलाई गुमाउनु पर्दाको पीडा सुनाउँदा निकै भावुक हुनुभएको थियो भने कार्यक्रममा उपस्थितहरुको पनि आँखा रसाएका थिए ।

महानगरपालिका प्रवक्ता धनबहादुर नेपालीले गोपाल पोखराको शान र गौरव भएको बतानुभयो । उहाँले गोपालको नाम वर्ल्ड रेकर्डमा दर्ज हुने बताउनुभयो ।

विगत २५ वर्षदेखि एचआइभी संक्रमित श्रेष्ठले सन् २०१५ मा सगरमाथा आरोहणको प्रयास गर्नु भएको थियो । त्यतिबेला भूकम्पका कारण आधार शिविरबाट फर्किनु भएका उहाँले आफ्ना ५ जना सहयात्रीलाई गुमाउनु भएको थियो । लक्ष्यबाट पछि हट्नु हुँदैन भन्दै उहाँ दोस्रो पटक एचआइभी संक्रमितहरुको प्रतिनिधित्व गर्दै सगरमाथा चढ्न जानुभयो । एचआइभी संक्रमित भएर सगरमाथा चढ्ने उहाँ पहिलो हुनुहुन्छ ।

सन् २००३ मा आफू एचआइभी संक्रमित भएको सार्वजनिक गर्नुभएका उहाँले पूर्व राष्ट्रिय फुटबल खेलाडी हुनुहुन्छ । श्रेष्ठले सगरमाथा हिमाल आरोहण गर्नुअघि भर्जिन पिक, थोरङला पास, आइसल्यान्ड पिक लगायतका विभिन्न पिक र हिमालको आरोहण गर्नुभएको थियो । उहाँको आरोहणमा सहयोग गर्न पदम पहारीको अध्यक्षतामा समिति गठन गरिएको थियो । महानगरका प्रमुख जिसीको अध्यक्षतामा भएको कार्यक्रममा महानगरका वडाध्यक्ष, कार्यपालिका सदस्य लगायतको उपस्थिति थियो ।

# सुन्तला बगैंचा व्यवस्थापनमा महानगरको सहयोग



पोखरा महानगरपालिकाकाले सुन्तलाको पकेट क्षेत्र मानिएको वडा नम्बर २१ दोपहरे लगायतका ठाउँका किसानलाई बगैंचा व्यवस्थापन गर्न आर्थिक सहयोग गरेको छ । मेयर प्रविधि मैत्री कृषि परियोजना अन्तर्गत सुन्तला बगैंचा व्यवस्थापन अभियानलाई सघाउन आर्थिक सहयोग गरेको हो । पोखरा महानगरपालिका वडा नम्बर २१ को दोपहरेमा आयोजित कार्यक्रममा पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले सुन्तलाको बगैंचा व्यवस्थापनमा सघाउन किसानलाई नगद रकम हस्तान्तरण गर्नुभयो ।

कार्यक्रममा बोल्दै प्रमुख जिसीले सुन्तलाको सामूहिक रुपमा उत्पादन र प्रवर्द्धन गर्न मेयर प्रविधि मैत्री परियोजना अन्तर्गत सुन्तलाको बगैंचा व्यवस्थापनमा महानगरले सहयोग गरेको बताउनुभयो । उहाँले महानगरले गरेको सहयोग प्रत्यक्ष रुपमा किसानले पाउँन भनेर यो कार्यक्रम ल्याएको बताउनुभयो । 'यहाँ उत्पादित सुन्तलाको मूल्य निर्धारण गर्न र उत्पादित सुन्तलाको बजार खोज्न महानगरले सहयोग गर्नेछ,' उहाँले भन्नुभयो,'स्थानीय सरकार पनि किसानको साथैमा छ भन्ने प्रत्याभूति दिलाउन महानगर लागि परेको छ ।' यस क्षेत्रलाई कास्कीमै सुन्तलाको प्रमुख केन्द्र बनाउने सोंच महानगरले लिएको भनाइ उहाँको छ ।

कार्यक्रमका वडा नम्बर २१ का वडाध्यक्ष खगराज आचार्यले विभिन्न किसान समूह बनाएर उनीहरुलाई प्रशिक्षित गराउनका लागि वडा पनि लागि परेको बताउनुभयो । उहाँले वडामा पानीको समस्या भएकाले आकाशे पानी संकलनको लागि पनि सहयोग गरेको बताउनुभयो । विभिन्न किसानहरुलाई सीप सिकाउन वडामै कृषि प्राविधिक राख्ने बारेमा पनि वडाले योजना बनाएको उहाँको भनाइ छ ।

पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनहर कडरियाले एक बोट सुन्तलाको लागि एक सय रुपैयाँका दरले सुन्तला बगैंचा व्यवथापन गर्न महानगरले किसानलाई सहयोग गरेको बताउनुभयो । उहाँका अनुसार पाँच वर्ष माथिका फल दिने ११ हजार सुन्तलाका बोटको लागि ११ लाख सहयोग गरिएको हो । किसानले २ हजार देखि ६० हजारसम्म आर्थिक सहयोग पाएको कडरियाले बताए । १ सय ६६ जना किसानलाई उहाँहरुसँग भएका फल दिने सुन्तलाको बोट अनुसार नगद रकम हस्तान्तरण गरिएको हो ।

वडा नम्बर २१ का वडाध्यक्ष खगराज आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा साविक गाविसका वडाध्यक्ष पूर्णबहादुर थापा, वडा स्तरीय कृषि सञ्जालका अध्यक्ष उमानाथ सुवेदी, सचिव खगराज न्यौपानेले चिस्यान केन्द्र आवश्यक भएको औंल्याउनु भएको थियो । वडा नम्बर २१ को कृष्ति क्षेत्रका वार्षिक साढे ४ करोडको सुन्तला उत्पादन गरेको किसानले बताएका छन् ।




# महानगरको नक्सा र एप्स

पोखरा महानगरपालिकाले सबै वडा समेटिएको नयाँ नक्सा सार्वजनिक गरेको छ । नयाँ नक्सामा पोखर ामा भएका अस्पताल, होटल, विद्यालयलगायत विविध जानकारीहरु समेटिएका छन् । यो महानरले निकाले को दोस्रो नगर नक्सा हो । नक्सा बनाउन अमेरिकी सहयोग तथा महानगर र काठमाडौं लिभिङ ल्याब्सको सहकार्य छ । नक्सामा भएका सबै विषयहरुलाई 'पोखरा एक्सप्लोर एम्सबाट हेर्न सकिने व्यवस्था मिलाइएको छ । पोखरा एक्सप्लोर एप्स एन्ड्रोइड एप्लिकेसन प्रयोग भएका मोबाइलबाट हेर्न सकिने छ ।

महानगरकी सूचना प्रविधि अधिकृत शर्मिला गौतमले जनानकारी दिनुभयो । उहाँले यो एप्समा भएका सूचनाहरु गलत भएमा प्रयोगकर्तालाई सच्याउने सुविधा भएको जानकारी समेत दिनुभयो । कार्यक्रममा बोल्दै महानगरका प्रमुख प्रशासकीय अधिकृत शेषनारायण पौडे लले नगरबासीले महानगरले ल्याएको प्रविधिको उपयोग गरेमा मात्र कामको सार्थकता हुने बताउनुभयो । उहाँले अबको जमाना 'टच टु फाइन्ड'अर्थात छोएर आफूले चाहेको कुरा पाउने भएकोले महानगरले त्यतातर्फको यात्रा तय गरेको दाबी गर्नुभयो ।

महानगर प्रमुख जिसीले हामीले महानगरबासीलाई समय अनुसारको से वा दिन खोजेको बताउनुभयो । 'अब महानगरमा फाइल बोकेर वडाध्यक्ष आउने हैन, हामी प्रविधिकै प्रयोगबाटै सबै कुरा गर्न पर्दछ ।' उहाँले भन्नुभयो । - नेपालखबर डटकम

# प्रभावकारी बन्दै उपप्रमुखसँग महिला कार्यक्रम

पोखरा महानगरपालिकाले सञ्चालन गरेको उपप्रमुखसँग महिला कार्यक्रम प्रभावकारी बनेको छ । महानगरले आर्थिक वर्ष २०७५/७६ मा सहकारी, महिला समूह र व्यक्तिलाई सस्तो व्याजमा ऋण प्रवाह गरेको छ । पोखरा महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङले महिलालाई आत्मनिर्भर बनाउँदै आय आर्जनसँग जोड्दै आर्थिक रुपमा सवल बनाउने उद्देश्यले 'उपप्रमुखसँग महिला' कार्यक्रम सञ्चालन गरिएको हो । समाजमा महिलामाथि हुने हिंसा र विभेद आर्थिक रुपमा परनिर्भरता हुँदाको परिणाम हो भन्ने ठहरसहित कार्यक्रम ल्याइएको हो । त्यसैले महिलालाई आर्थिक रुपमा सवल बनाउनुपर्छ भन्ने योजनासहित कार्यक्रम ल्याइएको उपप्रमुख गुरुङको भनाइ छ । त्यही अनुसार महानगरमा कार्यक्रम सञ्चालन गरिएको छ ।

गत आर्थिक वर्ष २०७५/७६ मा २ करोड रुपैंयाँ बजेट विनियोजन गरिएको थियो । उक्त रकम लगानी गरिएको छ । महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङले महिलाहरुको क्षमता अभिवृद्धि गराउँदै आर्थिक रुपमा सवल र सक्षम बनाउँदै उद्यमशिलताको विकास गराउने उद्देश्यले कार्यक्रम ल्याएको बताउनुहुन्छ । लैंगिक हिंसालाई न्यूनीकरण गर्दै पीडित तथा प्रभावितहरुका लागि संरक्षणात्मक सेवा उपलब्ध गराउने कार्यक्रमले उद्देश्य लिएको छ । कार्यक्रमले महिलाहरुको जीवनमा सकरात्मक परिवर्तन ल्याउने उहाँको भनाइ छ । 'पोखरा महानगरपालिकालाई महिला मैत्री महानगरपालिकाको रुपमा स्थापित गराउन महिला हिंसालाई न्यूनीकरण गर्नुपर्छ र त्यसका लागि महिलाहरु आर्थिक रुपमा सवल, सक्षम नहुदाँसम्म हिंसाबाट मुक्त हुन सक्दैन भनेर उपप्रमुखसँग महिला कार्यक्रम सञ्चालन गरिएको हो ।'

उपप्रमुखसँग महिला कार्यक्रम अन्तर्गत कृषि, व्यवसायिक र घरेलु उद्यमशिलता, रोजगार मूलक, सिपविकास, निर्माण तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमलाई प्राथमिता दिइएको छ । स्थानीय महिला समूहहरुको सक्रियतामा स्थानीय स्तरका कृषिजन्य उत्पादनको बजारीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु गरिएको छ । उपप्रमुख गुरुङको संयोजकत्वमा नौ सदस्यीय सञ्चालक समिति छ । समितिमा कार्यपालिकाका पाँच जना सदस्य, उद्यमशिलता र सीप विकासका क्षेत्रमा काम गरेका दुई जना महिला व्यवस्था कार्यविधिमा गरिएको छ । समितिले महिला सशक्तीकरण तथा सीप विकासको क्षेत्रमा कार्यरत संघ संस्थाहरुसँग समन्वय गरी कार्यक्रमहरु सञ्चालन गरेको छ । उक्त कार्यक्रमका लागि वडा स्तरबाट माग भई आएका कार्यक्रमको सञ्चालक समितिले आवश्यकता र औचित्यता हेरी कार्यक्रम अगाडि बढाउन स्वीकृति दिन्छ । सञ्चालक समितिले आवश्यक ठानेमा स्वीकृति गराएर महिला उद्यमशिलताका लागि अनुदान समेत उपलब्ध गराउन सक्ने उपप्रमुख गुरुङको भनाइ छ । कार्यक्रम सञ्चालन गर्दा विपन्न, अति विपन्न, एकल, हिंसा पीडित, अपांगता भएका महिलालाई प्राथमिकता दिएको उहाँको भनाइ छ ।

१२ सय महिला लाभान्वित

उपप्रमुखसँग महिला कार्यक्रमले महिलामा उत्साह ल्याएको छ । महिलालाई आयआर्जन मार्फत् आर्थिक रुपमा सवल र सक्षम बनाउने उद्देयले उपप्रमुखसँग महिलम कार्यक्रम सञ्चालनसँगै महिलाहरुमा उत्साह थपेको हो । सो कार्यक्रम अन्र्तगत अहिले व्यक्ति,समूह र संस्थालाई गरेर ६८ जनालाई लगानी गरिएको छ । सस्तो




व्याजमा ऋण प्राप्त गरेपछि महिलाहरु उद्यमी बन्दै आयआर्जनको कार्यमा लाग्न लागेका छन् । सहकारीसँग सहकार्य कार्यक्रम अर्न्तगत पोखरा २५ को अमूल्य महिला विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेडले ३ लाख रुपैयाँ, जनजागरण महिला विकास बहुउद्देश्यीय सहकारीले ९ लाख, वरपाण्डे थुम सामाजिक उद्यमी महिला सहकारीले ९ लाख, मिलनसार सामाजिक उद्यमी सहकारी संस्थाले ९ लाख, कास्कीकोट महिला बचत तथा ऋण सहकारी संस्थाले ९ लाख र सिर्जना महिला बचत ऋण सहकारीले २ लाख रुपैंयाँ कृषि, पशुपालन, तरकारी खेती, बाख्रापालन, उद्यमशिलताका लागि ऋण लिएर लगानी गरेका छन् ।

उपप्रमुखसँग महिला कार्यक्रम अन्तर्गत ५० उद्यमी ५ सय महिला रोजगार कार्यक्रम सञ्चालन गरिएको छ । जसको लागि ५० लाख रुपैयाँ बजेट विनियोजन गरिएको थियो । महिलाहरुलाई उद्यमी बनाउने उद्देश्यले उक्त कार्यक्रम सञ्चालन गरिएको हो । महिलालाई उद्यमी बनाउँदै रोजगारी सिर्जना गर्ने मुख्य लक्ष्य हो । महिलाले सञ्चालन गरेका आठ वटा उद्योगलाई ऋण लगानी गरिएको छ । पोखरा १९ गोस्ते महिला विकास समितिलाई तानबाट झोला बुन्न तालिमका लागि १३ लाख, महिला सीप विकास संस्था पोखरा २७ लाई उद्योग सञ्चालन गर्न १३ लाख, महिला सीप विकास समूह पोखरा १३ लाई ९ लाख ५० हजार, एस एन्ड कार्की गारमेन्टलाई २ लाख, गोरखा टेलरिङ सञ्चालनका लागि सन्तकुमारी गुरुङलाई २ लाख, सामूहिक बाख्रा पालनका लागि काँहु धरहरा प्रिमियर होमस्टेका लागि २ लाख ५० हजार, कर्णाली गारमेन्ट उद्योगलाई उद्योग प्रवर्द्धनका लागि ५ लाख र सिस्टर्स तोफु एन्ड फुड इन्डस्ट्रिजको लागि ३ लाख रुपैयाँ लगानी भएको छ । ४४ जना व्यक्तिलाई ५० हजार भन्दा माथि ऋण लगानी गरिएको छ । उपप्रमुखसँग महिला कार्यक्रम अर्न्तगत कानुनी सचेतना र शैक्षिक सहजता कार्यक्रम सञ्चालन गरिएको छ । कानुनी सचेतना पोखराका ६ वडामा सञ्चालन गरियो भने शैक्षिक सहजता ३ वडामा सञ्चालन गरियो । कानुनी सचेतना वडा नम्वर ४, ६, २२ मा सञ्चालन गरियो । शैक्षिक सहजता कार्यक्रम पोखरा वडा नम्बर ८, १५, १७ सञ्चालन गरियो । ती कार्यक्रमबाट करिब १२ सय जना लाभान्वित भएका छन् ।

# ७९ वर्षमा कखरा

उमेरले नेटो काट्यो । बुढयौलीले अक्षर ठम्याउन् मुस्किल तर आँखा तन्काउँदै कखरा पढने रहर । सहरको सुख सुविधामा भुलेका उनीहरुलाई कखरा पढने रहर थियो । त्यति मात्रै हैन अंग्रेजी अक्षर पढेर मोबाइल चलाउने एक मात्र धोको छ । सूचना र प्रविधिको युगमा सबैले मोबाइलमा कुरा गरेको देख्दा उनीहरुलाई पनि मोबाइलमा कुरा गर्ने रहर थियो । ७९ वर्षीया यमुना ढकालको पढने रहर पूरा भएको छ । इच्छा शक्ति भए उमेरले छेक्दैन भन्ने उदाहरण पोखरा महानगरपालिका नागढुंगाका आमाहरुले पुष्टी गर्नुभयो । उमेरले ६ दशक नाघेका आमाहरु हातमा कापी र कलम च्यापेर पढन कस्सिए । पोखरा महागनर पालिका वडा नम्बर ८ नागढुंगाकी मनदेवी पाइजा पहिला लेख्न र पढन सक्थिनन् तर अहिले लेख्न र पढन सक्ने हुनुभएको छ । पोखरा महागनगर पालिकाले सञ्चालन गरेको उपप्रमुखसँग महिला कार्यक्रम अर्न्तगत शैक्षिक सहजता कार्यक्रम मार्फत उहाँहरुको रहर पूरा भएको हो । ५८ वर्षीया मनकुमारी घिमिरेलाई पढने रहर थियो । तर उमेरमा पढन नपाए पनि बुढेसकालमा त्यो इच्छा पूरा भएको छ । 'पहिला उमेरमा पढन लेख्न पाइएन अहिले अवसर पाइयो,' उहाँले भन्नुभयो,'अरुले लेखेको र पढेको देख्दा रहर लाथ्यो मैले केही बुझ्थिन, अहिले लेख्न र पढन सक्ने भएकी छु ।' घिमिरेलाई एबिसिडी भन्ने थाहै थिएन अहिले बल्ल पढने र बुझ्ने मौका मिलेको छ । शिक्षाको उज्यालो घाँमबाट वञ्चितहरुका लागि उपप्रमुखसँग महिला कार्यक्रम अन्तर्गतको शैक्षिक सहजता कार्यक्रम मार्फत एयरपोर्ट टोल विकास संस्थाले पढने अवसर मिलाएको हो । मान्छेमा लगाब र इच्छा शक्ति भए उमेरले छेक्दैन भन्ने उदाहरण पाइजा र घिमिरे जस्ता ४५ जनाले पुष्टी गरेका छन् । सधै घरमा यत्तिकै बस्ने आमाहरुको दिनचर्या यति बेला बदलियो अनि हातमा कापी कलम च्यापेर पढन थाल्नुभयो । ' घरमा काम केही थिएन, त्यसै दिन बित्थ्यो तर अहिले दिन काटन सजिलो भएको छ,' धनकुमारी लामिछानले भन्नुभयो, ' क देखि ज्ञ सम्म लेख्न र पढन जान्ने भएकी छु ।' उनीहरुले धैरै कुरा नजानेपनि बुढेसकालमा औठा छापको साटो हस्ताक्षर गर्न र मोबाइल चलाउने सक्ने भए । सहरिया जीवन र सुख सयलमा बिताएकी धनकुमारीले-पहिले नपढेर दुख पाइयो तर पढ्न त गाह्रै भएको अनुभव सुनाउनुभयो । आमाहरुलाई पढाउँदै आउनु भएकी प्रशिक्षक शान्ति ढकालले भन्नुभयो, 'पहिला आउदा कलम समाउन जान्नुहुन्थेन अहिले कलम समाउने, लेख्ने र पढन जान्ने हुनुभयो ।'

तीन महिने कार्यक्रम असारमा सकिएको छ । कार्यक्रमलाई अझै तीन महिना थप गरिदिन आग्रह आमाहरुले गरेका थिए । उपप्रमुखसँग महिला कार्यक्रम मार्फत् पोखरा ८, १५ र १७ नम्बर वडामा कार्यक्रम सञ्चालन गरिएको उपप्रमुख गुरुङले बताउनुभयो । 'प्रारम्भिक अवस्थामा शिक्षा आर्जन गर्न नपाएकाहरुलाई शैक्षिक वृत्ति विकास गर्ने उद्देश्यले कार्यक्रम ल्याएका हौं', उपप्रमुख गुरुङले भन्नुभयो, ' कार्यक्रमलाई नयाँ आर्थिक वर्षमा पनि निरन्तरता दिनेछौं ।



# फेवा किनारमा माछापुच्छ्रे प्रतिविम्ब पार्क

फेवाकिनार ड्यामसाइडमा निर्माण गरिने पार्कको डिजाइन।

पोखरा १७ ड्यामसाइडस्थित ७ रोपनी जग्गामा पोखरा महानगरपालिका र गण्डकी प्रदेश सरकारको लगानीमा माछापुच्छ्रे प्रतिविम्ब पार्क बनाउन सुरु भएको छ ।

पार्कको गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ र पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले संयुक्त रुपमा शिलान्यास गर्नुभयो । शिलान्यास कार्यक्रममा बोल्दै गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले पोखराको पर्यटनको विकासलाई सरकारले प्राथमिकतामा राखेको बताउनुभयो । पोखराका तालहरु र सुन्दरताको संरक्षण गर्न पोखरा महानगरपालिकासँग प्रदेश सरकार पनि सँगै रहेको सन्देश यो कार्यक्रमले दिएको बताउनुभयो । उहाँले ताल संरक्षण विकास प्राधिकरणको गठन पनि अन्तिम चरणमा पुगेको बताउनुभयो ।

कार्यक्रममा पोखरा महानगरपालिका प्रमुख मानबहादुर जिसीले ३ वटै सरकारको समन्वयमा मात्र विकास र समृद्धि सम्भव भएको बताउनुभयो । उहाँले पार्क निर्माणसँगै पोखरामा अको पर्यटकीय गन्तव्य थपिने विश्वास व्यक्त गर्नुभयो । पोखरा महानगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत शेषनारायण पौडेलले पोखराको सुन्दरतालाई जोगाउँदै पर्यटनका थप पूर्वाधार निर्माण गर्न महानगरपालिका लागि परेको बताउनुभयो ।

फेवातालमा माछापुच्छ्रे हिमाल र राष्ट्रिय झण्डाको एकै समयमा प्रतिविम्ब देखिने गरी पार्कको डिजाइन गरिएको पोखरा महानगरपालिका सिनियर डिभिजन इन्जिनियर सोभियत खड्काले जानकारी दिनुभयो । उहाँका अनुसार पार्कमा ८० फिट अग्लो राष्ट्रिय झण्डा राखिने छ ।

फेवाताल किनारमा करिब ४ करोडको लगानीमा निर्माण गरिने पार्कमा पहिलो चरणमा ४५ मिटर पर्खाल निर्माण, जग्गा सम्याउने, पार्क भित्र पैदल मार्ग निर्माण र दुबो लगाउन ७६ लाख २९ हजारमा बिनु कन्स्ट्रक्सनले काम गरिरहेको छ । यो काम गर्न गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय र पोखरा महानगर पालिकाले आधा/आधा रकम व्योर्होने छन् ।

आगामी आर्थिक वर्षमा ३ करोडको काम गर्ने गरी तयारी गरिएको खड्काले जानकारी दिनुभयो । उहाँका अनुसार पार्क निर्माण पूरा भइसक्दा पार्कमा जाने अर्को पुल निर्माण, पानीको फोहोरा, टिकट काउन्टर, पिउने पानीको व्यवस्था, शौंचालय, बाल उद्यान, पेभेलियन, चिया पसल, खुल्ला व्यायम स्थल र ८० फिट अग्लो राष्ट्रिय झण्डा लगायतका संरचना निर्माण गरिने छ । पार्क भित्र रहेको नागको मन्दिरलाई पनि व्यवस्थित गरिने खड्काले जानकारी दिए । पार्कको डिजाइन इन्जिनियर किसान गुरुङ र सोफिया गुरुङले बनाउनु भएको हो ।

# पोखरामा रहेका रेडियो, टेलिभिजन र पत्रपत्रिका

एफएम रेडियोको संख्या

| क्र.स. | एफएम रेडियोको नामावली | ठेगाना | प्रकार | कैफियत |
|---|---|---|---|---|
| १. | हिमचुली एफएम | फिर्के - ७ पोखरा | सामुदायिक | |
| २. | पोखरा एफएम | चिप्लेढुंगा-४ पोखरा | व्यावसायिक | |
| ३. | माछापुच्छ्रे एफएम | चिप्लेढुंगा-८ पोखरा | व्यावसायिक | |
| ४. | अन्नपूर्ण एफएम | गैह्रापाटन-४ पोखरा | व्यावसायिक | |
| ५. | बिग एफएम | पोखरा -८ न्युरोड | व्यावसायिक | |
| ६. | रेडियो गण्डकी | पोखरा -९ नयाँबजार | सामुदायिक | |
| ७. | बाराही एफएम | राष्ट्रबैंकचोक पोखरा | व्यावसायिक | |
| ८. | रेडियो सराङकोट | पोखरा -४ चिप्लेढुंगा | सामुदायिक | |
| ९. | रेडियो नेपाल क्षे.प्र. केन्द्र | मालेपाटन पोखरा | सरकारी | |
| १०. | मेघा एफएम | न्युरोड पोखरा | व्यावसायिक | |
| ११. | रेडियो तरंग | तेर्सापट्टी, पोखरा | व्यावसायिक | |
| १२. | रेडियो सफलता | मासबार पोखरा | व्यावसायिक | |
| १३. | रेडियो हेमजा | हेमजा पोखरा | सामुदायिक | |
| १४. | अकला एफएम | लामाचौर पोखरा | व्यावसायिक | |
| १५. | रेडियो पश्चिम पोखरा | हेमजा पोखरा | व्यावसायिक | |
| १६. | रेडियो लेखनाथ | लेखनाथ पोखरा | व्यावसायिक | |
| १७. | रेडियो लेकसिटी | लेखनाथ पोखरा | व्यावसायिक | |
| १८. | रेडियो थ्री एन्जल | नयाँगाउँ पोखरा | सामूदायिक | |
| १९. | रेडियो जननी | सिर्जनाचोक पोखरा | व्यावसायिक | |
| २०. | रेडियो सारंगी | महेन्द्रपुल पोखरा | व्यावसायिक | |
| २१. | रेडियो गोर्खाली | सिमलचैर पोखरा | सामुदायिक | |
| २२. | नेसनल एफएम | लेखनाथ | व्यावसायिक | |
| २३. | इन्टरटेनमेन्ट एफएम | बगर | व्यावसायिक | |
| २४. | रेडियो सार्थक | जिरो किमी | व्यावसायिक | |
| २५. | एपोस्टल एफएम | बगर | व्यावसायिक | |
| २६. | अन्नपूर्ण म्युजिक एफएम | गैह्रापाटन | व्यावसायिक | |
| २७. | लाइभ एफएम | बगर | व्यावसायिक | |
| २८. | कास्की एफएम | सिर्जनाचोक | व्यावसायिक | |
| २९ | स्पिड एफएम | पुम्दिभुम्दी | व्यावसायिक | |
| ३० | रेडियो सिटी | नदीपुर पोखरा | व्यावसायिक | |
| ३१ | न्युज एफएम | बगर | व्यावसायिक | |

**टेलिभिजनको संख्या**

| क्र.स. | टेलिभिजनको नामावली | माध्ययम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | गण्डकी टेलिभिजन | केबल | नयाँबजार पोखरा | सामुदायिक |
| २. | गोल्डेन आई टेलिभिजन | केबल | चिप्लेढुंगा पोखरा | व्यावसायिक |
| ३. | फेवा टेलिभिजन | केबल | नयाँबजार पोखरा | व्यावसायिक |
| ४. | पोखरा टेलिभिजन | केबल | पृथ्वीचोक पोखरा | व्यावसायिक |

**पत्रपत्रिकाको संख्या**

| क्र.स. | पत्रपत्रिकाको नामावली | प्रकार | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | समाधान | दैनिक | पोखरा - ९ नयाँबजार | |
| २. | आदर्श समाज | दैनिक | पोखरा - ८ न्युरोड | |
| ३. | पोखरा हटलाइन | दैनिक | पोखरा - ८ न्युरोड | |
| ४. | हिमदूत | दैनिक | पोखरा - ३ तेर्सापट्टी | |
| ५. | पोखरापत्र | दैनिक | पोखरा- ९ नयाँबजार | |
| ६. | कास्की आवाज | दैनिक | पोखरा-४ गैह्रापाटन | |
| ७. | पोखरा आवाज | दैनिक | पोखरा -३ पालिखेचोक | |
| ८. | फेवा पोस्ट | साप्ताहिक | पोखरा -८ सिलमचौर | |
| ९. | ताण्डव | साप्ताहिक | पोखरा -९ नयाँबजार | |
| १०. | आरसी टाइम्स | साप्ताहिक | पोखरा -९ नयाँबजार | |
| ११. | परिज्ञान | साप्ताहिक | पोखरा -७ रत्नचोक | |
| १२. | आर्थिक आवाज | साप्ताहिक | पोखरा -८ सिर्जनाचोक | |
| १३. | पोखरेली न्युज | साप्ताहिक | पोखरा -९ नयाँबजार | |
| १४. | सराङकोट | साप्ताहिक | पोखरा १६ बाटुलेचौर | |
| १५. | हिमाली आवाज | साप्ताहिक | पोखरा -८ सिर्जनाचोक | |
| १६. | नादा टाइम्स | साप्ताहिक | | |

**नगरबासीको केही गुनासो भएमा प्रमुख प्रशासकीय अधिकृत र कुनै जानकारी वा सूचना आश्वयक परेमा सूचना अधिकारीलाई सम्पर्क गर्न अनुरोध गरिन्छ।**

प्रमुख प्रशासकीय अधिकृत
**९८५६००७१११**
**०६१-४२११०५**

सूचना अधिकारी
**०६१-५२११०४**